सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ भदौ २०८२, बिहीबार (28 Aug 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १३७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ऐनको मुद्दामा पनि झल्कियो सत्ताको अनुहार

एमाले केन्द्रीय सदस्य ऐन महर्विरुद्ध गत वर्ष परेको बलात्कारको जाहेरीमाथि प्रहरीले अनुसन्धान नै गरेन, उच्च अदालतले अनुसन्धान गर्न आदेश दिँदासमेत सरकारी वकिल कार्यालयले तामेलीमा राखिदियो, अहिले साइबर अपराधको जाहेरीमा पनि तीन घण्टामै ससम्मान घर पठायो

■ पीडित महिलाको आर्तनाद-

ममाथि राज्यले नै अन्याय गऱ्यो

घटना २ जेठ ०८० को हो। ऐन महरले मलाई अनामनगरस्थित कार्यालयमा बोलाएपछि कार्यकर्ताको हैसियतमा म गएँ। कार्यालयमै ममाथि जबर्जस्ती भयो। म प्रहरीमा जाहेरी दिने तयारीमा लागेको थाहा पाएपछि उसले 'आफू एचआइभी संक्रमित भएको' भन्दै मानसिक टर्चर र धम्की मात्रै दिएन, मोबाइल लुटेर प्रमाणहरू पनि नष्ट गरिदियो। अनेक प्रयासबिच हुलाकमार्फत दिएको जाहेरी २५ वैशाख ०८१ मा काठमाडौं प्रहरी परिसरमा दर्ता भयो। तर, प्रहरीले घटनाको अनुसन्धान नै गरेन। अनुसन्धान रोक्न सरकारी वकिलको कार्यालयले जाहेरी नै तामेलीमा राखिदियो। त्यसविरुद्ध उच्च अदालत पाटन पुगेँ। उच्चले घटनाको अनुसन्धान गर्न प्रहरीलाई आदेश दियो। न्याय पाउने आशामा थिएँ। तर, फेरि सरकारी वकिल कार्यालयले तामेलीमै राख्ने निर्णय गऱ्यो। राज्यशक्तिको बलमा उल्टै महरदम्पतीले मविरुद्ध पाँचवटा जाहेरी प्रहरीमा दर्ता गराए। तीनवटा जाहेरीमा मलाई पक्राउ गरेर ५० दिन हिरासतमा राखिसकेको छ। दुई जाहेरी अझै विचाराधीन छन्। ममाथि मुद्दामाथि मुद्दा लगाएर अत्याचार गरेका छन्, जबकि पीडित म हुँ। मविरुद्ध टर्चर सकिएको छैन। सामाजिक सञ्जालमार्फत मेरो चरित्रहत्या गर्ने क्रम जारी छ। मेरो जाहेरी बल्लतल्ल दर्ता भए पनि सत्ताको आडमा उसले उन्मुक्ति पाएको छ। मलाई राज्यले नै अन्याय गऱ्यो।

टेकराज थामी/नयाँ पत्रिका

सामाजिक सञ्जालबाट पटक-पटक चरित्रहत्या गरेको भन्दै पीडित महिलाले उजुरी दिएपछि अदालतबाट पक्राउ पुर्जी जारी भए पनि एमाले केन्द्रीय सदस्य ऐन महरले सत्ताको आशीर्वादमा हिरासत बस्नबाट उन्मुक्ति पाएका छन्। पक्राउ छल्न बुधबार दिउँसो आफैँ भोटाहिटीस्थित प्रहरीको साइबर ब्युरो पुगेका महरलाई म्याद थप प्रक्रियाका लागि काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालय पुऱ्याइएको थियो। तर, सरकारी वकिलले म्याद थपका लागि जिल्ला अदालत नै नलगी हाजिरी जमानीमा छाड्ने निर्णय गरेर महरलाई तीन घण्टामै ससम्मान घर पठाएको छ। महरलाई पक्राउ गर्न काठमाडौं जिल्ला अदालतले नै अनुमति दिएको थियो।

» पृष्ठ २ मा क्रमशः

पीडित महिलाले न्याय खोज्दा बारबार सत्ताशक्तिको दुरुपयोग



■ महरदम्पतीको जाहेरीमा उल्टै

५० दिन हिरासतमा राखिइन् पीडित महिला

सामाजिक सञ्जालबाट पटक-पटक चरित्रहत्या गरेको जाहेरीमा एमाले नेता ऐन महर र उनकी श्रीमती सनुजाले सत्ता र शक्तिको आडमा हिरासत बसाइबाट उन्मुक्ति पाए। तर, महरदम्पती र उनका आफन्तले महिलाविरुद्ध दिएका यस्तै जाहेरीमा भने शक्तिकै आडमा उनलाई ५० दिन हिरासतमा राखिएको थियो। महिलाविरुद्ध प्रहरीमा फरक-फरक मितिमा पाँच जाहेरी दर्ता गराएका थिए। जसमध्ये एउटा आपराधिक लाभ कसुरसँग सम्बन्धित छ भने बाँकी चार साइबर अपराध कसुरसँग सम्बन्धित छन्। महरले साइबर ब्युरोमा एउटा र जिल्ला प्रहरी परिसरसमा आपराधिक लाभसम्बन्धी अर्को उजुरी दर्ता गरेका छन्। साइबर अपराध कसुरमा २ वैशाख ०८१ मा पक्राउ गरेर उनलाई १८ दिन हिरासतमा राखिएको थियो। त्यस्तै, आपराधिक लाभको कसुरमा ५ मंसिर ०८१ मा पक्राउ गरेर २५ दिन हिरासतमा राखिएको थियो। महरकी श्रीमती श्रेष्ठले साइबर अपराधमै दिएको अर्को जाहेरीपछि ८ माघ ०८१ मा पक्राउ परेकी उनलाई सात दिन हिरासतमा राखिएको थियो। सत्ता र शक्तिको अन्याय खेपिरहेकी ती महिलाका अनुसार साइबर ब्युरोमा अझै दुई जाहेरी विचाराधीन छन्। दुवै महरका सहयोगीले दर्ता गराएका हुन्। 'महरदम्पतीले मविरुद्ध तीनवटा जाहेरी दर्ता गरेर नपुगेर सहयोगीको नाममा थप दुई जाहेरी दर्ता गराएका छन्। ५० दिन मलाई हिरासतमा राखियो। ममाथि मुद्दामाथि मुद्दा लगाएर हत्याचार गरेका छन्, जबकि पीडित म हुँ,' उनले गुनासो गरिन्।

■ **तर, महरविरुद्धको बलात्कारको जाहेरीमा समेत प्रहरीले अनुसन्धान नै गरेन, उच्चको आदेशपछि पनि सरकारी वकिलले उजुरी तामेलीमा राखिदियो**

एमाले नेता महरविरुद्ध चरित्रहत्याको जाहेरी दिएकी महिलाले यसअघि २५ वैशाख ०८१ मा उनीबाटै आफू बलात्कृत भएको जाहेरी दिएकी थिइन्। तर, यस्तो जघन्य अपराधको जाहेरीमा समेत प्रहरीले अनुसन्धान नै गरेन। सरकारी वकिलको कार्यालयले त जाहेरी नै तामेलीमा राखिदियो। पीडित महिलाका अनुसार महरबाट उनी २ जेठ ०८० मा बलात्कृत भएकी थिइन्। अनामनगरस्थित कार्यालयमा बोलाएर बलात्कार गरेको उनको आरोप छ। त्यतिवेलै प्रहरीमा जाहेरी दिने तयारी गरेको सूचना पाएपछि महरले 'आफू एचआइभी संक्रमित भएको' भन्दै मानसिक टर्चरसँगै धम्की दिएको उनले बताइन्। यसबिच जिल्ला प्रहरी परिसर काठमाडौंमा जाहेरी लिएर जाँदा दर्ता गर्न नमानेको उनको गुनासो छ। आफू न्यायिक प्रक्रियामा लागेको थाहा पाएपछि २४ असोज ०८० मा महरले मोबाइल लुटेर प्रमाणहरू नष्ट गरेको बताइन्।

अनेक प्रयासबिच पीडितले हुलाकमार्फत दिएको जाहेरी २५ वैशाख ०८१ मा काठमाडौं प्रहरी परिसरमा दर्ता भयो। तर, प्रहरीले घटनाको अनुसन्धान नै गरेन। अनुसन्धान रोक्न सरकारी वकिलको कार्यालयले जाहेरी नै तामेलीमा राखिदियो। त्यसविरुद्ध पीडित उच्च अदालत पाटन पुगिन्। उच्चले ९ माघ ०८१ मा घटनाको अनुसन्धान गर्न प्रहरीलाई आदेश दियो। तर, फेरि सरकारी वकिल कार्यालयले ३१ वैशाखमा जाहेरी तामेलीमा राख्ने निर्णय गऱ्यो। 'प्राप्त प्रमाण सर्सर्ती अध्ययन गर्दा मुद्दा चलाउनका लागि आवश्यक प्रमाण फेला नपरेकाले उहाँको जाहेरी हामीकहाँ तामेलीमा छ,' काठमाडौं सरकारी वकिलको कार्यालयका प्रमुख सहन्यायाधिवक्ता रामहरि काफ्लेले भने। तर, अदालतको आदेशसमेत कार्यान्वयन नभएपछि पीडित महिला मर्माहत छिन्। 'म ऐन महरबाट बलात्कृत भएँ। सोही कारण मैले मानसिक टर्चर खेर्पे। धम्की सहेँ। मेरो परिवार बिग्रियो। बल्लतल्ल जाहेरी दर्ता भयो। तर, घटनाको अनुसन्धान भएन,' उनले भनिन्, 'म उच्च अदालत पाटन गएँ। उच्चले घटनाको अनुसन्धान गर्न आदेश दियो। तर, त्यो पनि कार्यान्वयन भएन।'

■ सामाजिक सञ्जालमा गालीगलौज गरेको कसुरमा आरोपीलाई हिरासतमा राखेर अनुसन्धान गरेका नजिर

- सामाजिक सञ्जालमा गालीगलौज तथा चरित्रहत्याको कसुरमा आरोपीलाई हिरासतमै राखी अनुसन्धान गरिएका नजिर छन्। ३ भदौमा मकवानपुरको मनहरी गाउँपालिका- ३ का ३९ वर्षीय मंगलसिंह प्रजाविरुद्ध एक महिलाले चरित्रहत्या कसुरमा उजुरी गरेकी थिइन्। ब्युरोले उनलाई तत्काल पक्राउ गऱ्यो। बयान लिएर म्याद थपका लागि सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालत काठमाडौं लिएर गयो। उनीविरुद्ध दुई दिनको म्याद थप भएको थियो।
- ८ असारमा भारत बिहार बेतिया सुनलपट्टीका २० वर्षीय अम्मरनाथ कुमारविरुद्ध चरित्रहत्या गरेको कसुरमा जाहेरी पऱ्यो। ब्युरोको टोलीले उनलाई तुरुन्तै पक्राउ गऱ्यो। अनुसन्धानका लागि भन्दै उनीविरुद्ध पाँच दिनको म्याद थप भयो। उनलाई प्रहरीले धादिङको धुनीबेंसीबाट भाग्दै गरेको अवस्थामा पक्राउ गरेको थियो।
- १९ असारमा ललितपुर गोदावरी नगरपालिका- १४, बाँडेगाउँका ३३ वर्षीय गुञ्जन राईविरुद्ध ब्युरोमा जाहेरी परेको थियो। सामाजिक सञ्जालमार्फत चरित्रहत्या गरेको अभियोग उनीमाथि थियो। प्रहरीले उनलाई तुरुन्तै पक्राउ गऱ्यो। हिरासतमा राखिएका उनीविरुद्ध अदालतबाट तीन दिनको म्याद थप भएको थियो।
- बुधबार मात्रै रास्वपा केन्द्रीय सदस्य डा. अरनिको पाण्डेलाई पनि यस्तै कसुरमा साइबर ब्युरोले थप अनुसन्धानका लागि हिरासतमा लिएको छ। उनीविरुद्ध बिहीबार अनुसन्धानका लागि म्याद थप गर्ने तयारी छ।

तर, बलात्कारको आरोपसमेत लाग्दै आएका एमाले नेता ऐन महरलाई उनै पीडितले चरित्रहत्या गरेको जाहेरी दिएकोमा अदालतको पक्राउ पुर्जीका आधारमा प्रहरीमा उपस्थित भए पनि सरकारी वकिलको कार्यालयले हाजिरी जमानीमा घर फर्किन छुट दिएको छ। महर र पाण्डे दुवैको कसुरमा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ नै प्रयोग गरिएको छ।

■ राष्ट्रिय सभामा संघीय निजामती विधेयक



विधायन समितिले हटायो अतिरिक्त सचिव, १० प्रतिशत सहसचिव खुला प्रतिस्पर्धाबाट लिने

(विस्तृत पृष्ठ ३)

समाजवादउन्मुख समृद्धिको बाटो



अग्रलेख

● इन्द्रप्रसाद गोतामे (जगतजंग)

समाजवादको नयाँ र उन्नत विकल्पको प्रतिस्पर्धा गर्ने व्यावहारिक बाटो नै आजको वैज्ञानिक समाजवादसम्म पुग्ने बाटो हो

(पृष्ठ ४)

वाङ यीको भ्रमणले सुधारिएको छैन भारत-चीन सम्बन्ध



वासिंटनसँगको सम्बन्ध बिग्रिँदै जाँदा नयाँदिल्लीले बेइजिङसँगको तनाव घटाउने प्रयास गरेको छ। यसै सन्दर्भमा नयाँदिल्लीको आमन्त्रणमा चिनियाँ विदेशमन्त्री भारत पुगे। तर, चिनियाँ विदेशमन्त्रीको भ्रमणले मात्र चीनसँगको सम्बन्ध सुधारिनेछ भन्ने सोच्नु मूर्खता हुनेछ।

(विस्तृत पृष्ठ ५)

लुम्बिनी परिसरका उद्योग र कारखाना सार्न सर्वोच्चको परमादेश



सर्वोच्चले भन्यो- लुम्बिनी मासिएमा अर्को लुम्बिनी बन्न सक्दैन। उद्योग सार्न सकिन्छ। लुम्बिनी आर्फैमा ठुलो आध्यात्मिक उद्योग हो। अन्य उद्योगसँग लुम्बिनीको तुलना गर्न मिल्दैन।

सात दिनभित्र सूचीकरणमा नआउने सामाजिक सञ्जाललाई निष्क्रिय बनाइने

मेटा, एक्सजस्ता सामाजिक सञ्जालले सञ्चार मन्त्रालयको निर्देशन नटेरेपछि मन्त्रिपरिषद्बाटै निष्क्रिय पार्ने निर्णय

(विस्तृत पृष्ठ ६)

NIMB AUTO LOAN @6.29% p.a.

एससिओ सम्मेलनमा भाग लिन प्रधानमन्त्री ओली शनिबार चीन जाँदै

नयाँ पत्रिका



प्रधानमन्त्री ओलीले तियान्जिनमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग र बेइजिङमा उपराष्ट्रपति हान झेङसँग भेटवार्ता गर्नेछन्

प्रधानमन्त्री केपी ओली सांघाई कोअपरेसन अर्गनाइजेसन (एससिओ)को सम्मेलनमा सहभागी हुन शनिबार चीन जाने भएका छन्। चीनको तियान्जिन सहरमा आइतबार र सोमबार एससिओ र एससिओ प्लसको शिखर सम्मेलन आयोजना हुँदै छ।

■ ल्हासाका महावाणिज्यदूत र तिब्बतको वैदेशिक मामिला कार्यालयका महानिर्देशकबिच भेट

लिपुलेकबारे भएको भारत-चीन सहमतिप्रति महावाणिज्यदूतको चासो, तत्कालै विदेश मन्त्रालयमा पठाइदिने महानिर्देशकको जवाफ

चिनियाँ राष्ट्रपति सी जिनपिङको निमन्त्रणामा प्रधानमन्त्री ओली त्यसतर्फ जान लागेको परराष्ट्र मन्त्रालयले जनाएको छ। परराष्ट्रले बुधबार सार्वजनिक गरेको चीन भ्रमणको कार्यतालिकामा प्रधानमन्त्री ओलीको तियान्जिन सहरमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग र बेइजिङमा उपराष्ट्रपति हान झेङसँग भेटवार्ता तय भएको छ।

प्रधानमन्त्री ओलीले सोमबार तियान्जिनमा एससिओ प्लस शिखर सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम छ। परराष्ट्रको विज्ञप्तिमा भनिएको छ, 'शिखर सम्मेलनको अवसरमा सहभागी अन्य राष्ट्रप्रमुखहरूसँग पनि प्रधानमन्त्री ओलीले भेटवार्ता गर्नुहुनेछ।'

» पृष्ठ २ मा क्रमशः



वीरगन्जपछि पोखरिया र कलैयामा पनि हैजा, अझै पत्ता लागेन संक्रमणको स्रोत

■ **आरडिटी परीक्षणमा १४१ जनामा हैजा पुष्टि, पुष्टि भएका ८४ सहित २७१ जना अस्पतालमा उपचारत, झाडापखालाका बिरामीमध्ये ३५ जना आइसिसियूमा**

■ डा. मनिता प्याकुरेल भन्छिन्- **रेस्पोन्समा ढिलाइ गर्दा भयावह भएर नियन्त्रणमा कठिन हुन सक्छ**



तराईमा गर्मीयाममा हैजा हुन्छ। एकजनामा हुनेबित्तिकै अर्कोमा सर्नलाई समय लाग्दैन। हाम्रो दैनिकी र सरसफाइले यसमा फरक पार्छ। नियन्त्रणको र ल्याब परीक्षणको रेस्पोन्स ढिलो हुँदा भयावह रूप लिन्छ। परीक्षण गरेको रिपोर्ट आउँदासम्म धेरैमा फैलिसक्छ, त्यसकारण कोलेराको एउटा मात्र केस देखिए पनि आइसोलेट गर्नुपर्छ।

वीरगन्जमा **तिवारी यादव**
बारामा **इन्दीप कोइराला**

वीरगन्जमा फैलिएको हैजा बुधबार मात्र पर्साकै पोखरिया र बाराको कलैयामा पनि देखिएको छ। तर, पाँच दिनअघिदेखि वीरगन्जबाट फैलिएको हैजाको कारण भने अझै पत्ता लागेको छैन। हालसम्म आरडिटी परीक्षणमा १४१ मा हैजा

» पृष्ठ २ मा क्रमशः

■ कहिले कतिमा देखियो हैजा ?

● शनिबार : ४१ **जना** ● आइतबार : ३६ **जना** ● सोमबार : २२ **जना** ● मंगलबार : २१ **जना** ● बुधबार : २० **जना (वीरगन्ज १५/पोखरिया ५), बाराको कलैयामा पनि १ जना**



वीरगन्जको नारायणी अस्पतालमा उपचाररत हैजा संक्रमित, नारायणी अस्पतालमा पुगेका २२६ मध्ये ११० जनामा आरडिटी जाँच गर्दा ४८ मा हैजा देखिएको छ। हैजा र झाडापखालाका १६२ बिरामी निको भएर घर फर्किएका छन्। ६४ जना अझै उपचारत छन्। तीमध्ये ६ जनाको आइसियूमा उपचार भइरहेको छ।

■ कुन पानीमा हैजाको जीवाणु थियो, पत्ता लगाउन कठिन भइरहेको छ

● **डा. प्रकाश बुढाथोकी**, प्रवक्ता, स्वास्थ्य मन्त्रालय



दूषित पानीबाटै हैजा फैलिएको हो। धारा, डिप बोरिङ, ट्यांकरबाट पानी वितरण हुन्थ्यो, कुन पानीमा हैजाको जीवाणु थियो, पत्ता लगाउन कठिन भइरहेको छ, हैजाको शंका लागेपछि पानीमा क्लोरिन राखिएको थियो, क्लोरिन राखेपछि हैजा हो वा होइन भन्ने थाहा हुँदैन, हामी क्लोरिन नहालेको पानी खोजिरहेका छौं।

रविको निवेदनमा उच्चले माग्यो जिल्ला अदालतको कैफियत प्रतिवेदन र सक्कल मिसिल

नयाँ पत्रिका

रास्वपा सभापति रवि लामिछानेले थुनामुक्तिको माग गर्दै दिएको निवेदनमा उच्च अदालत तुलसीपुर, बुटवल इजलासले जिल्ला अदालतको कैफियत प्रतिवेदन र सक्कल मिसिल मागेको छ। न्यायाधीश सागर विष्टको बुधबारको एकल इजलासले रुपन्देही जिल्ला अदालतको २६ साउनको आदेशको कैफियत प्रतिवेदन र सक्कल मिसिल झिकाउन आदेश दिएको हो।

अदालतका सूचना अधिकारी रामबहादुर कुँवरका अनुसार कैफियत र मिसिल प्राप्त भएपछि मुद्दाको पेसी संयुक्त इजलासमा चढ्नेछ। बुधबार लामिछानेका तर्फबाट कानुन व्यवसायी महेन्द्र पाण्डेय र बाबुराम पाण्डेयले बहस गरेका थिए।

सहकारी ठगीमा आफ्नो संलग्नता नभएको बताउँदै आएका लामिछाने आफ्नो भागको बिगोबराबरको बैंक जमानत बचत फिर्ताको सुनिश्चित आफूबाटै गर्नका लागि भएको दाबी गर्छन्। उनले आफ्नो भागको बिगोबराबरको जमानत लिएर रिहा गर्न माग गर्दै रुपन्देही जिल्ला अदालतमा १९ साउनमा निवेदन दिएका थिए। तर, जिल्लाले थुनामुक्त गर्न मानेको थिएन।

सुप्रिम सहकारीको सामूहिक बिगो १० करोड ९९ लाख ३६ हजारको चार भागको एक भाग अर्थात् दुई करोड ७४ लाख ८४ हजारबराबरको बैंक जमानतसहित उनले निवेदन दिएका थिए। तर, रुपन्देही अदालतका न्यायाधीश नारायणप्रसाद सापकोटाको २६ साउनको इजलासले बिगो अस्वीकार गर्दै थुनामै पठाउन आदेश गरेको थियो। त्यही आदेशविरुद्ध लामिछाने उच्च गएका हुन्।

लामिछानेले जिल्लाको आदेश बदर गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७१ बमोजिम थुनामुक्तिको माग गरेका छन्। दफा ६८ मा 'अदालतले धरौटी, जमानत वा बैंक जमानत लिई तारिखमा राख्न सक्ने' व्यवस्था छ। त्यस्तै, दफा ७१ मा कारबाहीको जुनसुकै अवस्थामा पनि जमानतमा राख्न सकिने व्यवस्था छ। 'मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए तापनि अदालतले प्रमाण बुझ्दै जाँदा अभियुक्तलाई अवस्थाअनुसार दफा ६८ बमोजिम निजसँग धरौटी, जमानत वा बैंक जमानत माग्न सक्नेछ,' दफा ७१ मा भनिएको छ, 'दफा ६७ वा दफा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छोड्ने आदेश दिन सक्नेछ।'

यसअघि रुपन्देही कारागार, भैरहवामा राखिएका उनी ३१ साउनदेखि ललितपुरस्थित नक्खु कारागारमा अड्डासार भएका छन्।

रुबीको हत्या स्वीकार गरेका लक्ष्मण पासवानको मृत्यु

पासवान १४ वर्षअघि रुबीलाई अपहरण गरेको आरोपमा १७ दिन हिरासतमा बसेर छुटेका थिए

रौतहटमा **अशोक पहाडी**

रौतहटको माधवनारायण नगरपालिका- ६ माधोपुरकी रुबीकुमारी साह हत्याका मुख्य आरोपी लक्ष्मण पासवानको पनि मृत्यु भएको छ। जलेको अवस्थामा बुधबार भेटिएका पासवानलाई उपचारका लागि काठमाडौंको कीर्तिपुरस्थित बर्न अस्पताल लगिएकोमा उपचारका क्रममा बुधबार साँझ मृत्यु भएको हो।

पेट्रोल छर्केर आफ्नो शरीरमा आगो लगाई गम्भीर घाइते अवस्थामा पक्राउ परेका पासवानलाई गरुडास्थित बेटर नेपाल हस्पिटलमा उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौं रेफर गरिएको थियो। आफ्नो शरीरमा आफैं आगो लगाउनुअघि करिब नौ मिनेटको भिडियो सन्देशमा पासवानले रुबीको हत्या गरेको स्वीकार गरेका थिए। माधवनारायण नगरपालिका- ६ स्थित खेतमा पासवानको जलेको शरीर प्रहरीले फेला पारेको थियो। उनले आफ्नो शरीरमा आफैंले आगो लगाएर गम्भीर घाइते भएका थिए।

रुबी केही समयदेखि गौरमा आफ्नी आमासँग बस्दै आएकी थिइन्। गत आइतबार सुटकेसभित्र रुबीको शव फेला परेको थियो।

भिडियो सन्देशमा उनले रुबीको हत्या आफैंले गरेको स्विकारे पनि प्रमुख दोषी रुबीकी आमा नै रहेको आरोप पनि लगाएका छन्। घटनाका मुख्य अभियुक्त लक्ष्मण पासवानले भिडियो सन्देशमा रुबीकी आमाकै कारण उसको हत्या गर्नुपर्ने अवस्था आएको बताएका थिए। उनले भिडियो सन्देशमा रुबीको हत्या कसरी र किन भएको भन्ने कुरा खुलाएका छैनन्। तर, उनले आफूहरूबिचको प्रेमसम्बन्धकै कारण यस्तो अवस्था आएको बताएका छन्। रुबीसँग कक्षा १० मा पढ्दा आफ्नो प्रेम भएको, जिल्ला अदालत सर्लाही र भारतको सीतामढीस्थित अदालतमा आफूहरूको कोर्ट म्यारिज भए पनि रुबीकी आमा र दुवै घरपरिवारले आफूहरूको विवाह स्वीकार नगरेको पासवानले भिडियोमा उल्लेख गरेका छन्। भिडियोमा राजन, राजु, राजा र रुबीकी आमा यो घटनाका मुख्य दोषी रहेको दाबी गरेका थिए।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४५२१८६१/६२/६३

कर्जा नतिर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति डेभलपमेन्ट बैंक आफूले सकार गरी लिने सम्बन्धी ७ दिने सूचना

सूचना प्रकाशित मिति : २०८२/०५/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट निम्न बमोजिमको ऋणीले म्याद भित्र कर्जा चुक्ता भुक्तान नगरेको र धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्न सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गर्दा समेत कर्जा चुक्ता नभएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कर्जाको सम्पूर्ण साँवा ब्याज भुक्तानी गरी आफ्नो घर/जग्गा फुकुवा गराउन सम्बन्धित ऋणी र जमानी दिनुहुने महानुभावहरू समेतलाई अन्तिम पटक यो सूचनाद्वारा जानकारी गराइन्छ। उल्लेखित मिति भित्र पनि कर्जा चुक्ता नगरेमा तपसिल बमोजिम यस डेभलपमेन्ट बैंकमा धितोमा रहेको अचल सम्पत्ति डेभलपमेन्ट बैंक आफैले सकार गरी लिने हुँदा सम्बन्धित ऋणी र धितो जमानी दिनुहुने महानुभावहरू समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणी : मो.रोशन आलम बाबुको नाम : इलियास मिया बाजेको नाम : मो.सुलेमान मिया ठेगाना : वि.न.-२१, मोरङ ना.प्र.नं. : ३३३३५, जारी मितिः २०५४/११/०६ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ **कर्जा लिएको शाखा : टंकीसिनवारी, मोरङ**	क) नाम : हुस नारा खातुन बाबुको नाम : नइम मिया पतिको नाम : मो. रोशन आलम ससुराको नाम : इलियास मिया ठेगाना : विराटनगर-२१, मोरङ ना.प्र.नं. : ५७७६०, जारी मितिः २०५८/०२/०३ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ
सुरक्षणमा रहेको धितोको विवरणः श्री मालपोत कार्यालय बिराटनगर, मोरङमा मो. रोशन आलमको नाममा दर्ता कायम रहेको मोरङ जिल्ला, जतुवा कठकुप्पा वडा नं. ०२ ग स्थित कित्ता नं. ११४७ र ९१० को क्षेत्रफल क्रमशः ९८२ र २२०.०९ वर्ग मिटर रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

Dakshinkali municipality
Office of the municipal executive
Pharping, Kathmandu
Bagmati Province, Nepal

Invitation for Electronic Bids

Date-2082-05-12

Dakshinkali Municipality, Office of Municipality Executive invites electronic bids from Nepalese eligible bidders for the Procurement of construction works in Dakshinkali Municipality under National Competitive Bidding (NCB) procedures. For further information visit the public procurement website www.bolpatra.gov.np/egp or the website of this office, www.dakshinkalimun.gov.np.

Notice No.	Description of Works	Total Estimated Amt. (Ex. of Vat and Cont.) Nrs.	Bid Security Amt. (Nrs.)	Bid Validity Period	Bid Document Fee(Nrs.)	Remarks
DM/NCB/WORKS/ 2082-83/01	Chalnakhel-Bosan-Kirtipur sadak, Dakshinkali-01	-	7,50,000/- (Seven lakh fifty thousand only)	120 days	5000/-	M.A.A.C.T. - Best 3 years within last 10 years = Nrs. 3,88,84,000/- Minimum Work Experience of similar size and nature = Nrs. 1,55,54,000/-
DM/NCB/WORKS/ 2082-83/02	Krishna Mandir-lakurebot hudei mul sadak jney sadak da.na.pa 09	-	7,50,000/- (Seven lakh fifty thousand only)	120 days	5000/-	M.A.A.C.T. - Best 3 years within last 10 years = Nrs. 3,85,00,000/- Minimum Work Experience of similar size and nature = Nrs. 1,53,90,000/-
DM/NCB/WORKS/ 2082-83/03	Hasidol-Simpani Moterbato Nirman, Dakshinkali-08	-	7,50,000/- (Seven lakh fifty thousand only)	120 days	5000/-	M.A.A.C.T. - Best 3 years within last 10 years = Nrs. 3,88,45,000/- Minimum Work Experience of similar size and nature = Nrs. 1,55,38,000/-

Dakshinkali Municipality

सरकारको वैधता विवाद

कागज झिकाउने सर्वोच्चको आदेश, १७ भदौका लागि अर्को पेसी

नयाँ पत्रिका



संसद्मा वर्तमान सरकारको वैधता परीक्षणसम्बन्धी एक रिटमा सर्वोच्च अदालतले कागज झिकाउने आदेश गरेको छ। अन्तरिम आदेश दिने वा नदिनेबारे बुधबार दुवै पक्षलाई छलफलका लागि डाकिएकोमा सर्वोच्चले १७ भदौका लागि अर्को पेसी तोकेको छ।

सर्वोच्चका सूचना अधिकारी नीराजन पाण्डेका अनुसार न्यायाधीशहरू महेश शर्मा पौडेल र नृपध्वज निरौलाको इजलासबाट कागजसहित १७ भदौको पेसी तोक्न आदेश भएको हो। 'छलफलका लागि आए पनि कागज नल्याएपछि पक्षबाट कागज पेस गराउने आदेश भएको हो,' उनले भने। यसअघि सुनीलकुमार पोखरेलको इजलासले कारण देखाऊ आदेश जारी गर्दै दुवै पक्षलाई छलफलमा झिकाएको थियो।

निवेदक तथा अधिवक्ता वीरेन्द्र केसीले ५ भदौमा प्रधानमन्त्री केपी ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सभामुख देवराज घिमिरे, संघीय संसद् सचिवालय तथा राष्ट्रपति कार्यालयलगायतलाई विपक्षी बनाई रिट दर्ता गराएका थिए। जनता समाजवादी पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टीले समर्थन फिर्ता लिएका थिए।

संवैधानिक प्रावधानबमोजिम विश्वासको मत लिनुपर्नेमा प्रधानमन्त्रीले नलिएको भन्दै रिट दर्ता भएको थियो। नागरिक उन्मुक्तिले पनि सरकारलाई समर्थन नदिने र विपक्षीको भूमिकामा रहने भन्दै उक्त दलका तर्फबाट मन्त्री रहेका अरुणकुमार चौधरीले राजीनामा दिएका थिए। नाउपाले उक्त निर्णय २२ असार ०८२ मै लिएको थियो। यस्तोमा प्रधानमन्त्री ओलीले विश्वासको मत लिनुपर्ने, तर नलिएकाले कामचलाउ सरकारमा परिणत भएको दाबीसहित रिट दर्ता भएको थियो।

सरकार पक्ष हुनु भनेको मन्त्री पद लिई सरकारमा बस्नु मात्र हो वा सरकारलाई समर्थन दिई सरकार निर्माणमा सहयोग गरेको, संसद्मा सरकार नभई विपक्षीको सिटमा बस्ने दललाई विपक्ष वा सरकार के मान्नेजस्ता विषय निरूपण हुनुपर्ने निवेदकको माग थियो। हालको मन्त्रिपरिषद्को संवैधानिक हैसियत समाप्त भइसकेकाले प्रधानमन्त्री तथा मन्त्रीको पद रिक्त भएको र सरकार कामचलाउ भइसकेका कारण धारा ७६ अनुसार राष्ट्रपतिबाट अर्को सरकार गठनका लागि आह्वान गरिनुपर्ने माग रिटमा छ।

प्रारम्भिक सुनुवाइ गर्दै एकल इजलासले मुख्य गरी ४ प्रश्नको निरूपण गर्नुपर्ने भन्दै दुवै पक्षलाई पेसीको जानकारी दिई उपस्थित हुन भनेको थियो। धारा १००(२) ले प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने व्यवस्था गरेको छ। यस्तोमा प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने वा नपर्ने तथा जनता समाजवादी पार्टीले समेत समर्थन फिर्ता लिएको अवस्थामा यो धारा आकर्षित हुने वा नहुने तथा यसको परिपालनाको अभावमा अन्तरिम आदेश जारी हुन सक्ने हो वा होइन, स्पष्ट हुन दुवै पक्षको कुरा सुन्नुपर्ने ठहर उक्त इजलासको थियो।

प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारमा सहभागी नागरिक उन्मुक्तिले २२ असारमै समर्थन फिर्ता लिएको, तर सोको ३० दिनभित्र प्रधानमन्त्रीले प्रतिनिधिसभाको विश्वासको मत नलिएको अवस्थामा सरकारको वैधानिकतामा प्रश्न खडा हुने वा नहुने र सरकार काम चलाउमा परिणत हुने वा नहुने स्पष्ट पार्नुपर्ने देखिएको सर्वोच्चको ठहर छ।

साथै, संविधानको धारा १००(२) को व्यवस्था बाध्यात्मक प्रकृतिको हो वा सरकारमा सहभागी दलहरूको प्रतिनिधिसभामा तत्काल कायम रहेको सदस्य संख्याको बहुमत वा अल्पमतको अंकगणितको सापेक्षता मात्र आकर्षित हुने हो। यस विषयमा पनि स्पष्ट हुन दुवै पक्षसँग छलफल गर्नुपर्ने भन्दै एकल इजलासबाट आदेश भएको थियो।

ऐनको मुद्दामा...

पृष्ठ १ बाट क्रमशः

यसबाहेक पनि उनीविरुद्ध बलात्कारको अर्को जाहेरी पनि प्रहरीमा छ।

महरविरुद्ध बलात्कारको जाहेरीसमेत दिएकी उनै महिलालाई भने उल्टै महर, उनकी श्रीमती सनुजा श्रेष्ठ र आफन्तको उजुरीका आधारमा प्रहरीले तीनपटकसम्म पक्राउ गरेर ५० दिन हिरासतमा राखिसकेको छ। तर, पीडित महिलाले नेता महर र उनकी श्रीमती श्रेष्ठविरुद्ध प्रहरीमा जाहेरी दर्ता गर्न नै ठुलो संघर्ष गर्नुपऱ्यो। उनका अनुसार १२ असारमै जाहेरी लिएर ब्युरो कार्यालय पुगेकी थिइन्। तर, सत्ता र शक्तिको दबाबमा ब्युरोले जाहेरी दर्ता नै गरेन। त्यसपछि पनि दुई दिन बिराएर धाउँदासमेत दर्ता नभएपछि हुलाकमार्फत जाहेरी पठाएकी थिइन्। उक्त जाहेरी ३ भदौमा दर्ता भएको थियो।

पीडित महिलाले सत्ता र शक्तिको आडमा न्याय पाउन गाह्रो भएको गुनासो गरिन्। 'महर मात्रै होइन, उनकी श्रीमती र आफन्तले समेत मेरो फोटो राखेर तथानाम लेखे। तथानाम गाली गरे। डिप फेक भिडियो बनाए। सामाजिक सञ्जालमा हाले,' उनले भनिन्, 'पटक-पटक चरित्रहत्या भएपछि म जाहेरी लिएर साइबर ब्युरो पुगैं, तर प्रहरीले जाहेरी दर्ता नै गर्न मानेन। केही सिप नलागेपछि हुलाकबाट पठाएको जाहेरी बल्ल दर्ता भयो। अदालतबाट पक्राउ पुर्जी पनि जारी भएपछि केही आशा पलाएको थियो। तर, सरकारी वकिलको कार्यालयले उनलाई तीन घण्टामै हाजिरी जमानीमा छाडेको घटनाले मर्माहत बनाएको छ। सत्ता र शक्तिको आडमा पीडितले न्याय पाउन गाह्रो हुने अनुभूति भएको छ।

त्यसो त अदालतबाट पक्राउ अनुमति लिए पनि साइबर ब्युरोले उनलाई पक्राउ गरेन। 'आफैं कार्यालयमा उपस्थित हुनू' भनेर सहज बनाइदियो। महर श्रीमतीसहित दिउँसो ब्युरो कार्यालय पुगेका थिए।

सरकारी वकिल कार्यालयले हाजिरी जमानीमा छाड्न निर्देशन दिएपछि महरदम्पतीलाई छाडिएको ब्युरोका प्रवक्ता एसपी दीपकराज अवस्थीले बताए। 'महरदम्पती दिउँसो ब्युरोमा हाजिर हुन आउनुभएको थियो। बयानपछि उहाँहरूलाई सरकारी वकिल कार्यालय लगियो। वकिल कार्यालयले हाजिरी जमानीमा छाड्ने निर्णय गरेको निर्देशन ब्युरोमा आएपछि छाडिएको हो।'

सरकारी वकिल कार्यालय, काठमाडौंका प्रमुख सहन्यायाधिवक्ता रामहरि काफ्लेले अनुसन्धान गर्न म्याद थप गर्नुपर्ने कारण नदेखिएपछि महरलाई हाजिर जमानीमा छाड्ने निर्णय भएको बताए। उनले भने, 'साइबर कसुर गरेको भन्दै उहाँ (महर)विरुद्ध उजुरी परेको थियो। प्रहरीले पक्राउ गरेर हामीकहाँ उपस्थित गरायो। घटना विवरण हेर्दा थप अनुसन्धानका लागि म्याद माग गर्नुपर्नेजस्तो देखिएन, अनि हाजिरी जमानीमा छाड्ने निर्णय भएको हो,' उनले भने।

नेता महरले भने आफूमाथि भ्रम फैलाएर चरित्रहत्या गरिएको दाबी गरेका छन्। बुधबार साँझ श्रीमतीसहित फेसबुक लाइभमा आएर उनले साना विषयलाई अत्यन्त ठुलो बनाएर प्रचारप्रसार गरिएको बताएका छन्। 'हामी दुवैजना (श्रीमतीसहित) ८-९ महिनाअघि फेसबुक लाइभमा बसेर जे कुरा भनेका थियौं, त्यसैलाई लिएर चरित्रहत्या भयो भनियो। तर, म फेरि भन्न चाहन्छु उक्त लाइभमा असाध्यै मर्यादित शब्दहरू, कसैको चरित्रहत्या नगरी हाम्रो विषयमा उठेका प्रश्नहरूको जवाफ दिएको हो,' उनले भने, 'त्यो विषयमा साइबर ब्युरोमा उजुरी दर्ता भएको र त्यसै विषयमा बुझ्नका लागि फोन आएपछि हामीहरू गएका हौं।'

कसैप्रति लक्षित केही नबोल्दा पनि साइबर क्राइमको मुद्दा लगाउन खोजिएको उनको भनाइ छ। राजनीतिक मान्छे भएकै कारणले न्याय नपाउने भन्ने नहुने पनि उनले बताए। उनले साइबर क्राइमको परिभाषाकै पुनर्व्याख्या आवश्यक रहेको पनि बताए।

वीरगन्जपछि...

पृष्ठ १ बाट क्रमशः

देखिएको छ। दिसाको कल्चर परीक्षणमा ३२ मध्ये २५ मा हैजाको जीवाणु कोलेरा पुष्टि भइकेको छ। आरडिटीबाट हैजा पुष्टि भएका ८४ सहित २७१ जना वीरगन्जमा अस्पतालमै छन्। झाडापखालाका बिरामीमध्ये ३५ जना आइसिसियूमा उपचाररत छन्। हालसम्म एक सय ४० मा हैजा देखिएकामा ५६ जना घर फर्किसकेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ। झाडापखाला लागेर हैजाको आशंकामा अस्पताल पुग्नेको संख्या ५२८ पुगेको छ। हैजाका संक्रमित र झाडापखालाका बिरामीहरूको नारायणी अस्पताल, तराई हस्पिटल, नेसनल मेकिडल कलेज, भवानी अस्पताल, वीरगन्ज हेल्थकेयर, मंगलम प्याथोलोजीलगायतमा उपचार भइरहेको छ।

यसकारण हुन सक्छ हैजा

खानेकुरा वा पानीमा दिसाजन्य फोहोर मिसिँदा हैजा फैलन्छ। संक्रमित व्यक्तिको दिसाबाट १० दिनसम्म कोलेरा जीवाणु अर्कोमा सर्न सक्छ। पानीमा हैजाजन्य जीवाणु मिसिएको छ भने त्यो समुदायस्तरमै फैलिए जोखिम हुन्छ। अहिले वीरगन्जमा देखिएको संक्रमण पनि पानीकै कारण हुन सक्ने अनुमान गरिए पनि प्रयोगशाला परीक्षण भइरहेको छ। स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार खानेकुरामा हैजाजन्य जीवाणु मिसियो भने हैजा हुन्छ। व्यक्तिगत सरसफाइमा बढी ध्यान दिने, सफा खानेकुरा खाने, शंका लागेमा क्लोरिन हालेर पानी सफा गरेर मात्रै पिउने गर्नुपर्छ।

स्वास्थ्य कार्यालयका अनुसार झाडापखाला र हैजाबाट सबैभन्दा बढी प्रभावित वीरगन्ज महानगरका १०, ११, १२ र १३ नम्बर वडा छन्। 'परिवारका एक सदस्य निको भएर फर्किँदा थप दुई-तीनजना अस्पताल पुगिरहेका छन्, जसकारण हैजा समुदायस्तरमा फैलिएको यकिन गरिएको हो,' जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले भने। बुधबार मात्र वीरगन्जमा १५ र पोखरिया पाँच गरी २० जनामा हैजा देखिएको छ। पोखरिया अस्पतालमा दैनिक झाडापखालाका १५-२० जना बिरामी आउने गरेको अस्पतालले जनाएको छ।

यसबाहेक वीरगन्जबाट गएका बाराको कलैया उपमहानगरपालिका, पचौराका ५५ वर्षीय पुरुषमा पनि हैजा संक्रमण देखिएको छ। पखाला र बान्ता भएपछि अस्पताल पुगेका ती पुरुषमा हैजा देखिएको प्रादेशिक अस्पताल कलैयाका मेडिकल सुपरिटेन्डेन्ट डा. अजयकुमार गुप्ताले बताए। 'स्वास्थ्य अवस्था सुधारोन्मुख भए पनि अस्पतालको विशेष निगरानीमा राखिएको छ,' उनले भने।

यसैबिच दूषित पानीका कारण हैजा फैलिएको आकलन गरिए पनि स्रोतको यकिन हुन नसकेको जिल्ला स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत ठाकुरले बताए। 'आरडिटी जाँचमा हैजा देखिएपछि प्रादेशिक प्रयोगशाला, जनकपुर र केन्द्रीय प्रयोगशाला काठमाडौंमा दिसाको नमुना पठाएका थियौं। हैजाको जीवाणु कोलेरा रहेको दुवै प्रयोगशालाबाट पुष्टि भएको छ,' उनले भने, 'पानीमा कोलेरा जीवाणु छ- छैन भनेर काठमाडौंमा रहेको खानेपानी प्रयोगशालामा ११ नमुना पठाइएको छ। रिपोर्ट आउन केही दिन लाग्छ भनिएको छ।'

खानेपानी संस्थानबाट वितरण हुने खानेपानीमा क्लोरिनको मात्रा बढाइएपछि कारण पत्ता लगाउन झन् समस्या भइरहेको छ। 'खानेपानी शुद्धीकरण गर्न क्लोरिन प्रयोग हुन्छ। हैजा फैलिएपछि क्लोरिनको मात्रा बढाइएको छ,' उनले भने, 'त्यही भएर हामीले डिपबोरिङको पानीको नमुना पनि पठाएका छौं, बिहीबार थप नमुना पठाउँछौं।'

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले पनि हैजाको प्रमुख कारण दूषित/दिसा मिसिएको पानी रहेको बताए। तर, हैजा फैलाउने पानीको स्रोत पुष्टि हुन नसकेको उनले बताए। 'पक्कै पनि दूषित पानीबाटै हैजा फैलिएको हो। तर, पानीको स्रोत के हो भनेर अझै खुल्न सकेको छैन, खानेपानीको धारा, डिपबोरिङ, ट्यांकरबाट पानी वितरण हुन्थ्यो,' डा. बुढाथोकीले भने, 'कुनचाहिँ पानीमा हैजाको जीवाणु थियो, पत्ता लगाउन कठिन भइरहेको छ, किनभने हैजा हो भन्ने शंका लागेपछि सबैतिर क्लोरिन राखिएको थियो, क्लोरिन राखेपछि हैजा हो वा होइन भन्ने थाहा हुँदैन, हामी क्लोरिन नहालेको पानी खोजिरहेका छौं।'

डा. मनिता प्याकुरेलले नेपालमा देखिएको हैजा सिजनल आउटब्रेक रहेको बताइन्। यस्तो अवस्थामा रेस्पोन्समा ढिलाइ गर्दा भयावह भई र नियन्त्रणमा कठिन हुने उनले बताइन्। 'तराईमा गर्मीयाममा हैजा हुन्छ। एकजनामा हुँदाबित्तिकै अर्कोमा सर्नलाई समय लाग्दैन, किनभने यो तत्काल फैलिन्छ। हाम्रो दैनिकी र सरसफाइले यसमा फरक पार्छ,' उनले भनिन्, 'नियन्त्रणको र ल्याब परीक्षणको रेस्पोन्स ढिलो हुँदा भयावह रूप लिन्छ। परीक्षण गरेको रिपोर्ट आउँदासम्म धेरैमा फैलिसक्छ, त्यसकारण कोलेराको एउटा केस देखिए पनि आइसोलेट गर्नुपर्छ।' स्वास्थ्य मन्त्रालयका अनुसार स्वास्थ्य मन्त्रालय र विश्व स्वास्थ्य संगठनको विशेषज्ञसहितको चिकित्सक टिम हैजा प्रभावित क्षेत्रमा छ।

NOC हरायो

मिति २०८२/४/३ गते बालाजुदेखि माछापोखरी चोकसम्म जाँदा मेरो निम्न व्यहोरा भएको NOC (No Objection Certificate) सर्टिफिकेट हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

Name : Pragya Thapa
NOC No. : 793637236 र 793637238
Address : Kathmandu
Contact : 9849547178

एससिओ सम्मेलनमा...

पृष्ठ १ बाट क्रमशः

शिखर सम्मेलनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायत सहभागी हुने कार्यक्रम छ। शिखर सम्मेलनकै क्रममा प्रधानमन्त्री ओली र भारतीय समकक्षी मोदीबिच पनि भेटवार्ताको तयारी छ। मंगलबार प्रधानमन्त्री ओलीले बेइजिङमा चीनका उपराष्ट्रपति हान झेङसँग भेटवार्ता गर्नेछन्।

बुधबार बेइजिङमा आयोजित जापानी आक्रमणविरुद्ध चिनियाँ जनताको युद्ध र फासीवाद युद्धमा विजयको ८०औं वार्षिकोत्सवको स्मृतिमा आयोजित सैन्य परेडमा पनि प्रधानमन्त्री ओली सहभागी हुने परराष्ट्रले जनाएको छ। त्यही दिन चिनियाँ राष्ट्रपति सीले सैन्य परेडमा सहभागी विदेशी पाहुनाहरूको सम्मानमा आयोजना गर्ने दिवाभोजमा सहभागी भएर प्रधानमन्त्री ओली स्वदेश फर्किनेछन्।

नेपालले चीनका चार सामुद्रिक बन्दरगाहमा पहुँच पाएकोमध्ये एउटा तियान्जिन पनि हो। दुई देशबिच पारवहन तथा यातायात सम्झौताअनुसार तियान्जिन, लियानयुङ, झानजियान र सेन्झेन बन्दरगाह नेपालले उपयोग गर्न पाउनेछ।

यसैगरी, परराष्ट्रले प्रधानमन्त्रीको चीन भ्रमण टोलीका सदस्यहरूको नाम सार्वजनिक गरेको छ। प्रधानमन्त्रीको टोलीमा उनकी श्रीमती राधिका शाक्य, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, संघीय सांसद पूर्णबहादुर खड्का र छविलाल विश्वकर्मा तथा प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, परराष्ट्रका कर्मचारी सहभागी हुनेछन्। प्रधानमन्त्री ओलीले गत वर्ष मंसिरमा चीनको औपचारिक भ्रमण गरेका थिए।

■ **ल्हासाका महावाणिज्यदूत र तिब्बतको वैदेशिक मामिला कार्यालयका महानिर्देशकबिच भेट**

लिपुलेकबारे भएको भारत-चीन सहमतिप्रति महावाणिज्यदूतको चासो, तत्कालै विदेश मन्त्रालयमा पठाइदिने महानिर्देशकको जवाफ

ल्हासास्थित नेपाली महावाणिज्य दूतावासका महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौलाले चीनको सिचाङ (तिब्बत)स्वायत्त क्षेत्रका वैदेशिक मामिला कार्यालयका महानिर्देशक पाओ तिङसँग लिपुलेकबारे भएको पछिल्लो भारत-चीन सहमतिप्रति बुधबार चासो जनाएका छन्। नेपाली महावाणिज्य दूतावासमा भएको भेटमा आफूले नेपालको चासो व्यक्त गरेको र महानिर्देशक पाओले उक्त चासो विदेश मन्त्रालयमा पठाइदिने जवाफ दिएको महावाणिज्यदूत निरौलाले बताए।

'हालसालै चीन र भारतबिच लिपुलेक नाका सञ्चालनका सन्दर्भमा भएको सहमतिमा मैले चासो व्यक्त गरैं। लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको भूमि भएको स्पष्ट पारैं। नेपाल र चीन दुवै राष्ट्रले हालसम्म एक-आपसको सार्वभौमसत्ताको सम्मान गरिरहेको परिप्रेक्ष्यमा सोहीअनुसार व्यवस्थापनका लागि मैले अनुरोध पनि गरैं,' महावाणिज्यदूत निरौलाले ल्हासाबाट टेलिफोनमा भने, 'महानिर्देशक तिङले नेपालको चासो तत्कालै विदेश मन्त्रालय पठाइदिनेछु भन्ने जवाफ दिनुभयो।'

महावाणिज्यदूत निरौलाले भेटमा आफूले ल्हेन्दे खोलामा गएको बाढीका कारण बगाएको नेपाल-चीन मैत्री पुल तीव्र रूपमा निर्माण गर्न तथा पुल नबनुन्जेल ह्युमपाइप राखेर अस्थायी रूपमा भए पनि सडक सञ्चालन गर्न र त्यहाँ गोदाम रहेका सामान नेपाल लैजान सहजीकरणका लागि अनुरोध गरेको बताए।

राष्ट्रिय सभामा संघीय निजामती विधेयक

विधायन समितिले हटायो अतिरिक्त सचिव, १० प्रतिशत सहसचिव खुला प्रतिस्पर्धाबाट लिने

अतिरिक्त सचिव आवश्यक छैन भन्ने निष्कर्षमा पुगेर नराख्ने भनेर सर्वसम्मत निर्णय गरेका छौं। कुलिङ अफ पिरियड बाहिर एकदमै चर्चा भएको विषय हो। शंका नगर्नुस्, यसलाई परिमार्जन गरेर पठाउँछौं। हामीसँग १७ गतेसम्म समय छ। छलफलमै छौं। निरन्तर बस्छौं। सबै टुंग्याएर १७ गतेसम्म सक्ने योजनामा छौं।

● **तुलसाकुमारी दहाल**, सभापति, विधायन व्यवस्थापन समिति



बुधबार बसेको राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको बैठक।

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संघीय निजामती विधेयकका दुईवटा प्रावधान हेरफेर गरेको छ। विधेयकमा दफावार छलफल चलाउँदै तेस्रो परिच्छेद पुगेको समितिले अतिरिक्त सचिव ब्युँताउने प्रतिनिधिसभाको निर्णय उल्ट्याएको छ। निजामती प्रशासनमा अतिरिक्त सचिव नराख्ने निर्णय समितिले गरेको सभापति तुलसाकुमारी दहालले जानकारी दिइन्। 'अतिरिक्त सचिव आवश्यक छैन भन्ने निष्कर्षमा पुगेर नराख्ने भनेर सर्वसम्मत निर्णय गरेका छौं,' उनले भनिन्। प्रतिनिधिसभाले सचिवको संख्या घटाउन, अनुभवी बनाउन र प्रोटोकल मिलाउन भन्दै १३औं तहको हुने गरी विधेयकको दफा ५ र ६ मा अतिरिक्त सचिव राख्ने व्यवस्था गरेको थियो।

सभापति दहालका अनुसार समितिले सहसचिव खुला प्रतिस्पर्धाबाट लिने निर्णय पनि गरेको छ। प्रतिनिधिसभाले १५ प्रतिशत अन्तरतह (स्थानीय तह र प्रदेशबाट आउने) र ८५ प्रतिशत बढुवाबाट सहसचिव पदपूर्ति गर्ने प्रावधान दफा १० मा राखेको थियो। तर राष्ट्रिय सभाको समितिले बुधबार १० प्रतिशत खुला, २० प्रतिशत अन्तरतह र ७० प्रतिशत बढुवाबाट सहसचिवको पदपूर्ति हुने गरी सर्वसम्मत निर्णय गरेको हो। सभापति दहालले सहसचिवमा थोरै संख्यामा भए पनि खुला प्रतिस्पर्धाबाट ल्याउनु न्यायोचित हुने निष्कर्षमा समिति पुगेको बताइन्।

कुलिङ पिरियडमा छलफल हुन बाँकी

प्रतिनिधिसभाले १५ असारमा निजामती विधेयक पारित गरेर सन्देशसहित राष्ट्रिय सभा पठाएको थियो। संविधानअनुसार प्रतिनिधिसभाले पठाएको विधेयक ६० दिनभित्र राष्ट्रिय सभाले पारित गरेर फिर्ता पठाउनुपर्छ। अन्यथा विधेयक स्वतः फिर्ता भएको मानिन्छ। राष्ट्रिय सभाले दफावार छलफलका लागि ६ साउनमा विधेयक विधायन समितिमा पठाएको थियो। १७ भदौसम्म समयसीमा भएको निजामती विधेयकमा विधायन समितिले सभाले पठाएको भन्डै एक महिना बित्न लाग्दा २ भदौदेखि मात्रै छलफल थालेको हो। यसपछि पनि नियमित छलफल भएको छैन। समयको चाप भएको विधेयक द्रुत गतिमा अगाडि बढाउन सरकार पनि गम्भीर देखिएको छैन।

सभापति दहालका अनुसार संघीय मामिलामन्त्री भगवती न्यौपानेले समय नदिँदा ८ र ९ भदौमा विधेयकमा छलफल नै हुन सकेन। बुधबार बसेको बैठकले विधेयकको परिच्छेद ३ सम्मको छलफल सकाएको छ। बिहीबारदेखि परिच्छेद ४ को छलफल हुने र त्यसपछि कुलिङ अफ पिरियड (विश्राम अवधि)को प्रावधानबारे छलफल हुने सभापति दहालले बताइन्।

'परिच्छेद ३ सकियो। अब ४ मा प्रवेश गर्छौं। त्यसपछि दफा ८२ को कुलिङ अफ पिरियड अर्थात् विश्राम अवधिबारे छलफल गर्छौं। कुलिङ अफ पिरियड बाहिर एकदमै चर्चा भएको विषय हो। शंका नगर्नुस्, यसलाई परिमार्जन गरेर पठाउँछौं,' उनले भनिन्, 'हामीसँग १७ गतेसम्म समय छ। छलफलमै छौं। निरन्तर बस्छौं। सबै टुंग्याएर १७ गतेसम्म सक्ने योजनामा छौं।'

विधेयकको दफा ८२ मा कुलिङ पिरियडसम्बन्धी व्यवस्था छ। प्रतिनिधिसभाले दफा ८२ (४) मा अवकाशप्राप्त वा राजीनामा दिएका कर्मचारीले दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी नियुक्ति नपाउने भनेर विधेयक पारित गरेको थियो। तर, दफा ८२ (५)मा यो प्रावधानलाई निष्प्रभावी बनाउने गरी 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक' भन्ने व्यवस्था पनि पारित भएपछि प्रतिनिधिसभाले विशेष समिति गठन गरेर छानबिन नै गरेको छ। कुलिङ अफ पिरियड प्रावधानमा भएको गडबडीका लागि नैतिक जिम्मेवारी लिँदै राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले राजीनामा दिएका छन् भने संलग्न कर्मचारीलाई पदअनुकूलको आचरण नगरेकोमा कारबाही गर्न सिफारिस गरिएको छ।

राष्ट्रिय सभामा भने एमालेले दुईवर्षे कुलिङ अफ पिरियडको व्यवस्था हटाउन संस्थागत रूपमा संशोधन राखेको छ। काग्रेसले दुई वर्ष, माओवादीले तीन वर्ष र अन्य दलले प्रतिनिधिसभाकै दुईवर्षे प्रावधान राख्नुपर्ने संशोधन राखेका छन्। सभापति दहालले संशोधनहरूलाई पनि आधार बनाएर कुलिङ अफ पिरियडमा परिमार्जन गरिने बताइन्। 'सहमतिबाटै कुलिङ अफ पिरियड प्रावधानबारे समिति निर्णयमा पुग्छ। आवश्यक परिमार्जन गर्छ,' उनले भनिन्।

राज्य व्यवस्था समिति सभापतिमा न्यौपाने



राज्य व्यवस्था तथा सुशासन समिति सभापतिमा ईश्वरीदेवी न्यौपाने निर्विरोध निर्वाचित भएकी छिन्। संघीय निजामती विधेयकको कुलिङ अफ पिरियडमा भएको गडबडीको नैतिक जिम्मेवारी लिँदै रामहरि खतिवडाले राजीनामा दिएपछि न्यौपाने सभापति बनेकी हुन्। बुधबार बसेको समिति बैठकमा ज्येष्ठ सदस्य सर्वेन्द्रनाथ शुक्लले न्यौपानेलाई सभापतिमा निर्विरोध निर्वाचित भएको घोषणा गरेका थिए।

सभापति निर्वाचित भएसँगै न्यौपानेले सभामुख देवराज घिमिरेबाट पद तथा गोपनीयताको शपथ लिएकी छिन्। शपथलगत्तै न्यौपानेले बुधबारै पदभार ग्रहण गरेकी छिन्। पदभार ग्रहण गर्दै न्यौपानेले सबैको सहयोग र समन्वयमा विधेयकहरू सहमतिमा अगाडि बढाउने प्रतिबद्धता जनाइन्। उनले चालू अधिवेशनमा विधेयकहरू टुंग्याउन सक्दो प्रयास गर्ने बताइन्।

वरिष्ठताअनुसार संवैधानिक इजलास गठन हुने अभ्यासमा क्रमभंग

शिल्पा कर्ण/नयाँ पत्रिका

वरिष्ठताक्रमअनुसार संवैधानिक इजलास तोक्ने अभ्यासमा क्रमभंग भएको छ। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले यसपटक रोस्टरमा रहेका कनिष्ठ न्यायाधीशहरूलाई समेत समावेश गरेर इजलास तोकेका छन्। उनले बुधबार न्यायाधीशहरू सपना प्रधान मल्ल, नहकुल सुवेदी, तिलप्रसाद श्रेष्ठ र विनोद शर्मा सम्मिलित इजलास गठन गरेका हुन्।

प्रधान वरिष्ठतम् न्यायाधीश हुन्। उनीपछिको रोस्टरमा रहेका चारजनालाई छाडेर छैटौं, सातौं र आठौं वरीयतामा रहेका न्यायाधीशलाई राखेर इजलास गठन गरिएको छ। सात हप्तापछि बुधबार बसेको सर्वोच्च अदालतको संवैधानिक इजलासले एउटा रिटमाथि निर्णय सुनाउने मिति तोकेको छ। अन्य १४ वटा हेर्न नभ्याइनेमा परेका छन्। सर्वोच्चका अनुसार अधिवक्ता नारायण भट्टराईविरुद्ध राष्ट्रपतिको कार्यालय शीतलनिवाससमेत रहेको मुद्दामा निसु तोकिएको हो। बुधबार र शुक्रबार बस्ने इजलास भन्डै दुई महिनापछि बसेको हो।



जो श्रीमान्हरू रोस्टरमा हुनुहुन्छ, उहाँहरूमध्ये नै चारजना राखेर इजलास तोकिएको हो। मैले मेरो संवैधानिक अधिकार प्रयोग गरेको हुँ।

● **प्रकाशमानसिंह राउत** प्रधानन्यायाधीश

प्रधानन्यायाधीश राउतले यो पहिलो अभ्यास नभएको तथा यसअघि पनि पटक-पटक वरिष्ठतम चार न्यायाधीशबाहेक पनि इजलास तोकिएको बताएका छन्। 'जो श्रीमान्हरू रोस्टरमा हुनुहुन्छ, उहाँहरूमध्ये नै चारजना राखेर इजलास तोकिएको हो। मैले मेरो संवैधानिक अधिकार प्रयोग गरेको हुँ,' पत्रकारहरूसँगको छलफलमा उनले भने।

रेक्युजल (न्यायाधीश आफैंले इजलास छाड्ने अभ्यास), कोही न्यायाधीश उपत्यका वा देशबाहिर गएको अवस्थामा, हेर्न नमिल्ने भएमा, अन्य महत्त्वपूर्ण मुद्दा हेर्नुपर्ने भएमालगायत अवस्थामा वरिष्ठताक्रमबाहेक पनि संवैधानिक इजलास तोकिएको तथा संविधान र कानुनसम्मत भएको उनको भनाइ थियो। 'पूर्ण बैठकमा छलफल हुँदा पनि केही साथीहरूबाट वरिष्ठताकै आधारमा छान्नुपर्ने कुरा आयो। केहीले रोस्टरबाटै जसलाई राखे पनि हुने कुरा राख्नुभयो। अनि आज रोस्टरबाट इजलास गठन गरिएको हो,' राउतले भने।

संविधानको धारा १३७ मा संवैधानिक इजलास गठनसम्बन्धी व्यवस्था छ। यसको (१) मा यस इजलासमा प्रधानन्यायाधीश र न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चारजना न्यायाधीश रहने व्यवस्था छ। यसैअनुसार परिषद्को रोस्टरमा रहेकामध्ये नै तोकिएको राउतको भनाइ छ। 'संवैधानिक इजलास गठन प्रधानन्यायाधीशले नै गर्ने हो भन्नेमा दुई मत छैन,' उनले भने।

असार तेस्रो साता संवैधानिक इजलासले साढे चार वर्षअघि संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याई गरेका नियुक्ति सिफारिसबारे फैसला गरेयता इजलास बसेको थिएन। पाँच न्यायाधीशको तीनथरी राय व्यक्त भई आएपछि न्यायवृत्तमा सो फैसलाको निकै आलोचना भएको थियो। संवैधानिक व्याख्या गरिनुपर्नेमा सो नभएको, अस्पष्ट र अधुरो फैसला आएकोसमेतका विभिन्न कोणबाट न्यायवृत्तमा प्रश्न उठेका थिए। यसबाट संवैधानिक इजलासकै औचित्य, गठन र अधिकार क्षेत्रबारे पनि बहस सुरु भएको थियो।

प्रधानन्यायाधीश राउतले पनि सार्वजनिक कार्यक्रममा असन्तुष्टि व्यक्त गरेका थिए। त्यसपछि इजलास गठनबारे न्यायाधीशबिच एकमत थिएन र साताको दुई दिन बस्नुपर्ने इजलास १८ असारयता तोकिएन।

संवैधानिक इजलास नै अवरुद्ध भएपछि खुलाउने विषयमा सर्वोच्च अदालत बार एसोसिएसनको टोली र संवैधानिक कानुन व्यवसायी मञ्चले पनि प्रधानन्यायाधीश भेटेर इजलास सुचारु गराउन भनेका थिए। सर्वोच्च बारले त प्रधानन्यायाधीश र वरिष्ठतम न्यायाधीशलाई भेटेर रोस्टरकै न्यायाधीशबिच गोलाप्रथा गराई इजलास तोक्न सुझाव दिएको थियो।

तर, संवैधानिक इजलास गोलाबाट तोक्न नहुने मत सर्वोच्चकै केही न्यायाधीशको छ। 'सर्वोच्चको कार्ययोजनामाथि छलफल गर्दा इजलासहरू सञ्चालन कसरी गर्ने भन्ने पनि आयो। अनि ओजपूर्ण, प्रभावकारी, निष्पक्ष र स्वीकार्य तरिकाले कसरी संवैधानिक इजलास सञ्चालन गर्ने कुरा गरेका हौं,' उनले भने। सर्वोच्चमा २४ हजारभन्दा बढी मुद्दा विचाराधीन छन्, जसमध्ये संवैधानिक इजलासमा २२० भन्दा बढी छन्। संवैधानिक विषयका मुद्दामा अन्तरिम आदेश दिने वा नदिनेबारे पनि बहसमा दिनभरको समय लाग्ने भएका कारण आफूले अन्य इजलासलाई महत्त्व दिएको उनको भनाइ थियो।

'इजलास गठनमा मतभेद छैन'

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले न्यायपालिकाको सम्पूर्ण जिम्मेवारी सँविधानले आफूलाई सुम्पिएकाले ती कार्यमा व्यस्त हुँदा पनि संवैधानिक इजलास गठन हुन नसकेको तथा सार्वजनिक भएजस्तो न्यायाधीशबिच कुनै मतभेद र विवाद नरहेको बताए। 'सर्वोच्चका न्यायाधीशबिच इजलास गठन गर्ने विषयमा विवाद भएको छैन, थिएन। सघन छलफलसम्म भएको हो। अनुमानका विषयमा कुरा बाहिर आए,' बुधबार पत्रकारहरूसँग उनले भने। हाल निर्वाचनको कुनै विवाद संवैधानिक इजलासमा विचाराधीन नरहेको र गम्भीर संवैधानिक व्याख्यासम्बन्धी विषय पनि टुंगिसकेको राउतको भनाइ छ। अब बाझिएका कानुनबारेका केही मुद्दा मात्र फैसला हुन बाँकी रहेको उनले बताए। प्रधानन्यायाधीश मात्र नभई न्यायपरिषद् र न्याय सेवा आयोगको नेतृत्वकर्ताको हैसियतमा जिम्मेवारी रहेका कारण संवैधानिक इजलास आफूले नतोकेको उनको भनाइ थियो। असारमै हुनुपर्ने न्यायाधीश र कर्मचारीको सरुवाजस्ता विषय निकै जटिल रहेकाले त्यसमा आफू लागेको र आन्तरिक तयारी गर्दा संवैधानिक इजलास बस्न नसकेको प्रधानन्यायाधीश राउतको भनाइ थियो।



समाजवादउन्मुख समृद्धिको बाटो

समाजवादको नयाँ र उन्नत विकल्पको प्रतिस्पर्धा गर्ने व्यावहारिक बाटो नै आजको वैज्ञानिक समाजवादसम्म पुग्ने बाटो हो



● इन्द्रप्रसाद गोतामे (जगतजंग)

अग्रलेख

नेपालको विकासमा गतिशीलता आउन नसक्नुका पछाडि विभिन्न ऐतिहासिक, राजनीतिक र सामाजिक कारण छन् । जुन समयमा विश्वमा औद्योगिक क्रान्ति भइरहेको थियो, त्यसवेला नेपाल भने ससाना राज्यको एकीकरणपछि निर्माण भएको आधुनिक राष्ट्रका रूपमा उदय भएको थियो । तर, दरबारभित्रको शक्तिको खिचातानी, किचलो, षड्यन्त्र, हत्याहिंसा र ब्रिटिस इन्डियाको प्रभावमा जन्मिएको राणाशासनको कठोर सामन्ती व्यवस्थाले नेपाललाई सयौं वर्षपछाडि धकेलेको थियो । यसले नेपालको विकास प्रक्रियालाई गम्भीर रूपमा अवरुद्ध गरेको थियो, जसका कारण नेपाल विश्वका अन्य राष्ट्रभन्दा निकै पछाडि पऱ्यो । त्यसपछि, विश्व पुँजीवाद साम्राज्यवादमा रूपान्तरित हुँदै पहिलो र दोस्रो विश्वयुद्धबाट गुज्रियो । यस अवधिमा विश्वका विभिन्न देशमा समाजवादी क्रान्तिको लहर चल्यो । नेपालमा पनि २००७ सालमा सामन्तवादविरुद्ध सशस्त्र क्रान्ति भयो, जसले नेपाललाई सामन्ती युगबाट अर्धसामन्ती युगतिर धकेल्यो । यसैबिच, छिमेकी देश भारतले ब्रिटिस उपनिवेशवादविरुद्धको आन्दोलनमार्फत स्वतन्त्रता प्राप्त गऱ्यो । भारतमा पुँजीवादी विकासका आधार ब्रिटिसले नै तयार पारिसकेका थिए, जसका कारण अर्धसामन्ती युगबाट भारतले पुँजीवादी युगमा फड्को माऱ्यो । अर्कोतिर, अर्को छिमेकी देश चीनमा दीर्घकालीन जनयुद्धमार्फत सामन्तवादलाई भत्काएर नयाँ जनवादी गणतन्त्र चीनको स्थापना भयो । यी दुई ठुला छिमेकी देशमा भएका परिवर्तन र शक्ति सन्तुलनको प्रभाव नेपालमा पनि पऱ्यो । तर, स्पष्ट अन्तर्राष्ट्रिय नीतिको अभाव र भूपरिवेष्टित अवस्थाका कारण नेपालले आफ्नो भूमिकालाई सही ढंगले कायम राख्न सकेन । यसको परिणामस्वरूप २०१७ सालमा राजा महेन्द्रले राजनीतिक 'कु' गरेर शासन आफ्नो हातमा लिए, जसले नेपालको विकास गतिलाई थप अवरुद्ध गर्दै अर्धसामन्ती युगमै सीमित राख्यो । यी राजनीतिक घटनाक्रमले विश्वसँग नेपालको विकास प्रतिस्पर्धालाई निकै पछाडि पाऱ्यो ।

०४६ को जनआन्दोलनले एकदलीय पञ्चायती व्यवस्थालाई ढाल्दै बहुदलीय संसदीय व्यवस्था स्थापना गऱ्यो । तर, यो राजतन्त्रसहितको संसदीय व्यवस्थाले विकासको गति समात्न सकेन । आन्तरिक किचलो, अन्तर्राष्ट्रिय शक्ति सन्तुलनको प्रभाव, राजनीतिक अस्थिरता, सार्वजनिक सेवा र सुशासनमा पञ्चायती शैली नै कायम रह्यो । अन्तर्राष्ट्रिय नीतिको अभावका कारण चीन र भारतको विकासबाट अवसर लिन नेपाल चुक्दै गयो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवाल जर्जर बन्दै गए । जसको पृष्ठभूमिमा माओवादी जनयुद्ध जन्मियो । नेपाली जनताको ठुलो साथ, सहयोग र बलिदानबाट माओवादी जनयुद्धले नेपाली समाजको राजनीतिक आन्दोलनको नेतृत्व गऱ्यो, जसले १९ दिने जनआन्दोलनलाई सशक्त बनायो । जनयुद्ध र जनआन्दोलनको 'फ्युजन'ले राजतन्त्र ढाल्न सफल भयो । यसले आधारभूत रूपमा पुँजीवादी जनवादी क्रान्तिलाई सफल बनायो । औद्योगिक क्रान्तिका रूपबाट हेर्दा विश्व चौथो औद्योगिक क्रान्तिको युगमा छ । नेपाल भने पहिलो औद्योगिक क्रान्तिभन्दा पनि पछाडि नै छ । यस अवधिमा नेपाल विश्वका विकसित देशभन्दा झन्डै २०० वर्षपछाडि र छिमेकी चीन तथा भारतभन्दा ५७ वर्ष पछाडि पऱ्यो । यस क्रममा नेपालको राजनीतिक आन्दोलनको स्वरूप र प्रवृत्तिलाई बुझ्न आवश्यक छ । २००७ र ०४६ का राजनीतिक आन्दोलनमा प्रजातन्त्रवादीको राजनीतिक नेतृत्व र प्रभाव प्रधान थियो भने वामपन्थीको भूमिका सहायक थियो । तर, ०५२-०६२ को माओवादी जनयुद्ध र ०६२/६३ को १९ दिने जनआन्दोलनमा वामपन्थी राजनीतिक नेतृत्व र प्रभाव प्रधान देखियो भने प्रजातन्त्रवादीको भूमिका सहायक रह्यो ।

नेपाली राजनीतिक आन्दोलनको चरित्र सशस्त्र, शान्तिपूर्ण तथा सशस्त्र र शान्तिपूर्णको संयोजन प्रक्रियाको लामो चक्रपछि एउटा चरण पूरा भएको छ । संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माण भएपछि आधारभूत रूपमा यो चरण सकिएको छ । अबको चरण भनेको आर्थिक, सामाजिक र सांस्कृतिक क्रान्तिको चरण हो, जसले मानिसको अवस्था परिवर्तन गर्नेछ । यो सुशासन, सामाजिक न्याय र समृद्धिको चरण हो । नेपालको संविधानले समाजवादउन्मुख पुँजीको विकास गर्दै सुखी नेपाली र समृद्ध नेपाल निर्माण गर्ने बाटो स्पष्ट गरेको छ । तर, राजनीतिक अस्थिरताका कारण संघीय लोकतान्त्रिक गणतन्त्रलाई भद्दा संसदीय व्यवस्थाको नमुना बनाइँदै छ, जसले विकासको गतिलाई फेरि पनि अवरुद्ध गर्दै छ ।

आजको भूमण्डलीकरणको युगले विश्व परिवेशलाई अत्यन्त गतिशील बनाएको छ । विश्वभर जनसंख्याको गतिशीलता, बसाइँसराइ, अवसर र रोजगारीको खोजीमा मानिस सक्रिय छन् । विकसित देशमा बसाइँसराइ तीव्र रूपमा बढिरहेको छ र यसको प्रभाव नेपालमा पनि गहिरो रूपमा परेको छ । उत्पादन र उत्पादकत्वको कमीले श्रमको मूल्य कमजोर बनेको छ, जसका कारण नेपाली श्रम विश्व बजारमा बिक्री भइरहेको छ । व्यावहारिक, श्रममुखी र प्राविधिक शिक्षाको अभावले दक्ष जनशक्तिको कमी छ, फलस्वरूप नेपालीहरू सेवा क्षेत्रमा आधुनिक दासको भूमिका निर्वाह गर्न बाध्य छन् । उनीहरूले श्रम बिक्री गरिरहेका देशको विकास गतिसँग नेपालको विकासलाई तुलना गर्छन् । अर्कोतिर, विकसित देशमा बसाइँ सर्ने नेपाली त्यहाँको विकास र प्रणालीसँग नेपाललाई दाँजेर आलोचना गर्छन्, र यो उनीहरूको स्वाभाविक अधिकार पनि हो । आजको विश्व परिवेशमा नेपाल एउटा देश मात्र रहेन, यो चार प्रकारको नेपालमा विभाजित छ । विकसित देशमा बसाइँ सर्ने नेपाली, विदेशमा श्रम गर्न जाने नेपाली, गाउँमा बस्ने नेपाली र सहरमा बस्ने नेपालीको आ-आफ्नो नेपाल छ । आज प्रत्येक घरका युवा विदेशमा छन्, जसले मध्यमवर्गीय तप्कालाई ह्वात्तै बढाएको छ । विकसित देशमा बसाइँ सर्ने र विदेशमा श्रम गर्ने नेपालीले नेपाललाई निकै आलोचनात्मक ढंगले हेरेर धारणा निर्माण गरिरहेका छन् । उनीहरूले निर्माण गरेको भाष्यले गाउँ र सहरमा बस्ने नेपालीमा ठुलो प्रभाव पार्न सक्छ । एकातिर यो नकारात्मक धारणा बढ्दै जाँदा र अर्कातिर दलाल पुँजीवादको बिगबिगीले नेपाललाई अर्को आन्दोलनतिर धकेल्न सक्छ । आजको बदलिँदो अवस्थालाई सही ढंगले बुझेर संविधान नै संशोधन गरी चारै प्रकारका नेपालको नेतृत्व गर्न सक्नुपर्छ । यसका लागि राष्ट्रिय सहमतिका आधारमा संघीय लोकतान्त्रिक व्यवस्थालाई संसदीय राजनीतिभन्दा माथि उठाउने साहस गर्नुपर्छ ।



> संविधानले समाजवादउन्मुख पुँजीको विकास गर्दै सुखी नेपाली र समृद्ध नेपाल निर्माण गर्ने बाटो स्पष्ट गरेको भए पनि राजनीतिक अस्थिरताका कारण संघीय लोकतान्त्रिक गणतन्त्रलाई संसदीय व्यवस्थाको भद्दा नमुना बनाइँदै छ, जसले विकासको गतिलाई फेरि पनि अवरुद्ध गर्दै छ

पहिलो सवाल : शासकीय स्वरूपमा कार्यकारी राष्ट्रपति वा प्रधानमन्त्री, प्रदेशमा कार्यकारी मुख्यमन्त्री र उत्पीडित वर्ग, जाति, लिंग, क्षेत्र तथा अल्पसंख्यकबाट विज्ञहरूको सानो आकारको मन्त्रीमण्डल निर्माण गरी राजनीतिक अस्थिरता अन्त्य गर्नुपर्छ । निर्वाचन प्रणालीलाई पूर्ण समानुपातिक बनाएर आर्थिक चलखेलको अन्त्य गर्नुपर्छ ।

दोस्रो सवाल : अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण, न्यायालयलगायत संवैधानिक निकायलाई पारदर्शी र अधिकारसम्पन्न बनाउन जनताले निर्वाचनमार्फत नेतृत्व छान्ने अधिकार सुनिश्चित गर्नुपर्छ ।

तेस्रो सवाल : पार्टीभन्दा माथि उठेर देश र जनताको पक्षमा संविधानभित्रैबाट सर्वदलीय, सर्वपक्षीय छलफल र बहस गरी साझा विकास अवधारणा, साझा अन्तर्राष्ट्रिय नीति र व्यापार नीति निर्माण गर्नुपर्छ । जुनसुकै सरकार आए पनि यो साझा राष्ट्रिय नीति लागू गर्ने संकल्प गर्नुपर्छ ।

चौथो सवाल : मात्रात्मक विकासलाई गुणात्मक विकासमा बदल्नुपर्छ, कर नीतिलाई स्पष्ट बनाउनुपर्छ । जनताको सेवा अत्यन्तै ढिलो गतिमा छ, त्यसलाई सर्वोत्कृष्ट सेवामा बदल्नुपर्छ । यसलाई प्रविधिसँग जोडेर डिजिटल बनाउनुपर्छ ।

पाँचौं सवाल : नेपालको सबैभन्दा ठुलो रोग कर्मचारी, नेता र जनतासम्म फैलिएको चरम भ्रष्टाचार हो । यसको जरैसम्म नियन्त्रण गर्नुपर्छ । भ्रष्टाचारमा शून्य सहनशीलता अपनाई सामाजिक बहिष्कार गर्नुपर्छ । कानुनको शासन, जवाफदेहिता र पारदर्शितालाई पहिलो एजेन्डा बनाउनुपर्छ ।

छैटौं सवाल : शान्ति प्रक्रियाका सबै काम पूरा गरी संक्रमणकालीन न्यायलाई पारदर्शी बनाउनुपर्छ ।

सातौं सवाल : शिक्षालाई आमूल परिवर्तन गर्न देश र दुनियाँको बदलिँदो परिवेश, विज्ञान, प्रविधि तथा देशको राजनीतिक परिवर्तनलाई समेटेर नयाँ पाठ्यक्रम निर्माण गरी ७० प्रतिशत प्राविधिक र ३० प्रतिशत सेवा क्षेत्रको जनशक्ति निर्माण गर्नुपर्छ ।

आठौं सवाल : उत्पादन, उत्पादन र फेरि पनि उत्पादनको नीतिअनुसार औद्योगिक क्रान्तिमार्फत आत्मनिर्भर र अन्तरनिर्भर राष्ट्रिय पुँजी निर्माण गर्नुपर्छ ।

नवौं सवाल : प्रजातन्त्र, मानवअधिकार, लैंगिक समस्या, जातीय समस्या, आतंकवाद, जलवायु परिवर्तन, दिगो विकासजस्ता विषय एउटा देशले मात्र गरेर हुँदैन । यसका लागि बहुपक्षीय साझेदारी आवश्यक छ ।

दसौं सवाल : संयुक्त राष्ट्र संघको पुनर्संरचनाको कुरा उठिरहेको छ, भने बहुध्रुवीय बन्दै गएको विश्व व्यवस्थामा बहुपक्षीय र द्विपक्षीय भूराजनीतिक अवस्थामा नेपालको अन्तर्राष्ट्रिय नीति अत्यन्तै संवेदनशील र सन्तुलित हुनुपर्छ । 'दिने र लिने' नीति नै 'बढी भित्र्याउने र बढी निर्यात गर्ने' व्यापार नीति नै हो । सन्तुलित, बहुपक्षीय र लचक कूटनीतिक सम्बन्ध स्थापित गर्नुपर्छ । केमा असंलग्न हुने ? केमा संलग्न हुने ? कुन अवसर लिने ? यसमा निकै सिपालु हुनुपर्छ । नेपालले भारत र चीनको विकासलाई अवसरका रूपमा लिन सक्नुपर्छ ।

एघारौं सवाल : देशको अर्थतन्त्र आज समाजवादका नाममा पुँजीवादतिर होइन, दलाल पुँजीवादतिर तीव्र रूपले स्खलित भइरहेको छ । अबको बाटो संविधानले भनेअनुसारको समाजवाद नै हो । यो हिजोको समाजवाद होइन, हिजोबाट सिक्दै आजको समाजवाद ! यो मौलिक वैज्ञानिक समाजवाद हो । सुशासन, सामाजिक न्याय र समृद्धिलाई आधार बनाएर अर्थतन्त्रमा व्यापक संरचनात्मक सुधार गर्नुपर्छ ।

नेपालले विज्ञान र प्रविधिको अधिकतम उपयोग गरेर पुँजीवादी, साम्यवादी, बहिर्मुखी र व्यवहारवादी अर्थतन्त्रका राम्रा पक्ष समेटेर दलाल र वित्तीय पुँजीवादको घेराबन्दीलाई परास्त गर्दै नेपालको मौलिकतासहितको जनताको सहभागितामा मिश्रित र समाजवादी अर्थतन्त्र विकास गर्नुपर्छ । अल्बर्ट आइन्स्टाइनले भनेझैं, 'केवल योजनाबद्ध अर्थतन्त्र र बलियो लोकतन्त्रले मात्र व्यक्तिका अधिकारको रक्षा गर्न सक्छ ।' त्यसैले लोकतन्त्रको विकल्प झनै उन्नत लोकतन्त्र हो । आज पुँजीवादको विकल्प स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको 'नयाँ वैज्ञानिक समाजवाद' बन्दै गएको छ । समुदायलाई बलियो बनाउने 'म र हामी' अर्थात् 'निजी र सामूहिक सम्पत्ति'को समायोजन गर्दै समाजवादको नयाँ र उन्नत विकल्पको प्रतिस्पर्धा गर्ने व्यावहारिक बाटो नै आजको वैज्ञानिक समाजवादमा जाने बाटो हो । समाजवाद नै मानव सभ्यताको मूल विषय हो ।

यी माथिका विषयमा राजनीतिक दलहरू आधारभूत रूपमा स्पष्ट हुन र आत्मालोचनासहित सच्चिन नसक्ने हो भने क्रान्ति र प्रतिक्रान्ति एउटै देखिन्छ । यदि त्यस्तो भयो भने व्यवस्थाविरुद्ध आवाज उठ्न सक्छ । भ्रष्टाचार, सुशासन, विकास र समृद्धिका नाममा, दैनिक डेलिभरीका नाममा आवरण क्रान्तिकारीजस्तो देखिने तर घोर दक्षिणपन्थी शक्तिले टाउको उठाउन सक्छ । समयमै सचेत बनौं ।

---

३ प्रश्न

वरिष्ठ अधिवक्ता **टीकाराम भट्टराई**लाई



सरकारले अंग्रेजी भाषामा राखिरहेको इम्बोस्ड नम्बर प्लेटबारे के भन्नुहुन्छ ?

इम्बोस्ड नम्बर प्लेट नवीनतम प्रविधि भएकाले यो राख्नुपर्छ भन्नेमा हाम्रो विमति छैन । तर, सरकारले इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्दै गर्दा त्यसलाई सबैले बुझ्ने गरी नेपाली भाषामै हुनुपर्छ भन्ने हाम्रो माग हो । भाषादेखि प्लेट जडानसम्म उपभोक्ताका लागि सहज हुनुपर्छ ।

वर्षौंदेखि पेन्डिङमा रहेका लाइसेन्स दिन नसक्ने सरकारले यति धेरै नम्बर प्लेट भनेकै समयमा जडान गर्न सक्ला त ?

इम्बोस्ड नम्बर प्लेट जडान गर्न सरकारले सबैभन्दा पहिले त्यसका लागि अत्यावश्यक संरचना निर्माण गर्नुपर्छ । अनि, आवश्यक जनशक्ति तयार गर्नुपर्छ । यसको जडान प्रदेशस्तरबाट मात्र गर्ने हो भने वर्षौं लाग्न सक्छ । तर, ऐनमा संशोधन गरी प्रत्येक स्थानीय तहले समेत इम्बोस्ड नम्बर प्लेट जडान गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरिदिने हो भने यो काम बढीमा ६ महिनामै सम्पन्न हुन्छ । यसो गरियो भने प्रत्येक पालिकासित आफ्नो क्षेत्रभित्र कति सवारी साधन छन्, कोकोसँग छन् भन्ने तथ्यांक पनि तयार हुन्छ । उनीहरूले कुनै दुर्घटना या सवारीसाधन चोरीलगायत घटनामा सहजीकरण गर्नसमेत सक्छन् । सरकारले यो अभियान सेवाका लागि ल्याएको हो भने यति गर्न कुनै अप्ठ्यारो छैन । तर, यसका पछाडि अरू नै भित्री स्वार्थ लुकेका छन् भने फरक कुरा हो ।

इम्बोस्ड नम्बर प्लेट जडानमा कानुनी रूपमा चाहिँ सरकार कति बलियो अवस्थामा छ ?

सरकारले नेपाली भाषामा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने विषयमा सर्वोच्चको आदेशलाई अवरोधका रूपमा देखाइरहेको छ । तर, आदेश आइसकेपछि यससम्बन्धी कानुनमा संशोधन भई अंग्रेजी वा देवनागरी वा दुवै भाषामा नम्बर प्लेट जडान गर्न सकिने व्यवस्था गरिसकेको हुनाले यससम्बन्धी सर्वोच्च अदालतको फैसला असान्दर्भिक भइसक्यो ।

प्रेरक प्रसंग

दासको बुद्धि

दासप्रथाका दिनमा एक मालिकसँग अनेकौं दास हुन्थे । तिनैमध्ये एक दास थिए लुकमान । एक मामुली दास भए पनि लुकमान निकै बुद्धिमान् थिए । जसले गर्दा उनको नाम दूरदराजका बस्तीसम्म फैलिएको थियो । आफ्ना दासको ख्यातिबारे उनका मालिकले पनि सुनेका थिए ।

एक दिन मालिकले लुकमानलाई बोलाएर भने- तिमी निकै बुद्धिमान् छौ भन्ने मैले सुनिरहेको छु । म तिमीलाई एउटा काम दिन्छु । तिमीले त्यसमा आफ्नो बुद्धिमत्ता सिद्ध गर्न सक्यौ भने म तिमीलाई यो दास जीवनबाट मुक्ति दिनेछु । अब तिमी जाऊ र हाम्रो बाख्रा फर्मामा मरेको कुनै बोका या बाख्रालाई काटेर त्यसको शरीरको सबैभन्दा असल भाग लिएर आऊ । लुकमानले आदेशको पालना गरे र मरेको बाख्राको जिब्रो निकालेर मालिकको अगाडि राखिदिए । मालिकले जिब्रो असल हुनुको कारण सोधे । लुकमानले भने- शरीरको सबैभन्दा असल भाग जिब्रो नै हो । जिब्रो असल भए बाँकी भाग सबै असल नै असल लाग्छन् । मालिकले भने- ठिकै छ । अब जाऊ र सबैभन्दा खराब भाग लिएर आऊ ।



लुकमान बाहिर गएर तुरुन्तै फर्किए र सोही जिब्रो मालिकको हातमा राखिदिए । फेरि पनि मालिकले कारण सोधे । लुकमानले भने- मालिक, बोल्ने क्षमता सबैसँग हुन्छ । तर, बोल्न कसैकसैले मात्र जानेका हुन्छन् । के बोल्ने, कहिले बोल्ने, कस्ता शब्द प्रयोग गर्नेजस्ता कला कमैले मात्र जानेका हुन्छन् । जिब्रोले गर्दा नै संसारमा ठुल्ठुला युद्ध भएका छन् र जिब्रोकै कारण रोकिएका पनि छन् । जिब्रो तीन इन्चको त्यो हतियार हो, जसले ६ फिट अग्लो मान्छेलाई सजिलै मार्न पनि सक्छ र मरेको मान्छेमा प्राण भर्न पनि सक्छ । जिब्रोको सदुपयोगबाट यही धर्तीलाई स्वर्ग बनाउन सकिन्छ भने दुरुपयोगबाट नर्क बनाउन । जिब्रोकै गलत प्रयोगका कारण महाभारत युद्ध भएको थियो । आफ्ना दासबाट यति गज्जबको शिक्षा पाएपछि मालिक निकै खुसी भए र उनले दास लुकमानलाई तत्काल दासत्वबाट मुक्त गरी स्वतन्त्र गरिदिए ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

इम्बोस्डको रडाको कहिलेसम्म ?

यो सरासर गलत कार्य हो । काम नै सम्पन्न नभई यत्रो ठुलो रकम कुन कानुनका आडमा भुक्तानी भयो ? अख्तियारलगायत सरोकारवालाले यस विषयमा छानबिन अगाडि बढाउनुपर्छ ।

● **डल्लभ डिजोङ ओदियाम्बो**

जनतालाई सिटामोल छैन, बिजुली छैन, खोला तर्ने पुल छैन, खेतबारीमा हाल्ने रासायनिक मल छैन । यिनीहरूलाई चाहिँ भ्रष्टाचार गर्न अर्बौं खर्च गरेर इम्बोस्ड नम्बर प्लेट चाहिएको छ !

● **सुरज केसी**

हेर त्यो ९२ करोडले कति मफ्लौला उद्योग सञ्चालनमा आउँथे ! चाहिने काम त पटक्कै गर्ने भएनन् बरै यो देशमा नेताले !

● **सुवेदी हरि साहु**

जतिसुकै करोड दिए पनि नेपाली इम्बोस्ड नम्बरबाहेक अरू स्वीकार्य छैन । कसैले पनि यो अंग्रेजी भाषा मान्दैनन् ।

● **मनोजकुमार अधिकारी**

इम्बोस्ड नम्बर प्लेटका नाममा जनतामाथि भइरहेको जबर्जस्ती बन्द गर । जनताका माग प्रस्ट छन्- पहिले लाइसेन्स छिटो छपाइ गर । नागरिकले महिनौं लाइनमा हैरान हुनुपर्ने समस्या समाधान गर । नम्बर प्लेट 'रिड' गर्ने मेसिन नेपालभर उपलब्ध गर । जनतालाई विदेशी कम्पनीमा निर्भर नबनाऊ । नेपालमा बनेको नम्बर प्लेटमा नेपाली देवनागरी लिपि अनिवार्य प्रयोग गर । सबैले जान्नुपर्ने कुरा त के छ भने साधारण पढ्न-लेख्न जान्ने मानिसले पनि बुझ्ने गाह्रो छ यो अंग्रेजी । नेपालमा सबै ठाउँमा रिड गर्ने मेसिन छैन । यस नम्बरबाट सवारी कर तिर्न मिल्दैन । सरुवा, नामसारी गर्दा पुरानै नम्बर चाहिन्छ । गुणस्तर कमजोर छ । रङ मेटिन्छ, अक्षर हराउँछ । भारतमा मूल्य ४००-८०० पर्छ भने नेपालमा चाहिँ हजारौंमा लुट भइरहेको छ । नेपालको प्राथमिकता के हो ? सडक मर्मत, ट्राफिक व्यवस्थापन, सवारी निरीक्षण । यी आधारभूत काम छाडेर जनतालाई महँगो नम्बर प्लेटमा अल्झाउनु पूर्ण ठगी र अन्याय हो । जनताको आवाजतिर ध्यान देऊ । पहिले सेवा सुधार गर, त्यसपछि मात्र नयाँ प्रणाली लागू गर !

● **नरेश न्यौपाने**

जनतालाई लुटेको पैसा छँदै छ । जति भुक्तानी गरे पनि भइहाल्यो नि ! अब खारेज नै गर्नुपर्छ यो इम्बोस्ड नम्बर । जनतासँग तिमीहरूले जे भन्यो, त्यो गर्नलाई पैसा छैन ।

● **सुमन अधिकारी सागर**

काम हुनुभन्दा पहिल्यै भुक्तानी ? लुट्न सके लुट् कान्छा लुट्न सके लुट् ! अरू वेला छैन छुट, अहिले नै लुट् !

● **समीप श्रेष्ठ**

(नयाँ पत्रिका फेसबुकबाट)

लेखकलाई केही प्रश्न

रिसेप तय्यप एर्दोगानले लेख पनि लेख्छन् भन्ने थाहा थिएन । तर, अतातुर्कको तुर्कीको जगहँसाइ गर्ने उनको लेख 'गाजामा भइरहेछ मानवताको परीक्षा' १ भदौको नयाँ पत्रिकामा पढियो । गाजामा भइरहेको नरसंहारको समर्थन गर्ने त केवल पशु मात्र हुन सक्छ, मानव होइन । तर, जब मुसाको न्याय बिरालोले माग गर्छ भने प्रश्न उठ्छ । मलाई राम्ररी याद छ कि जब पहलगामको आतंकी हत्यामा भारतले बदलाको कदम उठायो, तब तपाईंले पाकिस्तानमा आफ्ना सैनिक र लडाकु जहाज मात्र पठाउनुभएन, स्वयं आफू पनि आएर साहबाज सरिफसँग अंकमाल गर्दै हुनुहुन्थ्यो । इजरायलको सम्बन्धमा किन लेख मात्र छाँटेर सन्तोष लिनुहुन्छ ? गाजाका तर्फबाट आफ्ना सैनिक पठाए पनि हुन्थ्यो नि ! भिजेको बिरालोसरी यहाँ किन ट्रम्पको हवाला दिँदै हुनुहुन्छ । ट्रम्प त आफ्नो फाइदाका लागि अलास्का गए । तपाईं पनि गाजामा त्यस्तै सफर गर्नुस् न !

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
shivshankaryadav3398@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्लास्टिक सन्धिले भारतलाई दिएको पाठ

प्लास्टिक सन्धिको आवश्यकतालाई व्यापक रूपमा स्वीकार गरिए पनि धेरैजसो देशले उत्पादन घटाउने विश्वव्यापी लक्ष्यप्रति प्रतिबद्ध हुन अस्वीकार गरे



देश / विदेश

● भारती चतुर्वेदी

२०२५ मा यो अब बहसको विषय रहेन, प्लास्टिकले हाम्रो ग्रह र शरीरलाई प्रदूषित गरिरहेको छ । हाम्रो फोक्सो, स्तनपान, दूध, खाना, हावा र महासागरमा माइक्रोप्लास्टिक फाइबर फेला परेका छन् । प्लास्टिक अब केवल वातावरणीय उपद्रव मात्र होइन, तिनीहरू सार्वजनिक स्वास्थ्य संकटसमेत बनेका छन् । प्लास्टिक उत्पादन गर्न १६ हजारभन्दा बढी रसायन प्रयोग गरिन्छन्, जसमध्ये धेरैजसो अनियमित र परीक्षण नगरिएका छन् । चार हजारभन्दा बढी रसायन पहिले नै मानव र वातावरणीय स्वास्थ्यका लागि खतराका रूपमा संकेत गरिएका छन् । यी रसायन विभिन्न रोगसँग जोडिएका छन्- क्यान्सर, हार्मोनल अवरोध, मुटुको अवस्था, बाँझोपन, रोगप्रतिरोधात्मक क्षमता कमजोर पार्ने समस्या इत्यादि ।

४ अगस्टमा जारी गरिएको 'द ल्यान्सेट काउन्टडाउन अन हेल्थ एन्ड प्लास्टिक्स'ले अनुमान गरेको छ कि प्लास्टिकले सबै उमेर समूहमा रोग र मृत्यु निम्त्याउँछ र विश्वलाई प्रत्येक वर्ष स्वास्थ्यसँग सम्बन्धित आर्थिक नोक्सानमा १.५ ट्रिलियन डलरभन्दा बढी खर्च गराउँछ । यो रकम कुनै पनि देशले धान्न सक्दैन ।

संयुक्त राष्ट्रसंघीय वातावरण सभा (युएनइए) ले सन् २०२२ मा विश्वव्यापी प्लास्टिक सन्धिबारे वार्ता सुरु गऱ्यो । जेनेभामा छैटौं चरणको वार्ता (आइएनसी-५.२) भर्खरै सम्पन्न भयो । दुर्भाग्यवश, सन्धि प्रक्रियाले बहुपक्षीयताको गहिरो असफलतालाई उजागर गरेको छ । सन्धिको घोषित लक्ष्य प्लास्टिकजन्य प्रदूषण अन्त्य गर्ने (जसमा समुद्री वातावरणमा यसको प्रभाव समावेश छन्), मानव स्वास्थ्य र पारिस्थितिक प्रणालीको सुरक्षालगायत छन् । प्लास्टिक उत्पादन घटाउनु आवश्यक छ भन्नेमा सबै सहमत छैनन् । तर, मुख्य प्रदूषकलाई कम नगरी प्रदूषण रोक्न असम्भव छ ।

उत्पादन र न्यूनीकरणको केन्द्रमा रहेको धारा ६ ले पनि सहमति हासिल गर्न असफल भयो । सन्धिको आवश्यकतालाई व्यापक रूपमा स्वीकार गरिए पनि धेरैजसो देशले प्लास्टिक उत्पादन घटाउन विश्वव्यापी लक्ष्य तय गर्न अस्वीकार गरे । त्यो असफलताले सम्पूर्ण सम्झौतालाई कमजोर बनाउँछ । अर्थपूर्ण सन्धिले प्लास्टिकको पूर्ण जीवनचक्रलाई सम्बोधन गर्ने थियो- प्लास्टिकको उत्पादनदेखि डिस्पोजलसम्म । यसमा एकल-प्रयोग प्लास्टिकमा कडा प्रतिबन्ध, विषाक्त प्रजातिलाई चरणबद्ध रूपमा हटाउने योजना र सुरक्षित तथा किफायती विकल्पमा लगानी समावेश हुने थियो । तर, तीमध्ये कुनै पनि सफल भएनन् ।

यसो भनिए पनि यो सन्धिले प्रभावितका लागि न्यायपूर्ण संक्रमणलाई सहयोग गर्छ । विश्वव्यापी रूपमा अनुमानित दुई करोड मानिस, जसमध्ये धेरै गरिबीमा छन्, फोहोर उठाउनेका रूपमा जीविकोपार्जन गर्छन् । भारतीय सहरमा फोहोर उठाउनेहरूको ४१-६० प्रतिशत आम्दानी प्लास्टिकको फोहोरबाट आउने गरेको अनुसन्धान संस्था चिन्तनले गरेको एक अध्ययनले पत्ता लगाएको छ । प्लास्टिक चरणबद्ध रूपमा बन्द हुँदै जाँदा हामीले यी कामदारलाई नयाँ हरित रोजगारीमा रूपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

भारतको हालै फोहोर उठाउनेहरूलाई विस्तार गरिएका नमस्ते योजनाले प्रमुख भूमिका खेल्न सक्छ । त्यसैगरी विस्तारित उत्पादक जिम्मेवारी (इपिआर)ले विकेन्द्रीकृत फोहोर प्रणालीमा औपचारिक रोजगारी वा नयाँ भूमिकाका लागि समर्थन प्रदान गरेर पनि योजना बनाउन सक्छ । हामीले प्लास्टिकमा निर्भर अन्यका लागि पनि




योजना बनाउनुपर्छ- जस्तै नाइलनको जालमा भर पर्ने माझीका लागि । न्यायपूर्ण संक्रमण समावेशी र राम्रो स्रोतसाधनयुक्त हुनुपर्छ ।

यो संक्रमणलाई कसले रकम जुटाउला ? सुरक्षित विकल्पमा परिवर्तनलाई कसले समर्थन गर्नेछ र विद्यमान प्लास्टिक प्रदूषणलाई सफा गर्ला ? यो स्पष्ट छ कि आर्थिक सहयोग जुटाउन पनि उत्तिकै आवश्यक छ- गरिबका लागि हरित अर्थतन्त्र सक्षम पार्नेदेखि नवप्रवर्तनमा लगानी गर्ने र दिगो विकल्प मापन गर्नेसम्म । यदि जलवायु वित्त संघर्षले हामीलाई केही सिकाएको छ भने त्यो हाम्रो अपेक्षा व्यवस्थापन गर्नु हो । तर, हामीलाई यो पनि थाहा छ कि समयमै पर्याप्त र जवाफदेही रकमविना केही पनि परिवर्तन हुनेछैन । ठुलो प्लास्टिक पदचिह्न (फुटप्रिन्ट) भएका विश्वव्यापी निगमले पहिले कदम चाल्नुपर्छ । प्लास्टिक सन्धिको निराशाजनक नतिजाले व्यापक विश्वव्यापी संकटलाई प्रतिबिम्बित गर्छ- सहानुभूतिको गहिरो हानि, नेतृत्वको अभाव र अत्यधिक प्रमाणको सामना गर्न असमर्थता ।

भारत यो कमजोर सन्धिमा फस्नु हुँदैन ।

भारतमा प्लास्टिक खपत बढ्दै गइरहेको छ र हाम्रो सात हजार किलोमिटरको तटरेखा खतरनाक रूपमा खुला छ । हामीले २०२२ मा धेरै एकल-प्रयोग प्लास्टिक प्रतिबन्ध लगाएका छौं । तर, अब हामीले अर्को छलाङ मार्नुपर्छ । व्यवहारलाई रोक्न र प्लास्टिकबाट टाढा सर्न वित्तीय उपकरण प्रयोग गर्नु सबैभन्दा शक्तिशाली र गाह्रो कदम हो । विद्यमान नियम लागू गर्न हाम्रो राज्य प्रदूषण नियन्त्रण बोर्डलाई बलियो बनाउनु आवश्यक छ । व्यावहारिक विकल्पका लागि अनुसन्धान र विकासमा लगानी गर्नु आवश्यक छ । जस्तै- बहुस्तरीय प्याकेजिङ, फोहोर प्लास्टिक र पोलिमरमा आधारित कपडाको पुनः प्रयोग आदि महत्त्वपूर्ण छन् । प्लास्टिकमुक्त प्रविधिमा काम गर्ने नवप्रवर्तकलाई समर्थन गर्ने र सार्वजनिक खरिदलाई हरियालीयुक्त बनाउने मुख्य रणनीति बन्नुपर्छ । भारतलाई स्पष्ट र मापनयोग्य परिणामसहितको योजना चाहिन्छ । यो अब केवल प्रदूषणबारे मात्र होइन । हाम्रो स्व

वाङ यीको भ्रमणले सुधारिएको छैन भारत-चीन सम्बन्ध



> वासिंटनसँगको सम्बन्ध बिग्रिँदै जाँदा नयाँदिल्लीले बेइजिङसँगको तनाव घटाउने प्रयास गरेको छ। यसै सन्दर्भमा नयाँदिल्लीको आमन्त्रणमा चिनियाँ विदेशमन्त्री भारत पुगे। तर, चिनियाँ विदेशमन्त्रीको भ्रमणले मात्र चीनसँगको सम्बन्ध सुधारिनेछ भन्ने सोच्नु मूर्खता हुनेछ।



● सुमित गांगुली

'फरेन पोलिसी'का स्तम्भकार सुमित गांगुली स्ट्यानफोर्ड विश्वविद्यालयको 'हुवर इन्स्टिच्युट'का वरिष्ठ फेलो र इन्डियाना विश्वविद्यालयका प्राध्यापक हुन्।

चिनियाँ विदेशमन्त्री वाङ यीले अगस्ट १८-१९ मा दुईदिने नयाँदिल्लीको राजनीतिक भ्रमण गरे। यो भ्रमण गतवर्ष अक्टोबरमा दुई देशले आफ्नो हिमाली सीमा क्षेत्रमा तनाव कम गर्ने र सेना पछाडि हटाउने सहमति गरेपछि सबैभन्दा उच्चस्तरीय चिनियाँ अधिकारीको भारत भ्रमण थियो। सन् २०२० मा गलवान उपत्यकामा भएको घातक सीमा झडपले द्विपक्षीय सम्बन्धमा गम्भीर आघात पुऱ्याएको थियो। त्यसपछि दुई देशले सम्बन्ध सुधारमा विभिन्न प्रयास गरे पनि अपेक्षित परिणाम आउन सकेको छैन।

भारत भ्रमणका क्रममा वाङले तीन शीर्ष नेता प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकर र राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालसँग भेटे। वाङसँगको भेटपछि प्रधानमन्त्री मोदीले सन् २०२० को सैन्य गतिरोधपछि भएको 'स्थिर प्रगति'बारे बोले। त्यस्तै वाङले भारत र चीनलाई 'विरोधी' नभई 'साझेदार' बन्नुपर्ने र दुई पक्षले एक-अर्कालाई 'विश्वास र समर्थन' गर्नुपर्ने भन्ने सर्घैंको भनाइ दोहोऱ्याए।

मोदीले अगस्ट ३१ र सेप्टेम्बर १ मा चीनमा हुने 'सांघाई को-अपरेसन अर्गनाइजेसन (एससिओ)' शिखर सम्मेलनको छेउमा चिनियाँ राष्ट्रपति सी जिनपिङको भेटघाटको निमन्त्रणालाई औपचारिक रूपमा स्वीकार गरे। सी-मोदीबिचको भेटवार्ताबाट कुनै ठोस परिणाम निस्कने सम्भावनाबारे भविष्यवाणी गर्न अहिलेका लागि असम्भव छ। सम्भवतः दुई नेताले फेरि सम्बन्ध सुदृढ पार्न र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको 'भन्सार युद्ध'को विरोध गर्नेछन्।

बेइजिङसँगको सम्बन्ध अझै चिसो रहेकै समयमा भारतले वाङलाई नयाँदिल्ली भ्रमणको निम्तो दिन केले प्रेरित गऱ्यो ? सम्भवतः भारतले एउटै बाध्यकारी कारणले चीनसँग सम्बन्ध सुधार गर्ने प्रयास गर्ने निर्णय गरेजस्तो देखिन्छ, त्यो हो संयुक्त राज्य अमेरिकासँगको सम्बन्धमा आएको तीव्र गिरावट। अमेरिका-भारत सम्बन्धको तीव्र गिरावटमा मुख्यतया रणनीतिक र आर्थिक दुवै मोर्चामा ट्रम्पको शब्द र कदम जिम्मेवार छन्। सुरक्षाको सन्दर्भमा मे महिनामा भारत र पाकिस्तानबिचको द्वन्द्व युद्धविराममा टुंगिएपछि ट्रम्पले पाकिस्तानी सेना प्रमुख असीम मुनिरलाई ह्वाइट हाउसमा स्वागत गरे। यस भेटघाटले नयाँदिल्लीलाई पाकिस्तानको सैन्य प्रतिष्ठान र अमेरिका नजिक भएको शीतयुद्धकालीन सम्झनालाई ताजा गरिदियो।

उसो त आर्थिक कारक पनि कम महत्त्वपूर्ण छैन। जुलाई ३१ मा ट्रम्पले भारतमाथि २५ प्रतिशत भन्सार शुल्कको घोषणा गरे। त्यसपछि अगस्ट ६ मा उनले भारतमाथि २५ प्रतिशतको दोब्रो भन्सार शुल्क लगाउने कार्यकारी आदेशमा हस्ताक्षर गरे। अगस्ट २७ देखि लागू हुने २५ प्रतिशत भन्सार शुल्क रुसी तेल खरिदका लागि लगाइएको भनिएको छ। भारत अहिले चीनपछि रुसी तेलको दोब्रो ठुलो खरिदकर्ता मुलुक हो। ट्रम्प प्रशासनलाई आश्वस्त पार्न भारतले केही अमेरिकी सर्त स्विकार्ने प्रस्ताव गरेको छ। तर, अन्य अडानमा भने उनले अडिग हुने बताएको छ। सबैभन्दा महत्त्वपूर्ण कुरा भारतले रुसी तेल खरिद र प्रशोधन कार्य रोक्न दृढतापूर्वक अस्वीकार गरेको छ।

ट्रम्पको पहिलो कार्यकालको अनुभवको आधारमा भारतीय अधिकारीले दोब्रो ट्रम्प प्रशासनमा पनि अमेरिकासँग सम्बन्ध सुमधुर हुने सोचेका थिए। तर, ट्रम्पको बदलिएको व्यवहारले भारतलाई अचम्मित बनाएको छ। अमेरिका-भारत सम्बन्धका विश्लेषकमाझ ट्रम्पले दुई कारणले भारतमाथि आर्थिक कदम चालेको बहस चलिरहेको छ। पहिलो, मे महिनामा भारत-पाकिस्तान द्वन्द्व रोक्न ट्रम्पको कुनै भूमिका नरहेको भन्ने नयाँदिल्लीको बारम्बारको सार्वजनिक अभिव्यक्तिबाट ट्रम्प व्यक्तिगत रूपमा आक्रोशित भएको तिनको ठम्याइ छ। दोस्रो, भारतसँग वार्तामा बसेका अमेरिकी वार्ताकारले भारतीय कृषि बजार खोल्नुपर्नेमा जोड दिइरहेको बताइन्छ। यस विषयलाई भारतले वार्ता नहुने 'रेड लाइन' घोषित गरेको छ। तर, यी दुवै कारण पनि विज्ञका अनुमान मात्र हुन्।

भारतमाथिको आर्थिक दण्डका पछाडि अमेरिकाको सही प्रेरणा अस्पष्ट रहे पनि भारतले अमेरिकी शक्तिलाई सन्तुलनमा राख्न साझेदार खोजिरहेको कुरा भने स्पष्ट देखिन्छ। आफ्नो विशाल उत्तरी छिमेकी र स्थायी प्रतिद्वन्द्वी चीनसँगको तनाव कम गर्ने प्रयास गर्ने निर्णयलाई ठुलो मात्रामा यही उद्देश्यबाट प्रेरित छ। तर, चीन भने भारत संयुक्त राज्य अमेरिकाबाट पूरै टाढियोस् भन्ने चाहन्छ। त्यसैले नयाँदिल्लीले बेइजिङसँग सम्पर्क गरेर वाङलाई निमन्त्रणा दिँदा उसले त्यस क्षणलाई सदुपयोग गर्ने निर्णय गऱ्यो।

दुर्भाग्यवश, चीनमाथिको भारतको दाउले नराम्रो परिणाम निम्त्याउन सक्छ। नयाँदिल्ली र बेइजिङबिच एक जटिल प्रतिस्पर्धा छ। दुई देशले एसियामा र अन्यत्र भागलाई लिएर भिन्न राजनीतिक दृष्टिकोण राख्ने गर्छन्। उनीहरूबिचको सीमा विवाद समाधानमा कछुवाको प्रगति देखिन्छ। दुई देशको आर्थिक र सैन्य क्षमतामा रहेको ठुलो असमानता झन्-झन् बढ्दै गइरहेका छन्। यसैले चिनियाँ विदेशमन्त्रीको भ्रमणले मात्र चीनसँग सम्बन्ध वास्तविक रूपमा सुधारिनेछ भन्ने सोच्नु मूर्खता हुनेछ। भारतपछि वाङको गन्तव्यले पनि यही कुरा संकेत गर्छ।

भारतीय राजधानीबाट वाङ काबुल र त्यसपछि इस्लामाबाद गए। पाकिस्तानी राजधानीमा उनले बेइजिङको 'बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)'को महत्त्वपूर्ण अंश 'चीन-पाकिस्तान आर्थिक करिडोर (सिपेक)' विस्तार गर्न पाकिस्तानी सरकारसँग सम्झौता गरे। जबकि, वाङको भ्रमणका क्रममा चिनियाँ प्रतिनिधिमण्डलले आफ्ना भारतीय समकक्षीलाई कुनै पनि छुट दिएजस्तो देखिँदैन। बरु चिनियाँ विदेश मन्त्रालयको एक 'रिडआउट'ले जयशंकरले ताइवानलाई चीनको हिस्सा बतायो। चिनियाँ बयानपछि भारतीय विदेश मन्त्रालयले हतारमा ताइवानलाई लिएर भारतको अडान नबदलिएको स्पष्ट पार्नुपऱ्यो।

२४ चरणको द्विपक्षीय वार्ताका बाबजुद भारत र चीनबिच हिमालय क्षेत्रको सीमा विवाद समाधाननजिक पुगेको छैन। राष्ट्रिय सुरक्षा दृष्टिकोणबाट पाकिस्तानसँग बेइजिङको रणनीतिक सम्बन्धलाई भारतमा गम्भीर आशंका छ। मे महिनामा पाकिस्तानसँग भड्किएको द्वन्द्वमा पाकिस्तानले भारतविरुद्ध चीनमा बनेको लडाकु विमान प्रयोग गरेको थियो। यस्तोमा एससिओको सम्मेलनको छेउमा मोदी र सीले सार्वजनिक रूपमा सौहार्दपूर्ण भेटघाट गर्ने सम्भावना भए पनि दुई देशको सम्बन्धमा अन्तर्निहित भिन्नता सम्बोधन गरिने सम्भावना न्यून छ।

'फरेन पोलिसी'का स्तम्भकार सुमित गांगुली स्ट्यानफोर्ड विश्वविद्यालयको 'हुवर इन्स्टिच्युट'का वरिष्ठ फेलो र इन्डियाना विश्वविद्यालयका प्राध्यापक हुन्।

- फरेन पोलिसीबाट

इतिहासमा आज



सन् १९६३ : यसै दिन 'मार्च अन वासिंटन फर जब्स एन्ड फ्रिडम'नाममा अमेरिकामा देशको इतिहासकै ठुलोमध्ये एक प्रदर्शन भयो। प्रदर्शनकारीहरू पछि 'लिंकन मेमोरियल'मा जम्मा भएका थिए। त्यही सभामा अश्वेत अधिकारकर्मी मार्टिन लुथर किङ, जुनियरले उनको बहुचर्चित 'आई ह्याभ ए ड्रिम' भाषण दिएका थिए।

सन् ४७५ : रोमन जनरल फ्लेभिअस ओरेस्टेसको फौजले रोमन सम्राट् जुलियस निपोजलाई राजधानी रभेन्नाबाट खेदे। केही इतिहासकार निपोजलाई २७ इसापूर्वमा सुरु भएको पश्चिमी रोमन साम्राज्यको अन्तिम असली सम्राट् मान्छन्।

सन् १८३३ : बेलायती संसद्ले पारित गरेको 'दासत्व उन्मूलन ऐन १८३३'लाई राजाले मन्जुरी दिएसँगै ब्रिटिस साम्राज्यभर दासप्रथा अन्त्य घोषणा गरियो। यो कानुन कार्यान्वयन भने एक वर्षपछि अगस्ट १ बाट सुरु भएको थियो।

सन् १८९८ : क्यालेब ब्र्याडहयामले आफूले पाँच वर्षअघि विकास गरेको कार्बोनेटेड पेयपदार्थको नाम 'पेप्सि-कोला' राखे, जुन आज पेप्सीको नामले परिचित छ।

सन् १९४३ : जुलाईमा अपदस्थ गरिएपछि हिरासतमा रहेका इटलीका पूर्वतानाशाह बेनितो मुसोलिनीलाई उद्धार गरिने डरले ला मड्डालेनाबाट ग्रान सास्सोको पहाडी भेगमा सारियो। तर, त्यही भेगबाट सेप्टेम्बर १२ मा उनलाई जर्मन कमान्डोको टोलीले उद्धार गरेर नाजीशासित क्षेत्रमा लगेको थियो।

सन् १९५५ : १४ वर्षीय अफ्रिकी-अमेरिकी किशोर एमरेट लुई टिललाई श्वेत महिलालाई जिस्क्याएको आरोपमा क्रूरतापूर्वक मारियो। उनको हत्यामा संलग्नलाई अदालतले निर्दोष ठहर गरेपछि अमेरिकाभर युवा अश्वेतहरू विरोधमा उत्रिएका थिए।

सन् १९७३ : भारत र पाकिस्तानबिच बंगलादेश स्वतन्त्रताका लागि भएको लडाइँका क्रममा कब्जामा परेका एक-अर्का देशका सैनिक रिहा गर्ने विषयमा दिल्ली सम्झौतामा हस्ताक्षर भयो। सम्झौताअनुरूप नब्बे हजार पाकिस्तानी युद्धबन्दी रिहा भए।

सन् १९८० : स्कटल्यान्डस्थित 'एबरडिन रोयल इन्फर्मेरी'मा 'म्याग्नेटिक रिजोनेन्स इमेजिङ (एमआरआई)' मेसिनले पहिलोपटक मानव शरीरको स्क्यान गऱ्यो।

सन् २०१९ : जलवायु परिवर्तनविरुद्ध आवाज उठाउँदै आएकी ग्रेटा थर्नवर्ग प्रदूषणमुक्त डुंगा चढेर बेलायतबाट आन्द्र महासागर पार गरी अमेरिका आइपुगिन्।

वैष्णोदेवी मार्गमा गएको पहिरोमा मृत्यु हुनेको संख्या ३० पुग्यो



नयाँदिल्ली / मंगलबार वैष्णोदेवी मार्गमा गएको पहिरोमा मृत्यु हुनेको संख्या ३० पुगेको छ। घटनापछि वैष्णोदेवी तीर्थ बोर्डले वर्षा र खराब मौसमलाई उद्धृत गर्दै तीर्थयात्रीलाई मौसममा सुधार आएपछि मात्र आफ्नो यात्राको योजना बनाउन अपिल गरेको छ।

जम्मु-कस्मिरका मुख्यमन्त्री उमर अब्दुल्ला बुधबार बिहान पहिरोका कारण क्षतिग्रस्त ताबी पुलको निरीक्षण गरेका थिए। मिडियासँग कुरा गर्दै उनले उद्धार कार्यका लागि एनडिआरएफ टोली खटाएको बताए।

पहिरोका कारण कम्तीमा २० जना घाइते भएका छन्। घाइतेहरूको अस्पतालमा उपचार भइरहेको अधिकारीले बताएका छन्। जम्मु-कस्मिरका गर्भनर मनोज सिन्हाले अस्पतालमा भर्ना भएका घाइतेलाई भेटे।

उनले दुर्भाग्यपूर्ण घटनाप्रति खेद जनाउँदै शव उनीहरूको घर पठाउने तयारी भइरहेको जानकारी दिए। वैष्णोदेवी तीर्थ बोर्डले मृतकका परिवारलाई प्रतिव्यक्ति पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिने बताएको छ। यसका साथै विपत् व्यवस्थापनले उनीहरूलाई प्रतिव्यक्ति चार लाख रुपैयाँ पनि दिनेछ।

मंगलबार भारी वर्षाका कारण कटरा र वैष्णोदेवी यात्रा मार्गको बिचमा अचानक पहिरो गएको थियो। दुर्घटनालगत्तै वैष्णोदेवी तीर्थयात्रा स्थगित गर्ने निर्णय गरिएको थियो।

भारतमा ट्रम्पको ५० % भन्सार दर लागू कुन-कुन क्षेत्र हुनेछन् प्रभावित ?

भारतमा ५० प्रतिशत करले अबौं डुलरको व्यापारलाई असर गर्नेछ, साथमा यस कदमले वासिंटन-नयाँदिल्ली सम्बन्धमा समेत असर गर्नेछ

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय आयातमा लगाएको ५० प्रतिशत भन्सार शुल्क बुधबारदेखि लागू भएको छ। अमेरिकाले पहिलोपटक जुलाई ३० मा भारतमा २५ प्रतिशत भन्सार शुल्क लगाएको थियो। त्यसको एक हप्तापछि रुसी तेल खरिद गरेको भन्दै थप २५ प्रतिशत शुल्क तोकियो। कठोर भन्सार दरले भारतलाई प्रमुख उत्पादन केन्द्रमा रूपान्तरण गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको आर्थिक महत्त्वाकांक्षालाई कमजोर पार्न सक्छ।

गत वर्ष अमेरिका भारतको सबैभन्दा ठुलो व्यापारिक साझेदार थियो। सो वर्ष द्विपक्षीय व्यापार २१२ अर्ब डलर थियो, जसमा भारतले करिब १२९ अर्बको उत्पादन अमेरिका निर्यात गरेको थियो भने ८३ अर्बबराबरको अमेरिकी उत्पादन आयात गरेको थियो।

कुन क्षेत्र सबैभन्दा बढी प्रभावित हुनेछन् ?

नयाँदिल्लीस्थित थिंक ट्यांक 'ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभ (जिटिआरआई)'ले 'द फाइनान्सियल टाइम्स' पत्रिकालाई बताएअनुसार पछिल्लो भन्सार शूल्कका कारण अमेरिकामा हुने भारतीय निर्यात यस वर्ष घटेर लगभग ५० अर्ब डलरमा पुग सक्छ।

जिटिआरआईका अनुसार भारतका कपडा, रत्न तथा गहना, माछा, छालाका सामान, कार्पेट, जुत्ता र फर्निचरदेखि लिएर औद्योगिक रसायन निर्माता सबैभन्दा बढी प्रभावित हुनेछन्। यी क्षेत्रको निर्यातमा ७० प्रतिशतसम्म गिरावट हुने प्रक्षेपण छ। यसले 'लाखौँ रोजगारीलाई खतरामा पार्ने' चेतावनी दिइएको छ।

'अमेरिकाका लागि भारत ठुलो व्यापारिक साझेदार होइन, जबकि भारतका लागि भने अमेरिका सबैभन्दा ठुलो व्यापारिक साझेदार हो,' द वायर समाचार साइटका संस्थापक सम्पादक एमके भेनुले भने, 'पछिल्लो भन्सार शुल्कका कारण मुख्यतः बढी श्रम प्रयोग हुने तथा साना कम्पनी बढी प्रभावित बन्नेछन्। कतिपय त बजारमै टिक्न नसक्ने अवस्था आउन सक्छ।'

शुल्कबाट प्रभावित हुने क्षेत्रको माग न्यून अमेरिकी भन्सार शुल्क रहेका भियतनाम, बंगलादेश र पाकिस्तान र अन्य पूर्वी एसियाली अर्थतन्त्रमा सर्न सक्ने पनि भेनुले बताए।



कुन क्षेत्रलाई छुट दिइनेछ ?

भारतीय औषधि निर्माण क्षेत्रले भने अमेरिकी भन्सार शुल्कमा छुट पाएको छ। अमेरिका आयात गर्ने जेनेरिक औषधिको लगभग आधा हिस्सा भारतबाट अउने गरेको छ। भन्सार लगाइए औषधोपचार महँगिने डरले तत्काल सो क्षेत्रलाई छुट दिइएको हो। सेमिकन्डक्टर र इलेक्ट्रोनिक्स सामानलाई भने अलग क्षेत्र-केन्द्रित भन्सार दरले समेट्छ।

■ भन्सारको प्रभाव कम गर्न भारत सरकारले के गर्दै छ ?

प्रधानमन्त्री मोदीले शुल्कवृद्धिबारे बोल्दै देशका किसानको संरक्षण गर्ने, कर कटौती गर्ने र आत्मनिर्भरताका लागि जोड दिने वाचा गरेका छन्। वर्षको सुरुमा घोषणा गरिएको १२ अर्ब डलरको आयकर छुटका अतिरिक्त, भारतीय प्रधानमन्त्रीले चाँडै व्यवसायलक्षित 'ठुलो कर लाभ'योजना ल्याउन सक्ने चर्चा छ।

त्यस्तै, नयाँदिल्लीले 'गुड्स एन्ड सर्भिस ट्याक्स (जिएसटी)' कर घटाउने र सरल बनाउने योजना बनाइरहेको पनि समाचार आइरहेको छ। त्यसबाहेक अर्को वर्षको प्रारम्भदेखि लागू हुने करिब ५० लाख कर्मचारी र ६८ लाख पेन्सनधारकको तलबवृद्धिसँगै उपभोग बढ्ने र भारतको अर्थतन्त्रलाई केही वृद्धि हुने आशा गरिएको छ।

नयाँदिल्लीमा रहेको 'फोर स्कुल अफ म्यानेजमेन्ट'का भूराजनीतिशास्त्रका प्राध्यापक फैसल अहमदका अनुसार अमेरिकी भन्सार शुल्कले भारतको कुल गार्हस्थ उत्पादनमा उल्लेखनीय प्रभाव पर्दैन। यसको असर करिब एक प्रतिशतमा सीमित हुने उनको ठम्याइ छ।

यही कुरामा निर्मल बैंककी प्रमुख अर्थशास्त्री टेरेसा जोनले पनि सहमत जनाइन्। उनले पनि करिब ३६ अर्ब डलर अर्थात् जिडिपीको ०.९ प्रतिशतको नकारात्मक प्रभाव अनुमान गरिन्। वर्षको सुरुमा अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२६ मा भारतको अर्थतन्त्र ६.४ प्रतिशतले बढ्ने अनुमान गरेको थियो। अमेरिकी भन्सार शुल्कले त्यो परिवर्तन हुन सक्छ।

उच्च अमेरिकी भन्सार शुल्कको निरन्तर खतराका बाबजुद भारतले रुसी कच्चा तेल किन्न जारी राखेको छ। तथापि, खरिद दर भने घटिरहेको छ। नयाँदिल्लीले वासिंटनलाई रुसी तेल किन्ने विषयमा आफूलाई फरक व्यवहार गरेको आरोप पनि लगाएको छ। उसका अनुसार युरोपेली संघ र चीन दुवैले रुसी तेल खरिद गर्दै आएका छन्। तर, उनीहरूमाथि तेल खरिदकै कारण अलग भन्सार शुल्क लगाइएको छैन।

अलजजिराबाट

Notice for Invitation of Sealed Quotation

Published Date: 28th August, 2025

Nabil Bank Ltd. invites sealed quotation from the interested firms/companies for designing and printing of Annual Report- Nepali, for FY 2081/82 as detailed below.

Nepali Annual Report:

Cover	: 300 GSM Artboard paper, Multicolor Print, Perfect Binding, Hot Matt Lamination
Inside Pages	: 115 GSM art paper - Two Color Print
Additional Inner Pages	:150 GSM art paper, Multicolor Print
Size	: A4
No. of Pages	: 260 +/- 10 Plus cover 4 pages and additional 8-inner pages
Quantity	: 2,500 pieces

Note: Please place your quote for below as well:

i. Cost of Proof Reading
ii. Cost per page for additional pages (if required)

Terms and Conditions :

1. The Bank will only provide the theme and content for the report. The typesetting and designing of the entire report is to be undertaken by the vendor.
2. Sample of the previous year's report can be obtained from the Administration Department, Ghantaghar Building, Kathmandu, within Office Hours.
3. Bidders must submit following documents:
   a) Notarized PAN/VAT Certificate
   b) Notarized Firm/Company Registration (renewed)
   c) Notarized Copy of Tax Clearance Certificate (updated)
   d) Letter of Experience from any 2 Class "A" category BFIs or any 3 Class "A" or "B" category BFIs.
   e) Self-declaration of not being black listed under any legal prosecution.
   f) Audited Financial Statements of last two Fiscal Years with disclosed UDIN
   g) List of Prime Customers
   h) Company profile with brief introduction of promoters and key management team
   i) Sample of previous work done for Annual Report of any reputed organization (at least Two)
4. The sealed quotation should be submitted in an envelope addressing Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach the Bank's Head Office, Administration Department, not later than **11th September, 2024 (i.e. 26 Bhadra, 2082) within 4:00 PM.** Sealed quotation received after this deadline will not be accepted.
5. In case the last day of submission of bid falls on a government holiday, then the submission can be done on the next working day. Same applies in case of bid opening date as well.
6. The received Bids shall be opened at Administration Department, Nabil Bank Ltd, Ghantaghar Building, Kathmandu, Nepal on **12th September, 2025 at 11.00 AM i**n the presence/absence of the bidder's representatives.
7. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department Ghantaghar, Kathmandu Contact No: - 01-5971871

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार १२ भदौ ०८२

सात दिनभित्र सूचीकरणमा नआउने सामाजिक सञ्जाललाई निष्क्रिय बनाइने

मेटा, एक्सजस्ता सामाजिक सञ्जालले सञ्चार मन्त्रालयको निर्देशन नटेरेपछि मन्त्रिपरिषद्बाटै निष्क्रिय पार्ने निर्णय

पवन तिमिल्सिना / नयाँ पत्रिका

सरकारले सामाजिक सञ्जाललाई सूचीकरण हुन चेतावनीसहित सात दिनको म्याद दिएको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले सात दिनभित्र सूचीकरणका लागि सम्पर्कमा नआउने सामाजिक सञ्जाललाई नेपालमा निष्क्रिय बनाउने निर्णय गरेको हो।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० तथा सर्वोच्च अदालतको आदेशबमोजिम सञ्चालकलाई जिम्मेवार बनाउन उक्त कार्य गरिएको निर्णयमा उल्लेख छ।

■ मन्त्रीलाई नटेरेपछि मन्त्रिपरिषद्को सहारा

मेटा, एक्सजस्ता सामाजिक सञ्जाललाई सूचीकृत गराउने सञ्चार तथा सूचनाप्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रयास असफल भएपछि उनले मन्त्रिपरिषद् को सहारा लिएका हुन्। मन्त्री गुरुङले पटक-पटक पत्राचारसँगै सार्वजनिक फोरमबाटै मेटा, एक्सजस्ता सामाजिक सञ्जाललाई सूचीकरण गराउन चेतावनीसहितको निर्देशन दिइरहेका थिए। तर, अन्तर्राष्ट्रिय टेक कम्पनीहरूले जवाफसमेत दिन छाडेपछि सञ्चारमन्त्री गुरुङले संसद्मै आक्रोश पोखेका थिए। 'मेटालाई हामीले दर्ता हुन आउन भन्यौं। उसले तेरो संविधानलाई पनि मान्दैनौं, कानुनलाई पनि मान्दैनौं भन्यो। किनभने हाम्रो खुट्टी उनीहरूले देखेका छन्। डिजिटल प्लाटफर्मको प्रभाव हाम्रो मुलुकमा धेरै छ,' गुरुङले राष्ट्रिय सभा बैठकमा भनेका थिए।

गत ५ वैशाखमा सञ्चारसचिव राधिका अर्याल नेतृत्वको टोलीले मेटाका प्रतिनिधिसँग भर्चुअल संवाद गरेको थियो। टोलीले मेटाको सिंगापुरस्थित कार्यालयका पब्लिक पोलिसी म्यानेजर रुफान सर्वारसहितको टिमसँग छलफल गरेको थियो। नेपालको कानुनअनुसार मेटाले सञ्चालन गरिरहेका सामाजिक सञ्जाल दर्ताका लागि आग्रह गरिएको थियो। तर, मेटाको टोलीले नेपालमा दर्ताका लागि गरिएको आग्रहबारे माथिल्लो तहमै छलफल गर्नुपर्ने भन्दै नेपालको प्रस्ताव टारेको थियो।

■ सूचीकृत गराउने सातपटकसम्मको प्रयास असफल

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले हालसम्म सामाजिक सञ्जाललाई सूचीकृत गराउन सातपटक औपचारिक प्रयास गरेको सूचना अधिकारी रवीन्द्रप्रसाद पौडेलले जानकारी दिए। पहिलोपटक मन्त्रालयले सार्वजनिक रूपमा सबै सामाजिक सञ्जाललाई सूचीकृत हुन आह्वान गरेको थियो। त्यसपछि तीनपटकसम्म सार्वजनिक आह्वान गर्दा पनि अटेर गरेपछि मन्त्रालयले वेबसाइटमार्फत र व्यक्तिगत रूपमा सूचीकरणमा आउन पत्राचार गरिएको सूचना अधिकारी पौडेलले जानकारी दिए।

■ टिकटकजस्तै मेटालाई गलाउन प्रयास

हाल टिकटक, भाइबर, निम्बज, विटक र पोप्पोलाइभ मन्त्रालयमा सूचीकृत भइसकेका छन्। २७ कात्तिक ०८० मा सरकारले सर्वदलीय सहमतिका आधारमा टिकटकमाथि प्रतिबन्ध लगाएको थियो। प्रतिबन्ध फुकुवा गराउन टिकटकका प्रतिनिधिहरू नौ महिनासम्म मन्त्रालय धाएका थिए। ६ भदौ ०८१ मा मन्त्रिपरिषद्ले सूचीकरण हुने शर्तसहित टिकटकमाथिको प्रतिबन्ध फुकुवा गऱ्यो। गएको २ साउनमा टेलिग्राममाथि सम्पत्ति शुद्धीकरणको माध्यम बनेको उजुरी बढेपछि सरकारले प्रतिबन्ध लगाएको छ। अहिले टेलिग्राम पनि सूचीकरण गरेर प्रतिबन्ध फुकुवा गराउन सम्पर्कमा आइरहेको उनले जानकारी दिए।



लुम्बिनी परिसरका उद्योग र कारखाना सार्न सर्वोच्चको परमादेश

सर्वोच्चले भन्यो, 'लुम्बिनी मासिएमा अर्को लुम्बिनी बन्न सक्दैन। उद्योग सार्न सकिन्छ। लुम्बिनी आफैंमा ठुलो आध्यात्मिक उद्योग हो। अन्य उद्योगसँग लुम्बिनीको तुलना गर्न मिल्दैन।'



मिलन विश्वकर्मा / नयाँ पत्रिका

सर्वोच्च अदालतले विश्वसम्पदा सूचीमा रहेको गौतमबुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रको संरक्षण पर्खालदेखि १५ किलोमिटर दूरीसम्म भएका धुलो, धुँवा वा कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने उद्योगलाई दुई वर्षभित्र स्थानान्तरण गर्न परमादेश दिएको छ। बुधबार सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र सुनीलकुमार पोखरेलको संयुक्त इजलासले पर्खालको पूर्व, पश्चिम तथा उत्तरतर्फको १५ किमि दूरीसम्मका र दक्षिणतर्फ भारतीय सीमासम्मका उद्योग तथा कारखानालाई बन्द वा स्थानान्तरण गर्न परमादेश दिएको हो। तर, स्थानान्तरण गर्दा उद्योगलाई हुने क्षतिबापत दिनुपर्ने क्षतिपूर्तिको विषयमा भने परमादेश मौन छ। यद्यपि, फैसलाको पूर्ण पाठ भने आउन बाँकी छ।

उक्त क्षेत्रका कार्बनजन्य प्रदूषण उत्सर्जन गर्ने उद्योगले लुम्बिनी क्षेत्रलाई प्रभावित बनाइरहेको भन्दै वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले त्यस्ता उद्योगलाई आवश्यक सुविधासहित स्थानान्तरण गर्न माग गर्दै १३ चैत ०७५ मा सर्वोच्चमा रिट दर्ता गराएका थिए। त्यसमा १५ असार ०७६ मा अन्तरिम परमादेश जारी भएको थियो भने अहिले सर्वोच्चले परमादेश (रिट) जारी गरेको हो।

नेपाल औद्योगिक प्रवर्द्धन बोर्डले १२ मंसिर ०६६ मा लुम्बिनी क्षेत्र संरक्षणका लागि निर्मित पर्खालको १५ किमिभित्र कार्बन उत्सर्जन गर्ने नयाँ उद्योग दर्ता गर्न नदिने निर्णय गरेको थियो। उद्योग स्थानान्तरण भएपछि खाली हुने जग्गामा पर्यटनमैत्री व्यवसाय सञ्चालन गर्ने सुविधा उपलब्ध गराउन पनि सर्वोच्चले परमादेश दिएको छ।

१९ टनमाथिका सवारीसाधनलाई पनि रोक

लुम्बिनीपरिसरमा १९ टनभन्दा बढी भार वहन क्षमता भएको सार्वजनिक सवारीसाधन आवागमनमा समेत रोक लगाउन सर्वोच्चले परमादेश दिएको छ। साथै, लुम्बिनी भैरहवा करिडोर खण्डमा सडकको दायाँबायाँ ८०० मिटर क्षेत्रभित्रको सडकमा पनि १९ टनभन्दा बढी भार वहन क्षमता भएको सार्वजनिक सवारीसाधनको आवागमनमा रोक लगाउन परमादेश दिइएको छ।

यी हुन् स्थानान्तरण गर्नुपर्ने उद्योग

परमादेशले त्यस क्षेत्रमा सञ्चालित बृज सिमेन्ट, अग्नि सिमेन्ट, विशाल सिमेन्ट, गोयन्का सिमेन्ट, जगदम्बा सिमेन्ट, अर्घाखाँची सिमेन्ट, रिलायन्स सिमेन्ट, नेपाल अम्बुजा सिमेन्ट, सिद्धार्थ सिमेन्ट र सुप्रिम सिमेन्ट प्रभावित हुनेछन्। अम्बे स्टिल र हिमाल स्पोन्जलगायतका उद्योग प्रभावित हुनेछन्। कार्बन उत्सर्जन गर्ने अन्य उद्योग पनि अन्यत्र सर्नुपर्ने भएको छ।

लुम्बिनीको संरक्षणमा सहयोग : अधिवक्ता शर्मा

वरिष्ठ अधिवक्ता प्रकाशमणि शर्माले सर्वोच्च अदालतको परमादेश स्वागतयोग्य भएको बताए। 'युनेस्कोले सन् १९९७ मा लुम्बिनी क्षेत्रलाई ब्रह्माण्डकै अतुलनीय मूल्य वा असाधारण सार्वभौमिक मूल्य भएको भन्दै विश्वसम्पदा सूचीमा राखेको थियो। यस्तो क्षेत्रलाई हामीले संरक्षण गर्नुपर्छ। फैसला कार्यान्वयन भएमा वातावरणीय दृष्टिकोणले लुम्बिनी क्षेत्रको संरक्षणमा सहयोग पुग्छ,' उनले भने, 'लुम्बिनी क्षेत्रलाई अन्य ठाउँमा सार्न मिल्दैन। उद्योग सार्न मिल्छ। त्यहाँ खानी तथा कच्चा पदार्थ पनि छैनन्। तसर्थ, त्यहाँ उद्योग राख्नैपर्छ भन्ने छैन। त्यसमाथि त्यहाँ विशेष आर्थिक क्षेत्र (सेज) पनि छ। तसर्थ, त्यहाँबाट उद्योग सार्नुपर्छ। तर, सरकारले यसमा सुविधा भने दिनुपर्छ।'

क्षतिपूर्तिको विषय आएन : अधिवक्ता कर्ण

उद्योगहरूको तर्फबाट वकालत गरेका अधिवक्ता रमण कर्णले क्षतिपूर्तिविना यस्तो परमादेश आउँदा उद्योगलाई अन्याय हुने बताए। 'क्षतिपूर्ति पाउनुपर्ने लगानीकर्ताको संवैधानिक अधिकार हो। यद्यपि, पूर्ण पाठ आउन बाँकी छ। पूर्ण पाठमा यो विषय सम्बोधन हुन्छ भन्ने अपेक्षा,' उनले भने, 'सरकारकै स्वीकृतिमा उद्योग स्थापना भएका हुन्। अहिले आएर उद्योग सार्ने भनियो। यसले बहुयामिक रूपमा असर पर्छ। उद्योगहरूले अर्थतन्त्र चलायमान बनाएका छन्। यो अवस्थामा यस्तो परमादेशले विकासमा कस्तो असर गर्छ ? त्यसमा ध्यान दिइएन। वातावरण संरक्षणमा सहयोग पुऱ्याउन अरू विकल्प पनि थिए। सिएसआरको खर्च यसमा गर्न सकिन्थ्यो।'

विश्वसम्पदा सूचीबाट हट्ने जोखिम देखियो : सर्वोच्च

सर्वोच्चले विश्वसम्पदा सूचीमा सूचीकृत ऐतिहासिक पुरातात्त्विक, धार्मिक वा सांस्कृतिकस्थललाई निरन्तरता दिन चालिनुपर्ने संरक्षण र संवर्द्धनसम्बन्धी सुझाव र निर्णयप्रति संवेदनशील हुन जरुरी भएको बताएको छ। लुम्बिनी विश्वको अतुलनीय सम्पदामा सूचीकृत भएको दुई वर्षपछि (१९९९)बाट नै यसको धार्मिक, सांस्कृतिक र पुरातात्त्विक महत्त्वको रक्षाका लागि १७ पटक उच्चस्तरका अध्ययन तथा छानबिन टोली पठाई पटक-पटक लुम्बिनी क्षेत्रमा रहेको विश्वसम्पदामाथि वातावरण प्रदूषणबाट परिरहेको क्षतिबारे सजग गराइएको थियो।

लुम्बिनीको निकटवर्ती क्षेत्रमा रहेका सिमेन्ट उद्योगलगायतका प्रदूषण तथा कार्बन उत्सर्जन गर्ने उद्योगका कारण लुम्बिनीमा पर्न गएको क्षति र प्रदूषित वायुको हानिकारक प्रभावलाई छिटो न्यूनीकरण गर्न नसकिएमा खतराको सूचीमा राखी बिस्तारै विश्वसम्पदा सूचीबाट लुम्बिनीको नाम हटाइने स्थितिसम्म पनि आइपुग्न सक्ने जोखिम रहेको छ। सरकारले यस विषयमा तत्काल प्रभावकारी र ठोस कदम चाल्नुपर्ने आवश्यकता रहेको सर्वोच्चको भनाइ छ।

जैविक विविधताको हिसाबले पनि लुम्बिनी धेरै नै महत्त्वपूर्ण मानिएको छ। लुम्बिनीमा १६ वटा सिमसार क्षेत्र रहेका छन् र ती सिमसार क्षेत्रमा सारसलगायतका विभिन्न चराको वासस्थान रहेको पाइन्छ। पछिल्लो अनुसन्धानले नेपालमा पाइने ६९० सारसमध्ये ६५२ वटा लुम्बिनीमा रहेको पाइएको छ। लुम्बिनी क्षेत्रमा अत्यधिक वातावरण प्रदूषणले हराउँदै गएका लोपोन्मुख चराचुरुंगीको वासस्थानमा समेत गम्भीर क्षति पुगिरहेको सर्वोच्चको भनाइ छ।

लुम्बिनी आफैंमा ठुलो आध्यात्मिक उद्योग हो

सर्वोच्चले लुम्बिनी मासिएमा अर्को लुम्बिनी बन्न नसक्ने भन्दै उद्योग सार्न सकिने बताएको छ। 'लुम्बिनी मासिएमा अर्को लुम्बिनी बन्न सक्दैन। उद्योग सार्न सकिन्छ यसको विकल्प खोज्न सकिन्छ। तर लुम्बिनी सार्न वा यसको विकल्प खोज्न सकिँदैन। तसर्थ, लुम्बिनीलाई नेपाल र नेपालीले गर्न सक्ने सम्पूर्ण निर्णय र प्रयास गरी बचाउन जरुरी छ,' फैसलामा भनिएको छ, 'उद्योग, कलकारखानाले रोजगारी दिन्छन्, राजस्वमा योगदान पुऱ्याउँछन् भन्ने तथ्यलाई स्विकार्दा पनि लुम्बिनी आफैंमा धेरै ठुलो आध्यात्मिक उद्योग हो र यसले पर्यटन उद्योगको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा पार्ने सकारात्मक प्रभावको तुलना अन्य उद्योगसँग गर्न मिल्दैन।'

NMB MUTUAL FUND
एनएमबि म्युचुअल फण्ड

NMB Sulav Investment Fund II

एनएमबि म्युचुअल फण्ड
अन्तर्गत संचालित एनएमबि सुलभ इन्भेष्टमेन्ट फण्ड-२

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष निरामावली,२०६७ बमोजिम
नेपाल धितोपत्र बोर्डबाट २०७९/०४/०५ मा योजना संचालन अनुमति प्राप्त
योजनाको निधारित समयावधि समाप्ती मिति २०८९/०५/१४

२०८२ श्रावण मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धि विवरण	श्रावण मसान्त २०८२ (रु)	आषाढ मसान्त २०८२ (रु)
क. धितोपत्र तथा अन्य लगानी		
१ सूचीकृत शेयर	१,४३३,३०२,६९०.३०	१,४४०,७३४,३७५.३२
२ ऋणपत्र/बोण्ड	७६,९१५,७४२.९०	७६,४८०,३०६.४०
३ सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर	११,७६१,५६३.१२	८,६८६,१६३.९६
४ ट्रेजरी बिल	१९,८५५,०६०.००	७३,६५८,२४७.३०
जम्मा	१,५४१,८३५,०५६.३२	१,५९९,५५९,०९२.९८
ख. चालु सम्पत्ति		
१ बैंक मोज्दात	७६,७१५,३००.४९	३९,६२५,७११.११
२ अन्य सम्पत्ति	५,४००,४१७.५६	३,४०६,६२६.५६
जम्मा	८२,११५,७१८.०५	४३,०३२,३३७.६७
ग. चालु दायित्व		
१ अन्य दायित्व	३३८,४३२.००	३,३३५,१५०.००
जम्मा	३३८,४३२.००	३,३३५,१५०.००
कूल सम्पत्ति घ=(क+ख-ग)	१,६२३,६९२,३४२.३७	१,६३९,२५६,२८०.६५
भुक्तानी हुन बाँकी सेवा शुल्क (ङ)		
योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	२,४११,८५८.१५	६,६५७,४१७.५०
कोष सुपरीवेक्षक शुल्क	१४१,८७४.०२	३९१,६१२.८०
खुद सम्पत्ति (घ-ङ)	१,६२१,०५८,६१०.२०	१,६३२,२०७,२५०.३५
जम्मा इकाई	१२२,१००,०००.००	१२२,१००,०००.००
प्रति इकाई खुद सम्पत्ति मूल्य	१३.२८	१३.३७

आय व्यय विवरण

क्र.स.	विवरण	श्रावण मसान्त २०८२ (रु)	आषाढ मसान्त २०८२ (रु)
१	प्राप्त भइ सकेको ब्याज, लाभांश तथा अन्य आम्दानी	३,०८९,९२३.०५	२६,६५४,७१२.१०
२	प्राप्त भइ नसकेको ब्याज तथा लाभांश आम्दानी	१७७,५६४.३६	४०६,४५६.५६
३	प्राप्त भइ नसकेको पूंजीगत आम्दानी/(नोक्सानी)	(२०,९७०,०७९.१७)	८५,७१३,४९७.२८
४	पूँजीगत आम्दानी/(नोक्सानी)	९,१३३,४०८.४५	१७८,८१३,७२८.३४
	जम्मा आम्दानी	(८,५६९,१८३.३१)	२९१,५८८,३९४.२८
१	स्टक एक्सचेञ्ज सूचीकरण शुल्क	५०,०००.००	५०,०००.००
२	योजना लेखापरीक्षण शुल्क	-	१६९,५००.००
३	योजना व्यवस्थापक तथा डिपोजीटरी शुल्क	२,४११,८५८.१५	२६,८५३,०६०.४४
४	कोष सुपरीवेक्षण शुल्क	१४१,८७४.०२	१,५७९,५९९.७७
५	वार्षिक सिडिएस तथा सफटवेयर जडान/मर्मत शुल्क	१७०,०००.००	१७०,०००.००
६	अन्य खर्च	३७,८९२.००	४८८,०६२.४७
	जम्मा खर्च	२,८११,६२४.१७	२९,३१०,२१४.६८
	कूल आय/(व्यय)	(११,३८०,८०७.४८)	२६२,२७८,१७९.६०

क्र.सं.	धितोपत्र	संख्या	सम्पत्तिको मूल्य (रु)
वाणिज्य बैंक समूह			
१	माछापुच्छे बैंक लिमिटेड	१७४,९८५	४४,०५५,९७३.४५
२	एनआईसी एशिया बैंक लिमिटेड	१७१,०४९	६२,५४५,७७७.३४
३	प्रभु बैंक लिमिटेड	५,०००	१,०९२,१००.००
४	सानिमा बैंक लिमिटेड	९६,२१२	३५,३८९,६५९.९६
५	सिद्धार्थ बैंक लिमिटेड	१७१,८१२	६३,४३१,२७२.२८
			२०६,५१४,७८३.०३
विकास बैंक			
६	गरिमा विकास बैंक लिमिटेड	१५१,५३५	६४,१९६,२८७.४०
७	मुक्तिनाथ विकास बैंक लिमिटेड	२१५,४२५	९५,७५२,९०४.००
८	साझिला डेभलपमेन्ट बैंक लिमिटेड	१३२,९७०	५८,४७२,२२७.८०
			२१८,४२०,६१९.२०
जीवन बीमा समूह			
९	गार्डियन माइक्रो लाईफ इन्स्योरेन्स लिमिटेड	८९०	१,८०४,६७९.७०
१०	हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेड	५२,२३९	२१,२२१,०४८.९७
११	क्रेस्ट माइक्रो लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१,८४१	२,३८८,१४५.२०
१२	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१४२,३३६	८७,६१४,९२४.८०
१३	नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१४६,५९२	११४,९५०,११६.८०
१४	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५९,३२६	२३,९३८,०४१.००
			२५१,९१६,९४६.४७
निर्जीवन बीमा समूह			
१५	नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड	१,८४१	२,७८८,३६०.१९
१६	नेको इन्स्योरेन्स लिमिटेड	३१,५८७	२२,२४३,५६५.४०
१७	सगरमाथा लुम्बिनी इन्स्योरेन्स लिमिटेड	१०३,२११	७१,२०८,३६५.२३
१८	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	१४८,९२९	१२०,९५१,१९८.०६
			२१७,१९९,४८८.८८
उत्पादन र प्रशोधन उद्योग समूह			
१९	ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड	१,४७३	२,००१,५७१.३२
२०	शिवम् सिमेन्ट लिमिटेड	५४,९२८	३४,७५०,७४८.४८
२१	युनिलिभर नेपाल लिमिटेड	८०३	३८,४६३,७००.००
			७५,२९६,०१९.८०

हाइड्रो पावर समूह			
२२	माउन्टेन इनर्जी नेपाल लिमिटेड	८५,३८३	५३,२२१,७८५.३९
२३	रु रु जलविद्युत परियोजना लिमिटेड	११५,५९१	८५,७१७,६६१.९६
२४	सान्भि इनर्जी लिमिटेड	१,६४४	१,१५८,८३९.१६
			१४०,०९८,२८६.५१
लघुवित्त वित्तीय संस्था			
२५	आशा लघुवित्त वित्तीय संस्था लिमिटेड	४७,८६८	४७,८०७,२०७.६४
२६	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	७५,०५१	७८,४८३,८३२.७४
२७	नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड	६२,४०७	८१,९१४,८०४.१३
२८	नेष्डो समूह लघुवित्त वित्तीय संस्था लिमिटेड	२२,४२०	३७,८९५,६२९.२०
२९	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	५५,६५७	४८,९१९,७२०.१५
			२९५,०२१,१९३.८६
अन्य			
३०	ट्रेड टावर लिमिटेड	२,२४३	२,१०५,३०२.२३
३१	पियोर इनर्जी लिमिटेड	९४८	८२१,२९०.३२
			२,९२६,५९२.५५
म्युचुअल फण्ड समूह			
३२	कुमारी सबल योजना	४७५,०००	४,७२६,२५०.००
३३	एमबीएल इक्विटी फण्ड	३००,०००	२,६७३,०००.००
३४	मुक्तिनाथ म्युचुअल फण्ड १	२००,०००	१,८३८,०००.००
३५	एनआईबिएल ग्रोथ फण्ड	५००,०००	४,६६५,०००.००
३६	एन आई सि एशिया ग्रोथ फण्ड २	५००,०००	४,३८०,०००.००
३७	एनआईबिएल स्टेबल फण्ड	४५०,०००	३,९८२,५००.००
३८	रिलायबल समृद्धि योजना	४००,०००	३,७२२,०००.००
			२५,९९६,७५०.००
	कूल	५,०४३,६०५	१,४३३,३०२,६९०.३०
म्युचुअल फण्ड समूह (खुलामुखी योजना)			
१	सिटिजन्स सदाबहार योजना	१५०,०००	१,५००,०००.००
२	प्रभु सिस्टमेटिक इन्भेष्टमेन्ट स्किम	१५०,०००	१,५०३,५००.००
			३,००३,५००.००
डिबेन्चर समूह			
१	बि.ओ.के. डिबेन्चर २०८६ "क"	३२,९१८	३७,८९०,२६३.९०
२	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८६/८७	२,५००	२,५८७,५००.००
३	ग्लोबल आइएमई बैंक लिमिटेड डिबेन्चर २०८४/८५	८,६२९	९,८४५,६८९.००
४	८.५% माछापुच्छे बैंक डिबेन्चर २०८७	३००	३२१,०००.००
५	१०.५% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०८२	१,५००	१,६५०,०००.००
६	१०.% नेपाल इन्भेष्टमेन्ट डिबेन्चर २०९०	९,२६४	१०,७९२,५६०.००
७	९% नेपाल एसबिआई बैंक डिबेन्चर २०८९	१,०००	१,१६०,७३०.००
८	१०% एनआईसि एशिया डिबेन्चर २०८५/८६	९००	९७२,०००.००
९	१०.३०% स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड	१०,०००	११,६९६,०००.००
	कूल	६७,०११	७६,९१५,७४२.९०

थप प्रकटीकरणहरु :

१ सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी २०८२ श्रावण मसान्तसम्मको लागत मूल्यमा कूल लगानी (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क, डि.पि शूल्क समेत) रु १,३१६,१२४,४२६।१९ (अक्षरेपि एक अर्ब एकतिस करोड एकसट्ठी लाख चौबिस हजार चार सय छब्बिस रुपैयाँ उन्नाइस पैसा मात्र।) रहेको छ।

२ योजनाको श्रावण २०८२ सम्म धितोपत्र कारोबार गर्दाको लागत (धितोपत्र दलाल कमिशन, सेबोन शूल्क,डि.पि शूल्क) रु २१३,३८९।९६ (अक्षरेपी दुई लाख तेह्र हजार तीन सय उनान्नब्बे रुपैयाँ छ्यानब्बे पैसा मात्र।)रहेको छ।

३ हकप्रद शेयर र बोनस शेयरको हकमा शेयर दाखिल खारेज बन्द मितिको दिन गणना गरी प्राप्त हुने हकप्रद/बोनस शेयरलाई खुद सम्पत्तिमा समावेश गरिएको छ। सो हकप्रद/बोनस शेयरको मूल्याङ्कन प्रत्येक मसान्तमा कायम भएको अन्तिम मूल्यको आधारमा गरिएको छ।

४ सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को दफा २२ को अधिनमा रही योजनाको लगानी मूल्याङ्कन गरिएको छ। म्युचुअल फण्डको मूल्याङ्कन नीति सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेवसाइट "https://nmbcl.com.np/download" मा गई हेर्न सकिनेछ।

५ २०८२ श्रावण मसान्तमा योजनाको सूचीकृत इक्विटी पोर्टफोलियोको (म्यूचूअल फण्डमा गरिएको लगानी समावेश नगरिएको मुल्य/आम्दानी अनुपात (PE Ratio) ३०।८१ रहेको छ। जीवन बीमा कम्पनीहरुको हकमा पछिल्लो परिष्कृत वित्तीय विवरणको आधारमा र अन्य कम्पनीहरुको हकमा पछिल्लो चार त्रैमासको मुनाफाको आधारमा मुल्य/आम्दानी अनुपात गणना गरिएको छ।

६ ऋणात्मक आम्दानी भएका कम्पनीहरु समावेश नगरिएको सूचीकृत इक्विटी पोर्टफोलियो को (म्यूचूअल फण्डमा गरिएको लगानी समावेश नगरिएको)मुल्य/आम्दानी अनुपात (PE Ratio) २९।९१ रहेको छ।

७ योजनाको लेखापरीक्षण शुल्क लेखापरीक्षक नियुक्ति भए पश्चात मात्र खुद सम्पति मूल्यमा समावेश गरिनेछ।

८. योजनाको साप्ताहिक खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण र प्रकाशित मासिक खुद सम्पत्ति मूल्य सम्बन्धी विस्तृत विवरण योजना व्यवस्थापकको वेव साईटमा हेर्न सकिनेछ ।

९ योजना सम्बन्धि कुनै जिज्ञाशा वा गुनासो रहेमा हामीलाई ईमेल ठेगाना "**mutualfunds@nmbcl.com.np**" मा सम्पर्क गर्नुहोला।

योजना व्यवस्थापक

NMB CAPITAL एनएमबि क्यापिटल

एनएमबि क्यापिटल लिमिटेड
बालुवाटार-४, काठमाडौं, नेपाल
फोन नं.: ०१-४५३७९६०
इमेलः info@nmbcl.com.np
वेबसाइटः www.nmbcl.com.np

सहकारी ऐन संशोधन गर्दै बागमती सरकार

मकवानपुर/ बागमती प्रदेश सरकारले प्रदेश सहकारी ऐन संशोधनको प्रक्रियाअगाडि एक उच्चस्तरीय समिति गठन गरेको छ। मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीका अनुसार सहकारी मन्त्रालयका दुई महाशाखा प्रमुख सदस्य तोकिएका छन् भने कानुन अधिकृत सदस्यसचिव रहनेछन्।

यस्तै, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको कानुन प्रतिनिधि एक-एकजना समितिको सदस्य रहने गरी मस्यौदा समिति गठन गरिएको छ। सहकारी समस्या समाधान तथा व्यवस्थापन गर्न कानुनी समस्या देखिएपछि संशोधनको तयारी थालिएको सहकारी तथा गरिबी निवारणमन्त्री बिनु रायमाझीले बताइन्। प्रदेशमा रहेका तीन हजारभन्दा बढी सहकारीमा देखिएका समस्या समाधान र व्यवस्थापन गर्न ऐन संशोधन गर्नुपरेको हो।

समितिले मुख्य गरी संघीय सहकारी ऐनसँग बाझिएका वा संशोधन गर्नुपर्ने विषय पहिचान गरी समायोजनका लागि सिफारिस गर्ने र हालको ऐन कार्यान्वयनमा देखिएका व्यावहारिक कठिनाइ र समस्याको पहिचान गरी सुधारका लागि आवश्यक सुझाव दिने मन्त्रालयका सचिव दर्जीले बताए।

बिबी एयरवेजको लाइसेन्स नवीकरण प्रक्रिया यथास्थितिमा राख्न सर्वोच्चको अन्तरिम आदेश

काठमाडौं/ बिबी एयरवेजको लाइसेन्स नवीकरण नगर्ने सरकारको निर्णय यथास्थितिमा राख्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ। लाइसेन्स जारी गरेको दुई वर्षमै उडान सञ्चालन गर्नुपर्ने सर्त पालना नगरेपछि मन्त्रालयले बिबी एयरवेजको लाइसेन्स नवीकरण नगर्ने निर्णय गरेको थियो। यो निर्णयविरूद्ध बिबी एयरवेजले मंगलबार सर्वोच्च अदालतमा रिट दर्ता गरेको थियो। बुधबार न्यायाधीश सुनीलकुमार पोखरेलको एकल इजलासले लाइसेन्स नवीकरणको प्रक्रियालाई यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो। साथै, विपक्षीका नाममा कारण देखाऊ आदेशसमेत जारी गरेको छ।

बिबी एयरवेजले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई रिट दायर गरेको थियो। बिबी एयरवेजले इजाजतपत्र नवीकरणका लागि दिएको प्रस्तावमा सर्त पालना नगरेकाले नवीकरण गर्न नसकिने निर्णय पठाइसकेको नागरिक उड्डयन महाशाखा प्रमुख मुकेश डंगोलले जानकारी दिए। उनले भने, 'मन्त्रालयले त नवीकरण नगर्ने निर्णय नै गरिसकेको छ। अब अदालतबाट आदेश आयो भने मात्रै नवीकरण हुन सक्छ। नत्र हुँदैन।'

अन्तर्राष्ट्रिय वायुसेवाको इजाजत पाएको बिबी एयरवेजको नवीकरणको म्याद गत वर्ष १८ पुसमै गुज्रिएको थियो। इजाजतपत्रप्राप्त वायुसेवा सञ्चालकलाई उड्डयन प्राधिकरणबाट अन्तर्राष्ट्रिय वायु सेवा सञ्चालन प्रमाणपत्र (एओसी) पाएको दुई वर्षभित्र सेवा सञ्चालन गर्नुपर्ने शर्त थियो। तर, पाँचवटा चरणमध्ये चारवटा मात्रै चरण पूरा गरेको भन्दै प्राधिकरणले हालसम्म एओसी दिइसकेको छैन। प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले एओसीका लागि अन्तिम चरणको सर्त भनेको जहाज ल्याउनुपर्ने भएको बताए।

■ उखु किसानको आन्दोलन पाँचौं दिनमा

आज कृषि र अर्थमन्त्रीसँग वार्ता गर्ने, ७० रुपैयाँ अनुदानको अडान नछाड्ने

नयाँ पत्रिका

प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान पाउन

दसैँ–तिहारमा 'बजाज प्रिमियर लिग' योजना

काठमाडौं/ बजाज मोटरसाइकलको एक मात्र आधिकारिक वितरक हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले दसैँ र तिहारजस्ता चाडपर्वलाई लक्षित गरेर नयाँ योजना 'बजाज प्रिमियर लिग' (बिपिएल) सार्वजनिक गरेको छ। कम्पनीका अनुसार दुईपाङ्ग्रे सवारीसाधन जीवनशैली र पहिचानको प्रतीक बनिसकेको छ। त्यसैले उपभोक्तालाई अझ नजिक ल्याउने प्रयासस्वरूप बिपिएल सुरु गरेको कम्पनीको भनाइ छ। यस योजनाअन्तर्गत प्रत्येक बजाज मोटरसाइकल खरिदकर्ताले क्रिकेटको स्कोरिङ शैलीमै जति धेरै रन, त्यति धेरै नगद पुरस्कार पाउनेछन्। साथै, नागरिकता राखेर सहजै किस्ताबन्दी खरिद गर्न सकिने सुविधा पनि यो योजनामा उपलब्ध छ।



यसमा ग्राहकले सातै प्रदेशबाट प्रत्येक हप्ता ५० हजार नगद उपहार जित्नेछन्। त्यस्तै, 'प्लेयर अफ दी विक' बन्ने ग्राहकले एक लाख नगद पाउनेछन् भने चर्चित क्रिकेटरसँग भेट्न अवसरसमेत पाउनेछन्। बजाजको यस योजनामा मोटरसाइकल खरिदकर्ताले नगद पुरस्कारको साथमा क्रिकेटसँग जोडिएका अनौंठा अनुभव पनि साट्न पाउनेछन्।

योजनाबारे बोल्दै गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले नेपालमा बजाज मोटरसाइकललाई भरपर्दो र लोकप्रिय ब्रान्डको रूपमा स्थापित गर्दै आएको हंसराज हुलासचन्द एन्ड कम्पनी प्रालिले यस अभियानमार्फत ग्राहकसँगको भावनात्मक सम्बन्ध अझ गहिरो बनाउन खोजेको बताए। 'बिपिएलले मोटरसाइकल खरिदकर्तालाई र अरू सर्वसाधारणलाई समेत चाडपर्वको रमाइलो उत्सव र जितको नयाँ अनुभव पनि दिलाउने छ,' उनले भने। यसबाहेक बिपिएल योजनाले मोबाइल गेमप्रेमीलाई लक्षित गरी विभिन्न उपहार जित्ने अवसर पनि प्रदान गर्नेछ। मोबाइलमा क्रिकेट खेलेर उपहार जित्न सकिने कम्पनीको भनाइ छ।

सञ्चालनमा आयो मुक्तिनाथ विकास बैंकको धुम्बाराही शाखा



काठमाडौं/ मुक्तिनाथ विकास बैंकको धुम्बाराही शाखा सञ्चालनमा आएको छ। शाखाको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले उद्घाटन गरे। बैंकले जमलमा रहेको आफ्नो शाखालाई काठमाडौं महानगरपालिका- ४ स्थित चिलिमे टावरमा स्थानान्तरण गरी औपचारिक सुरुवात गरेको हो।

कार्यकारी निर्देशक पौडेलले बैंकले कृषि क्षेत्रमा गरेको लगानी र डिजिटल बैंकिङ सेवाको विस्तारको प्रशंसा गर्दैन जोखिम व्यवस्थापनमा पनि त्यत्तिकै चनाखो हुन सुझाव दिए। त्यसैगरी, बैंकका सञ्चालक उमेश आचार्यले स्वागत मन्तव्य राखेका थिए भने प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेलले बैंकको अवस्था र आगामी योजनाबारे जानकारी गराएका थिए।

साथै, निवर्तमान अध्यक्ष तथा संस्थापक प्रमुख कार्यकारी अधिकृत भरतराज ढकालले नेपालको अर्थतन्त्र तथा वित्तीय क्षेत्रको सबलीकरणका लागि बैंक तथा नियामक निकायले अख्तियार गर्नुपर्ने रणनीतिबारे प्रकाश पारेका थिए। बैंकका सञ्चालक समिति अध्यक्ष खिमप्रकाश मल्लले बैंकको सेवाको गुणस्तरमा अझै सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

प्रभु बैंकका ग्राहकले मार्फा प्यालेसमा छुट पाउने



काठमाडौं/ प्रभु बैंक र मार्फा प्यालेस होटेलबिच व्यावसायिक साझेदारी भएको छ। बैंकका कर्मचारी तथा ग्राहकलाई घरपझोङ गाउँपालिका वडा नम्बर- २ मार्फास्थित होटेलमा उपलब्ध सेवामा छुट प्रदान गर्न दुवै पक्ष सहमत भएका छन्। छुटसम्बन्धी सम्झौतामा बैंकका तर्फबाट जोमसोम क्लस्टर प्रमुख तथा जोमसोम शाखा प्रबन्धक नरेन्द्र थकाली र होटेलका तर्फबाट केशव रिजालले हस्ताक्षर गरेका हुन्।

यससँगै बैंकका ग्राहक तथा कर्मचारीले बैंकको डेबिड-क्रेडिट कार्ड तथा अन्य विद्युतीय माध्यमद्वारा बिल भुक्तानी गर्दा होटेलमा उपलब्ध आवास, खाना तथा मनोरञ्जनलगायतका सेवामा १५ प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्।

स्याउको राजधानीका रूपमा चिनिने मार्फा गाउँमा अवस्थित मार्फा प्यालेस होटेल आरामदायी बसाइका लागि न्यानो, परिवारमैत्री वातावरण, आरामदायी आवास र असाधारण सेवाको साथ मिश्रित नयाँ गन्तव्य हुन सक्ने बताइएको छ। दुवै पक्षबिचको यो साझेदारीले मुस्ताङको पर्यटन प्रवर्द्धनका साथै बैंकका ग्राहक पनि लाभान्वित हुने विश्वास लिइएको छ।

नेप्से ५३ अंकले बढ्दा साढे सात अर्बको कारोबार



काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधबार उच्च अंकले बढेको छ। नेप्से ५३.०१ अंक (१.९१ प्रतिशत) ले बढेर दुई हजार ८१९.१० अंकमा पुगेको हो। सो दिन 'क' वर्गका कम्पनीको कारोबार मापक सेन्सेटिभ इन्डेक्स पनि १.७९ प्रतिशतले बढ्यो। बढेको बजारमा तीन सय २१ कम्पनीका एक करोड ४९ लाख ८६ हजार कित्ता सेयर खरिद-बिक्री हुँदा सात अर्ब ६८ करोड ३३ लाख ८६ हजार रुपैयाँबराबरको कारोबार भएको छ।

बुधबार दिन नेप्सेका सबै १३ समूहको सूचक उकालो लागेका छन्। विकास बैंक सबैभन्दा धेरै ३.४० प्रतिशतले बढ्दा लगानी, जीवन बिमा, उत्पादन तथा प्रशोधन, अन्य र व्यापार समूह दुई प्रतिशतभन्दा धेरैले बढेका छन्। त्यस्तै, विकास हाइड्रोपावरको सेयर मूल्यमा सकारात्मक सर्किट लाग्दा समता घरेलु लघुवित्त, ग्रिन भेन्चर र क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स क्रमशः ९, ८ र ७ प्रतिशतले बढे। त्यसैगरी, सर्वाधिक घटेको रिपब्लिक मिडियाका लगानीकर्ताले चार प्रतिशतभन्दा धेरै गुमाएका छन्। सिवाइसी नेपाल लघुवित्त तीन प्रतिशतभन्दा धेरैले ओरालो लागेको छ।

बन्दीपुर केबलकारको आइपिओ बिक्री खुला

काठमाडौं/ बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडले बुधबारदेखि सर्वसाधारणका लागि आइपिओ बिक्री खुलाएको छ। कम्पनीले ५८ लाख ६० लाख रुपैयाँबराबरको प्रतिकित्ता १०० अंकित दरमा ५८ लाख ६० हजार कित्ता साधारण सेयर निष्कासन गर्न अनुमति पाएको थियो। सोहीअनुसार पहिलो चरणमा पाँच लाख ६६ हजार आयोजना प्रभावितलाई र अर्को पाँच लाख २९ हजार ४०० कित्ता कित्ता वैदेशिक रोजगारीमा गएका नेपालीमा निष्कासन गरिसकेको छ।

बाँकी रहेको सेयरमध्ये पनि दुई लाख ६४ हजार कित्ता सामूहिक लगानी कोष, एक लाख ५८ हजार आठ सय २० कित्ता कर्मचारीलाई सुरक्षित गरी बाँकी रहेको ४३ लाख ४१ हजार ८० कित्ता सर्वसाधारणका लागि बिक्री खुलेको हो।

२० भदौदेखि झापा इनर्जीको साधारण सेयर खुल्दै

काठमाडौं/ झापा इनर्जी लिमिटेडले २० भदौदेखि चार लाख ७३ हजार तीन सय ३६ कित्ता साधारण सेयर (आइपिओ) सर्वसाधारणका लागि निष्कासन गर्ने भएको छ। कम्पनीले प्रतिकित्ता १०० रुपैयाँका दरले नौ लाख ५० हजार चार सय ७५ कित्ता सेयर निष्कासन गर्न अनुमति पाएको थियो। त्यसमध्ये पहिलो चरणमा तीन लाख ८० हजार एक सय ९० कित्ता आयोजना प्रभावित स्थानीयलाई र ५७ हजार २९ कित्ता वैदेशिक रोजगारीमा गएका नेपालीलाई बिक्री गरिसकेको छ।

अब भने कम्पनीले २८ हजार पाँच सय १४ कित्ता सामूहिक लगानी कोष र ११ हजार चार सय ६ कित्ता कम्पनीका कर्मचारीलाई छुट्याएर बाँकी बसेको चार लाख ७३ हजार तीन सय ३६ कित्ता सर्वसाधारणमा निष्कासन गर्न लागेको हो।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/०५/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सार्विकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८२/०५/१८ गते/स्थान : सम्बन्धित शाखा कार्यालय — २०८२/०५/२० गते, शुक्रबार दिनको १ बजे

क्र.सं. १ — शाखा कार्यालय : विराटनगर, मोरङ्ग

ऋणीको नाम, ठेगाना

१. नाम : श्रीराम ठाकुर हजाम
नाप्र.नं. २/१३१४, जि.प्र.का. मोरङ्ग, जारी मिति : २०४५/०१/२२
बाबुको नाम : जगदीश ठाकुर हजाम, बाजेको नाम : उचितलाल ठाकुर
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. २१, हाल : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १५

जमानतकर्ताको विवरण

१. नाम : आरती देवी ठाकुर हजाम	२. नाम : मुकुन्द राज ठाकुर
ना.प्र.नं. ७३९०, जि.प्र.का. मोरङ्ग	ना.प्र.नं. ०५-०१-७३-०५६३०, जि.प्र.का. मोरङ्ग
जारी मिति : २०६१/१२/११	जारी मिति : २०७३/०६/१०
पतिको नाम : श्रीराम ठाकुर हजाम	बाबुको नाम : श्रीराम ठाकुर हजाम
ससुराको नाम : जगदीश ठाकुर हजाम	बाजेको नाम : जगदीश ठाकुर हजाम
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. २१	ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. २१
हाल : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १५	हाल : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १५

३. नाम : गोविन्द राज ठाकुर
नाप्र.नं. ०५-०१-७०-१५५१०, जि.प्र.का. मोरङ्ग, जारी मिति : २०७०/०३/१७
बाबुको नाम : श्रीराम ठाकुर हजाम, बाजेको नाम : जगदीश ठाकुर हजाम
ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. २१, हाल : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १५

धितोको विवरण

श्रीराम ठाकुर हजामको नाममा मालपोत कार्यालय विराटनगरमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, विराटनगर वडा नं. २१ स्थित कित्ता नं. ७३ को क्षेत्रफल ०-१-१०-३ (बि.क.धु.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

क्र.सं. २ — शाखा कार्यालय : बुटवल, रुपन्देही

ऋणीको नाम, ठेगाना

१. नाम : युनाईटेड मनकामना रियल स्टेट एण्ड हाउजिङ कम्पनी प्रा.लि.
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, विपुरेश्वर काठमाडौं
दर्ता नं. १४८०८३/७२/०७३, दर्ता मिति : २०७३/०१/०८, पान नं. ६०४२४७१०२, दर्ता मिति : २०७३/०१/०९
ठेगाना : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ५
संचालक तथा संस्थापक लगानीकर्ता : सुदिप बिक्रम कार्की , कल्पना न्यौपाने र राजेन्द्र ढकाल

ऋणी तथा जमानतकर्ताको विवरण

१. नाम : सुदिप बिक्रम कार्की	२. नाम : रचना ज्ञवाली
ना.प्र.नं. ३०५६०, जि.प्र.का. रुपन्देही	ना.प्र.नं. ३७२०२४/४४३६६, जि.प्र.का. रुपन्देही
जारी मिति : २०६२/०२/१६	जारी मिति : २०६४/०५/१०
बाबुको नाम : बिजय कुमार कार्की	पतिको नाम : सुदिप बिक्रम कार्की
बाजेको नाम : श्याम बहादुर कार्की	ससुराको नाम : बिजय कुमार कार्की
ठेगाना : रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ५	ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११
हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३	हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३

जमानतकर्ताको विवरण

१. नाम : कल्पना न्यौपाने	२. नाम : राजेन्द्र ढकाल
ना.प्र.नं. ८/३७, जि.प्र.का. रुपन्देही	ना.प्र.नं. ३/२५१२, जि.प्र.का. रुपन्देही
जारी मिति : २०४४/१२/२६	जारी मिति : २०५१/१०/२९
पतिको नाम : चुडामणी न्यौपाने	बाबुको नाम : नन्दलाल ढकाल
ससुराको नाम : यदुलाल न्यौपाने	बाजेको नाम : कृष्णलाल ढकाल
ठेगाना : रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. ७	ठेगाना : रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ८
हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५	हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५

३. नाम : श्रृजना ढकाल	४. नाम : चुडा मणी न्यौपाने
ना.प्र.नं. ३७३०२६/१३३, जि.प्र.का. रुपन्देही	ना.प्र.नं. २५८८, जि.प्र.का. रुपन्देही
जारी मिति : २०६३/१०/२३	जारी मिति : २०४३/११/०८
पतिको नाम : राजेन्द्र ढकाल	बाबुको नाम : यदुलाल न्यौपाने
ससुराको नाम : नन्दलाल ढकाल	बाजेको नाम : शर्मानन्द न्यौपाने
ठेगाना : रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ८	ठेगाना : रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. ७
हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५	हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ५

धितोको विवरण

१. युनाईटेड मनकामना रियल स्टेट एण्ड हाउजिङ कम्पनी प्रा.लि. को नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, सौ. फर्साटिकर वडा नं. ३ क स्थित कित्ता नं. ४४२ र ४७५ को क्षेत्रफल क्रमशः ०-५-०-० र ०-४-१/७५ (बिघा) भएको घर जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. सुदिप बिक्रम कार्कीको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ८५२ को क्षेत्रफल ०-३-१४-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

अन्य रोक्का रहेको जग्गाको विवरण

रचना ज्ञवालीको नाममा मालपोत कार्यालय रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ७ ख स्थित कित्ता नं. २४१६ को क्षेत्रफल ०-०-६.७५ (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम, ठेगाना

२. नाम : अनिल खत्री
ना.प्र.नं. ३७ १००६/३२४४३, जि.प्र.का. रुपन्देही, जारी मिति : २०६८/१२/०९
बाबुको नाम : अर्जुन कुमार खत्री, बाजेको नाम : तिलकराम खत्री
ठेगाना : रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३, हाल : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १

जमानतकर्ताको विवरण

१. नाम : तुलसा कुमारी खत्री	२. नाम : सुदिप बिक्रम कार्की
ना.प्र.नं. ३९७७०, जि.प्र.का. पाल्पा	ना.प्र.नं. ३०५६०, जि.प्र.का. रुपन्देही
जारी मिति : २०४९/१२/०९	जारी मिति : २०६२/०२/१६
पतिको नाम : अर्जुन कुमार खत्री	बाबुको नाम : बिजय कुमार कार्की
ससुराको नाम : तिलकराम खत्री	बाजेको नाम : श्याम बहादुर कार्की
ठेगाना : पाल्पा जिल्ला, चिदिपानि गा.वि.स. वडा नं. ७	ठेगाना : रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ५
हाल : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १	हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३

धितोको विवरण

अनिल खत्रीको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ८ क स्थित कित्ता नं. ८५१ र ८५० को क्षेत्रफल क्रमश : ०-३-७-० र ०-०-१६.५-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

क्र.सं. ३ — शाखा कार्यालय : बुटवल, रुपन्देही

ऋणीको नाम, ठेगाना

१. नाम : प्रकाश कुमार पाण्डे
ना.प्र.नं. ३७ १००६/३२४४३, जि.प्र.का. रुपन्देही, जारी मिति : २०६८/१२/०९
बाबुको नाम : अर्जुन कुमार खत्री, बाजेको नाम : तिलकराम खत्री
ठेगाना : रुपन्देही जिल्ला, करहिया गा.वि.स. वडा नं. ३, हाल : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १

जमानतकर्ताको विवरण

१. नाम : तुलसा कुमारी खत्री	२. नाम : सुदिप बिक्रम कार्की
ना.प्र.नं. ३९७७०, जि.प्र.का. पाल्पा	ना.प्र.नं. ३०५६०, जि.प्र.का. रुपन्देही
जारी मिति : २०४९/१२/०९	जारी मिति : २०६२/०२/१६
पतिको नाम : अर्जुन कुमार खत्री	बाबुको नाम : बिजय कुमार कार्की
ससुराको नाम : तिलकराम खत्री	बाजेको नाम : श्याम बहादुर कार्की
ठेगाना : पाल्पा जिल्ला, चिदिपानि गा.वि.स. वडा नं. ७	ठेगाना : रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ५
हाल : रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. १	हाल : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ३

धितोको विवरण

प्रकाश कुमार पाण्डेको नाममा मालपोत कार्यालय तिलोत्तमा नगरपालिका वडा नं. ३ स्थित कित्ता नं. ३९७ को क्षेत्रफल ०-१-१०-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

क्र.सं. ४ — शाखा कार्यालय : विराटनगर, मोरङ्ग

ऋणीको नाम, ठेगाना

१. नाम : फ्युचर होम्स वि एण्ड वि होटल एण्ड लज
लम्बिनी प्रदेश सरकार, उद्योग तथा यातायात व्यवस्था मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाँके
दर्ता नं. ०८०७-११-२०७९/८०, दर्ता मिति : २०८०/०३/२४, पान नं. १३६९१४७३२, दर्ता मिति : २०८०/०३/२४
ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ४, **प्रोप्राइटर : कृष्ण प्रसाद अर्याल**

जमानतकर्ताको विवरण

१. नाम : कृष्ण प्रसाद अर्याल	२. नाम : मिना अर्याल
ना.प्र.नं. ३९२१, जि.प्र.का. स्याङजा	ना.प्र.नं. १५२२/०६१ जि.प्र.का. चितवन
जारी मिति : २०४२/०८/१०	जारी मिति : २०६१/१२/०४
बाबुको नाम : भिम प्रसाद अर्याल	पतिको नाम : कृष्ण प्रसाद अर्याल
बाजेको नाम : रेश्मी लाल अर्याल	ससुराको नाम : भिम प्रसाद अर्याल
ठेगाना : स्याङजा जिल्ला, श्वरेक गा.वि.स. वडा नं. ९	ठेगाना : चितवन जिल्ला, गर्दी गा.वि.स. वडा नं. ३
हाल : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ४	हाल : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ४

धितोको विवरण

कृष्ण प्रसाद अर्यालको नाममा भूमिसुधार तथा मालपोत कार्यालय बाँकेमा दर्ता कायम रहेको रुपैना गा.वि.स. वडा नं. ३ ख स्थित कित्ता नं. २८० को क्षेत्रफल ०-९-१६-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणीको नाम, ठेगाना

३. नाम : अमन कन्स्ट्रक्सन कम्पनी
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग
प्रा.फ.र.नं. ११/०४६/०४७, दर्ता मिति : २०४६/११/१०, पान नं. ६०२८३८९०८, दर्ता मिति : २०७२/०१/२७
ठेगाना : बर्दिया जिल्ला, गुलरिया वडा नं. ५, **प्रोप्राईटर : अमन यादव**

व्यक्तिगत जमानतकर्ता

१. नाम : रमेश यादव	२. नाम : अमन यादव
ना.प्र.नं. ९५९०, जि.प्र.का. बर्दिया	ना.प्र.नं. ६५१००१/३५४०, जि.प्र.का. बर्दिया
जारी मिति : २०५७/०५/२२	जारी मिति : २०६८/१०/६
बाबुको नाम : भगौती अहिर	बाबुको नाम : भगौती अहिर
बाजेको नाम : राम प्रसाद अहिर	बाजेको नाम : राम प्रसाद अहिर
ठेगाना : गुलरिया वडा नं. ५, बर्दिया	ठेगाना : गुलरिया वडा नं. ५, बर्दिया
हाल : गुलरिया वडा नं. ४, बर्दिया	हाल : गुलरिया वडा नं. ४, बर्दिया

धितोमा रहेको सम्पतिको विवरण

१. रमेश यादवको नाममा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला, गुलरिया वडा नं. ८ ख स्थित कित्ता नं. २६२५ र ४२९६ को क्षेत्रफल क्रमशः ०-०-१५ र ०-३-१३ भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

२. धनि ज्योति विकास बैंक लिमिटेड भई ऋणी अमन कन्स्ट्रक्सन कम्पनीको नाममा यातायात व्यवस्था कार्यालय भेरीमा दर्ता कायम रहेको भे १ क १२३१ को JCB, चेसिस नं. HAR3DXSUV02580233, ईन्जिन नं. H00160405 को JCB 3DX Super Backhoe Loader को सवारी साधन थान १।

क्र.सं. ५ — शाखा कार्यालय : घोराही, दाङ

ऋणीको नाम, ठेगाना

१. नाम : धना कुमारी तिवारी
ना.प्र.नं. १६९४/७६०, जि.प्र.का. दाङ, जारी मिति : २०६०/१०/१९
पतिको नाम : बाला राम तिवारी, ससुराको नाम : शोभा राम तिवारी
ठेगाना : दाङ जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ४, हाल : दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १५

जमानतकर्ताको विवरण

१. नाम : सुशिल तिवारी	२. नाम : बाला राम तिवारी
ना.प्र.नं. ५२-०१-७१-०१७७३, जि.प्र.का. दाङ	ना.प्र.नं. १५०६२/३६४, जि.प्र.का. दाङ
जारी मिति : २०७१/०३/२५	जारी मिति : २०५१/०२/०९
बाबुको नाम : बाला राम तिवारी	बाबुको नाम : शोभा राम तिवारी
बाजेको नाम : शोभा राम तिवारी	बाजेको नाम : धनि राम तिवारी
ठेगाना : दाङ जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ४	ठेगाना : दाङ जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ४
हाल : दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १५	हाल : दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १५

३. नाम : मदन तिवारी
ना.प्र.नं. ५२-०१-७३-०४५५३, जि.प्र.का. दाङ, जारी मिति : २०७३/०८/२६
बाबुको नाम : बाला राम तिवारी, बाजेको नाम : शोभा राम तिवारी
ठेगाना : दाङ जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ४, हाल : दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १५

धितोको विवरण

धना कुमारी तिवारीको नाममा मालपोत कार्यालय घोराही, दाङमा दर्ता श्रेष्ता कायम रहेको दाङ जिल्ला, घोराही उ.म.न.पा. वडा नं. १/ख स्थित कित्ता नं. १२१४ को क्षेत्रफल ०-०-३.२५ बिगाहको जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

क्र.सं. ६ — शाखा कार्यालय : पडसरी, रुपन्देही

ऋणीको नाम, ठेगाना

१. नाम : दुलारे पासी
ना.प्र.नं. १२/२९, जि.प्र.का. रुपन्देही, जारी मिति : २०४४/१२/०१
बाबुको नाम : सोमई पासी, बाजेको नाम : मेढई पासी
ठेगाना : रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २, हाल : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ११

जमानतकर्ताको विवरण

१. नाम : मनोज पासी	२. नाम : विन्द्रावती पासी
ना.प्र.नं. ३७१००५/२७२५८, जि.प्र.का. रुपन्देही	ना.प्र.नं. ४८४३, जि.प्र.का. रुपन्देही
जारी मिति : २०६६/११/०५	जारी मिति : २०६२/०६/०४
बाबुको नाम : दुलारे पासी	पतिको नाम : दुलारे पासी
बाजेको नाम : सोमई पासी	ससुराको नाम : सोमई पासी
ठेगाना : रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २	ठेगाना : रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. २
हाल : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ११	हाल : रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ११

धितोको विवरण

दुलारे पासीको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेका रुपन्देही जिल्ला, सिक्टहन गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १७४ को क्षेत्रफल ०-२-०-० भएको घरजग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल, फोन नं. ०१-५९७०३०६-१२
शाखा कार

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०
बिहीबार १२ भदौ ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

नेपाल कुस्ती संघमा पनि ओलम्पिक कमिटी विवादको बाछिटा

नेपाल कुस्ती संघको प्रतिनिधित्व गर्दै समिम मियाँ अन्सारी नेपाल ओलम्पिक कमिटीको तदर्थ समितिका सदस्य तथा प्रवक्ता बनेका छन्, तर निर्वाचित संघले भने उनलाई आधिकारिक व्यक्ति नभएको बताएको छ

रमेश सुवेदी / नयाँ पत्रिका

नेपाल ओलम्पिक कमिटी विवादको बाछिटा नेपाल कुस्ती संघमा पनि देखिएको छ। कुस्ती संघको प्रतिनिधित्व गर्दै समिम मियाँ अन्सारी खेलकुद मन्त्रालयले गठन गरेको नेपाल ओलम्पिक कमिटीको तदर्थ समितिका सदस्य तथा प्रवक्ता छन्। तर, निर्वाचित कुस्ती संघका महासचिव खगेन्द्रबहादुर बस्नेतले एनओसी विवादमा मुछिएका पूर्ववरिष्ठ उपाध्यक्ष अन्सारीसँग आफूहरूको कुनै सम्बन्ध नरहेको बताए।

बस्नेतले साधारणसभाबाट निर्वाचित प्रकाशकुमार कुसारी नेतृत्वको संघले नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको दाबी गरेका छन्। 'वर्तमान समयमा नेपाल कुस्ती संघबाट केही अनधिकृत तथा कुनै सरोकार नभएका व्यक्तिले संघको नाम लिँदै गतिविधि गरिरहेको पाएका छौं। यसमा हाम्रो गम्भीर ध्यानाकृष्ट भएको छ,' महासचिव बस्नेतले जारी गरेको विज्ञप्तिमा भनिएको छ। ४ चैत ०८० मा नेपाल कुस्ती संघको चुनावी साधारणसभा भएको थियो। राखेपका प्रतिनिधिकै उपस्थितिमा सम्पन्न चुनावी साधारणसभाबाट प्रकाशकुमार कुसारी अध्यक्ष बनेका थिए। कुसारी अध्यक्षयमा चयन हुनुअघि कुस्ती संघमा विवाद थियो।

सर्वोच्च अदालतले ३ चैत ०७७ मा अध्यक्ष राज मोहम्मद मियाँ अन्सारी र वरिष्ठ उपाध्यक्ष समिम मियाँ अन्सारी रहेको संघलाई खारेज गरेको थियो। सर्वोच्चले राज मोहम्मद अध्यक्ष रहेको संघ खारेज गरेपछि निर्वाचनको बाटो खुल्यो। तर, अन्सारी पक्ष सर्वोच्चको आदेश र राखेपले गराएको निर्वाचन मान्न तयार भएन। उनीहरूले आफूहरू नै अन्तर्राष्ट्रिय मान्यताप्राप्त संघ भएको दाबी गरिरहेका छन्।

तदर्थ समितिका प्रवक्तासमेत रहेका अन्सारीले सन् २०१० देखि नै राज मोहम्मद अध्यक्ष रहेको संघले अन्तर्राष्ट्रिय निकायमा प्रतिनिधित्व गर्दै आइरहेको जनाएका छन्। 'सन् २०१० देखि कुस्तीका विभिन्न अन्तर्राष्ट्रिय सेमिनार तथा खेलकुद प्रतियोगितामा हामी नै नेपालबाट प्रतिनिधित्वका रूपमा सहभागी भइरहेका छौं,' अन्सारीले नयाँ पत्रिकासँग भने, 'हाम्रो संघलाई विश्व तथा एसियाली कुस्ती महासंघबाट मान्यताप्राप्त छ।'

राखेप र एनओसीबाट कुसारी नै आधिकारिक

राखेप र जीवनराम श्रेष्ठ नेतृत्वको अन्तर्राष्ट्रिय मान्यताप्राप्त एनओसीले कुसारीलाई आधिकारिक व्यक्ति मानेका छन्। खेलकुदका दुईवटै प्रमुख निकायको वेबसाइटमा उनलाई मान्यता दिइएको पाइन्छ। संघका महासचिव बस्नेतले यसअघिको विवाद न्यायालयले टुंगो लगाइसकेको र सरकारी तथा अन्तर्राष्ट्रिय मान्यतासमेत कुसारीको नेतृत्वलाई सुम्पिसकेको उल्लेख गरेका छन्। 'राखेप र एनओसीले कुसारी नेतृत्व रहेको संघलाई आधिकारिक मानेका छन्। केही अनधिकृत व्यक्ति नेपाल कुस्ती संघका नाममा अगाडि बढिरहेका छन्। ती व्यक्तिसँग हाम्रो कुनै सम्बन्ध छैन,' बस्नेतले भनेका छन्, 'नेपाल कुस्ती संघको नाम लिएर अन्य कुनै व्यक्तिविशेषले गरेको काममा हाम्रो पूर्ण असहमति छ। हाल तदर्थ ओलम्पिक कमिटीको प्रवक्ताका रूपमा समिम मियाँ अन्सारीको नाम कुस्तीसँग जोडिएका कारण निजसँग कुनै सम्बन्ध नरहेको जानकारी गराउँदछौं।'

दुई वर्षअघि निर्वाचित कुस्ती संघका महासचिव बस्नेतले वर्तमान विवाद सुल्झाउन आफूहरू खेलकुदका तीनवटै प्रमुख निकायसँग छलफल गर्न तयार भएको बताएका छन्। खेलकुद मन्त्रालय, राखेप तथा नेपाल ओलम्पिक कमिटीसँग कुस्ती संघको विवादबारे छलफल गरी निष्कर्ष निकाल्नुपर्ने उनले बताए। 'कुस्ती संघले वर्तमान नेपाली खेलकुदको गतिविधि र उठेको समस्याको विषयमा नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेलकुद परिषद् र युवा तथा खेलकुद मन्त्रालय मिली छलफलमार्फत निष्कर्षमा पुग्नुपर्ने धारणा राखेको छ,' उनले भने, 'विवाद यथावतै रहेमा नेपाली खेलाडीको अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीसहित सहभागितामा समस्या आउन सक्छ।'

गत १३ पुसमा श्रेष्ठ विधान संशोधन गर्दै तेस्रो कार्यकाल एनओसीको अध्यक्ष भएपछि नेपालको खेल क्षेत्रमै नयाँ विवाद सिर्जना भइरहेको छ। सरकारले यस कमिटीलाई मान्यता दिएको छैन। तर, अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) र ओलम्पिक काउन्सिल अफ एसिया (एसिए)ले श्रेष्ठलाई नै मान्यता दिइसकेका छन्। नेपालको कानुन नमान्ने श्रेष्ठ नेतृत्वको एनओसीलाई मन्त्रालयले मान्यता दिएको छैन। खेलकुदमन्त्री तेजुलाल चौधरीले २६ साउनमा दुई कार्यकाल एनओसीकै अध्यक्ष र महासचिव रहिसकेका ध्रुवबहादुर प्रधानको संयोजकत्वमा तदर्थ समिति बनाएका थिए।

अन्सारीको नेपाल कुस्ती संघसँग कुनै सम्बन्ध छैन

● **खगेन्द्रबहादुर बस्नेत**, महासचिव, कुस्ती संघ



केही अनधिकृत व्यक्ति नेपाल कुस्ती संघका नाममा अगाडि बढिरहेका छन्। ती व्यक्तिसँग हाम्रो कुनै सम्बन्ध छैन। हाल तदर्थ नेपाल ओलम्पिक कमिटीको प्रवक्ताका रूपमा समिम मियाँ अन्सारीको नाम कुस्तीसँग जोडिएका कारण निजसँग कुनै सम्बन्ध नरहेको जानकारी गराउँदछौं।

सन् २०१० देखि हामी नै आधिकारिक हौं

● **समिम मियाँ अन्सारी**, प्रवक्ता, तदर्थ समिति



सन् २०१० देखि राज मोहम्मद अध्यक्ष रहेको संघले अन्तर्राष्ट्रिय निकायमा प्रतिनिधित्व गर्दै आइरहेको छ। यसै संघबाट अन्तर्राष्ट्रिय सेमिनार तथा खेलकुद प्रतियोगितामा नेपालबाट प्रतिनिधित्वका रूपमा सहभागी भइरहेको छ। हाम्रो संघलाई विश्व तथा एसियाली कुस्ती महासंघबाट मान्यताप्राप्त छ।

निर्वाचित संघमा १५ सदस्य

दुई वर्षअघिको चुनावी साधारणसभाले राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसमेत रहेका कुसारीको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध चयन भएको थियो। उपाध्यक्षमा मुकेश शाह, सूर्यान्सकुमार चौधरी र निर्मल सिग्देल रहेका छन्। महासचिवमा कुस्तीका पूर्वमुख्य प्रशिक्षक बस्नेत, उपमहासचिवमा साजन अधिकारी र सचिवमा सरोजकुमार कटुवाल चयन भएका थिए।

कोषाध्यक्षमा विपुल पौडेल चयन भए। यसैगरी, सदस्यमा सुदीप केसी, अनिल न्यौपाने, उपेन्द्र श्रेष्ठ, ऐटनकुमार मल्ल, लक्ष्मी उराव र विक्रमसागर पोखरेल छन्। साधारणसभामा केन्द्र, चार प्रदेश र २२ जिल्लाका ५२ प्रतिनिधिको उपस्थिति थियो। साधारणसभाको उद्घाटन राखेपका तत्कालीन उपाध्यक्ष शिव कोइराला र सदस्यसचिव टंकलाल घिसिङले संयुक्त रूपमा गरेका थिए।

■ साफ यू-१७ महिला च्याम्पियनसिप

बंगलादेशसँग लगातार हारपछि उपाधि होडबाट बाहिरियो नेपाल



नयाँ पत्रिका

नेपाल साफ यू-१७ महिला च्याम्पियनसिप उपाधि होडबाट बाहिरिएको छ। भुटानको थिम्पुमा नेपाल बुधबार दुईपटकको विजेता बंगलादेशसँग ४-१ ले पराजित भयो। हारपछि नेपालको उपाधि जित्ने सम्भावना समाप्त भएको छ। डबल राउन्ड रोबिन लिगअनुसार चलिरहेको यू-१७ साफ च्याम्पियनसिपमा बंगलादेशसँग नेपाल लगातार दुई खेलमा पराजित भएको हो। यसअघि पहिलो चरणमा बंगलादेशले ३-० को जित निकालेको थियो।

नेपालले उपाधि होडको आशा जीवितै राख्न दोस्रो चरणमा बंगलादेशलाई हराउनुपर्ने थियो। तर, नेपाली खेलाडीले महत्त्वपूर्ण खेलमा खराब प्रदर्शन गर्‍यो। चाङलिमिथाङ रंगशालामा नेपाललाई शीर्ष स्थानमा पुग्न जितको विकल्प थिएन। प्रतिस्पर्धामा बंगलादेशले सुरुवातदेखि नेपालमाथि दबाब बनायो।

खेलको ३८औं मिनेटमा एकल प्रयासमा मार्माले बंगलादेशलाई १-० को अग्रता दिलाइन्। बंगलादेशले पहिलो हाफको अन्त्यमा २-० को अग्रता बनायो। यसपटक मानोमी चक्माको क्रसमा डिबक्सभित्रबाट सौरवी अकान्डा प्रीतिले गोल गरिन्। नेपालले पहिलो हाफको इन्जुरी समयमा गोल फर्कायो। बंगलादेशकी डिफेन्डरले डिबक्सभित्र बल क्लियर गर्न नसक्दा कप्तान भूमिका बुढाथोकीले गोल गरिन्। मध्यान्तरअघि बंगलादेश २-१ ले अघि रह्यो।

बंगलादेशले दोस्रो हाफमा नेपाललाई कुनै मौका दिएन। बंगलादेशले नेपालको कमजोर डिफेन्स र मिडफिल्डको फाइदामा थप दुई गोल गर्‍यो। खेलको ७१औं मिनेटमा बंगलादेशले तेस्रो गोल गरेको थियो। मामोनी चक्माको क्रसमा सौरवीले व्यक्तिगत दोस्रो गोल गरेकी हुन्। खेलको ८६औं मिनेटमा पूर्णिमा मार्माको पासमा सौरवीले नै ह्याट्रिक गर्दा बंगलादेश ४-१ ले विजयी भयो।

चार खेलमा नेपालको ३ अंक

पहिलो राउन्डमा नेपाल पहिलो खेलमै भारतसँग ७-० को फराकिलो अन्तरले पराजित भएको थियो। नेपालले दोस्रो खेलमा उत्कृष्ट कमब्याक गर्दै घरेलु टोली भुटानलाई २-१ ले हरायो। तेस्रो खेलमा बंगलादेशसँग ३-० ले हार्‍यो। नेपालले चार खेलमा ३ अंक बनाएको छ। बंगलादेशले यसअघि भुटानलाई ३-१ ले हराएको थियो। भारतसँग बंगलादेश २-० ले पराजित भएको थियो। बंगलादेशले ४ खेलमा ९ अंक जोडेको छ। प्रतियोगितामा दक्षिण एसियाका चार राष्ट्र नेपाल, भुटान, बंगलादेश र भारतले सहभागिता जनाएका छन्। डबल राउन्ड रोबिन लिग प्रणालीमा चलिरहेको प्रतियोगितामा प्रत्येक टोलीले एक-अर्कासँग दुई खेल खेल्नेछन्। अंकतालिकाको शीर्षस्थानमा रहने टोलीले उपाधि जित्नेछ।

खेल संक्षेप

ज्ञानोदय र टिआइए विजयी



काठमाडौं/ आयोजक ज्ञानोदय र टिआइएले ३१औं ज्ञान कार्निभलअन्तर्गत बास्केटबलको पुरुषतर्फ जित निकालेका छन्। बुधबार भएको खेलमा ज्ञानोदयले स्वस्तिश्रीलाई ४८-१९ ले पराजित गर्‍यो। रोशन नगरकोटीको १४ स्कोरको सहयोगमा टिआइएले जेम्सलाई ३५-१८ ले हरायो। पुरुषमै ज्ञान निकेतनले रेडियन्ट पब्लिकलाई ५४-४७ ले पाखा लगायो। ज्ञान निकेतनका सवाज मन्सुरले २८ स्कोर गरे। महिलामा रेडियन्ट पब्लिकले बौद्ध इन्टरनेसनललाई १९-१२ ले पन्छायो। कार्निभलअन्तर्गत पुरुष फुटबलमा लिटिल एन्जल्सले ज्ञानोदयलाई ३-१ गोलले पराजित गर्‍यो।

टाइमलाइन क्वार्टरफाइनलमा

काठमाडौं/ आयोजक टाइमलाइन र एन्जल लर्डवेले दोस्रो टाइमलाइन अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा क्वार्टरफाइनल स्थान पक्का गरेका छन्। घरेलु कोर्टमा बुधबार भएको खेलमा टाइमलाइनले प्रारम्भलाई २३-२० ले पराजित गर्‍यो। एन्जल लर्डले यङ हार्टस्लाई ३९-२९ ले हरायो। सिनियर पुरुषमा सर्वनाम शिक्षालयले सिसिएसलाई ३३-२८ ले पराजित गर्‍यो। नेमोरिकले एम्बासडरमाथि ४१-३६ को जित निकाल्यो। काठमाडौं जेभियर्स पब्लिक स्कुलले विद्या आर्जन स्कुलाई ४२-१७ ले पाखा लगायो। चैतन्यले विट्स एकेडेमीलाई २५-१० ले निराश पार्‍यो। नेरिकले अक्षर एकेडेमीलाई ३०-१६ र बागमती बोर्डिङ स्कुलले मार्बलसलाई ३६-३२ ले पाखा लगाए।

एल्मुनाई फुटसल हुँदै

काठमाडौं/ दीपेन्द्र पुलिस स्कुल एल्मुनाई एसोसिएसनको आयोजनामा १४ भदौमा प्रथम पुलिस स्कुल एल्मुनाई फुटसल प्रतियोगिता हुने भएको छ। भक्तपुरको मध्यपुर थिमी नगरपालिकाको दिव्यश्वरी प्लानिङमा रहेको रोयल नेपाल फुटसल कोर्टमा आयोजना हुने प्रतियोगितामा प्रहरी स्कुलको पूर्वविद्यार्थीको १५ वटा टोलीले भाग लिने आयोजकले जनाएको छ। लिग कम नकआउटका आधारमा हुने प्रतियोगिताको विजेताले २० हजार तथा उपविजेताले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। सर्वाधिक गोलकर्तालाई नगद पुरस्कार प्रदान गरिनेछ। विश्वभर छरिएका पुलिस स्कुलका पूर्वविद्यार्थीलाई एकताबद्ध बनाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको एसोसिएसनका अध्यक्ष युधिष्ठिर केसीले बताए।

भ्याली पब्लिक सेमिफाइनलमा

काठमाडौं/ केभिकेएसएस र भ्याली पब्लिक १९औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलाअन्तर्गत सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको खेलमा केभिकेएसएसले तेजस्वीलाई २०-१५ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। भ्याली पब्लिकले बेलमोन्टमाथि ३२-२५ को जित निकाल्यो। सिनियरतर्फ आयोजक ग्रिनल्यान्डले न्युटनलाई ३५-२७ ले हरायो। सिनियर पुरुषमा न्युटनले लालीगुराँस नेसनल एकेडेमीलाई ५५-४५ ले हरायो। गण्डकीले पारामाउन्टमाथि ४१-३५ को जित हात पार्‍यो। जिनियस वर्ल्डले श्वेता सदनलाई ४३-३८ र किङडमले सेबलाई ४४-३९ ले हराए। भ्याली पब्लिकले वसुन्धरा नेसनल एकेडेमी (बिएनए) लाई ३९-३४ ले पाखा लगायो। जुनियर पुरुषमा न्युटनले बिएनएलाई ३०-२९ ले पराजित गर्‍यो। एन्जल्स हार्टले पारामाउन्टलाई २३-१९ ले पन्छायो। न्युटनका आशिष राईले ११ तथा एन्जल्स हार्टका रियाज केसीले ७ स्कोर गरे।

एन्फा यू-१६ युथ लिगमा श्री भगवतीको सानदार जित



काठमाडौं/ श्री भगवती क्लबले एन्फा यू-१६ युथ लिगमा बुधबार सातदोबाटो युथ क्लबमाथि ६-२ को सानदार जित दर्ता गरेको छ। जितसँगै १५ खेलमा १७ अंक जोडेको श्री भगवती नवौं स्थानमा उक्लिएको छ। १५ वटै खेलमा पराजित सातदोबाटो अंकविहीन छ। श्री भगवतीलाई जित दिलाउन निशान्त थनेटले दुई गोल गरेका थिए। आर्यन भण्डारी, सरुण महतो, सरिन थिङ र दीपेश शाहीले समान एक गोल गरे। सातदोबाटोका लागि सर्जकध्वज थापा र अश्विन पौडेलले गोल फर्काए। खेलको ८७औं मिनेटमा मुक्सन राईले दोहोरो पहेँलो कार्ड व्यहोर्दै मैदान छाडेपछि सातदोबाटो १० खेलाडीमा समेटिएको थियो। अर्को खेलमा फ्रेन्ड्सले पुलिसलाई २-१ ले पराजित गर्‍यो।

च्याम्पियन्स लिगमा तीन नयाँ क्लब

२०२५/२६ को युरोपियन च्याम्पियन्स लिगमा कजाखस्तानको कैरात, नर्वेको बोडो ग्लिमिट तथा साइप्रसको पाफोस छनोट

एजेन्सी

युरोपियन च्याम्पियन्स लिग फुटबल प्रतियोगिताको २०२५/२६ को सिजनमा तीन नयाँ क्लबले इन्ट्री पाएका छन्। च्याम्पियन्स लिगमा कजाखस्तानको कैरात, नर्वेको बोडो ग्लिमिट तथा साइप्रसको पाफोस क्लब छनोट भएका हुन्।

प्ले अफमा सेल्टिक, स्टुम ग्राज तथा क्रेभन पराजित भए। यी क्लब पराजित हुँदा नयाँ क्लबले डेब्यु गर्ने अवसर पाएका हुन्। पाफोस क्लब स्थापना भएको धेरै भएको छैन। मंगलबार राति भएको प्ले अफमा पाफोसले रेड स्टार वेलग्राडेलाई १-१ को बराबरीमा रोक्यो।

समग्रमा पाफोस ३-२ ले विजयी हुँदै च्याम्पियन्स लिगको प्रारम्भिक चरणमा छनोट भएको हो। यसैगरी, बोडो ग्लिमिटले स्टुम ग्राजलाई समग्रमा ६-२ ले हरायो। दोस्रो लेगमा स्टुम ग्राज २-१ ले विजयी भए पनि च्याम्पियन्स लिगमा छनोट भएन। कजाखस्तानको कैरात अल्माटीले युरोपकै अनुभवी क्लब सेल्टिकमाथि सनसनी जित निकाल्यो। पेनाल्टी सुटआउटमा सेल्टिक पराजित भयो। सेल्टिक र कैरातबिच दुवै लेग गोलरहित बराबरीमा सकिएको थियो। सेल्टिकका तीन खेलाडीले पेनाल्टी सुटआउट मिस गरे। सन् २०१५ मा कैरात क्लब स्थापना भएको हो। च्याम्पियन्स लिगमा छनोट हुने कैरात दोस्रो कजाखस्तानी क्लब हो।

स्थापनाको १५ वर्षमै ठुलो सफलता

साइप्रसको क्लबलाई अहिले चेल्सीका पूर्वखेलाडी डेभिड लुइसले हेरिरहेका छन्। प्रशिक्षक लुइसले साइप्रसको क्लबले च्याम्पियन्स लिगमा इतिहास रचेको बताएका छन्। 'छनोट चरणमा उत्कृष्ट प्रदर्शन गर्‍यौं। पहिलोपटक च्याम्पियन्स लिगमा स्थान बनाएका छौं,' लुइसले भने, 'यो सफलताले साइप्रसमा पक्कै पनि फुटबल गतिविधि अगाडि बढ्नेछ।'

यसैगरी, पाफोसले पनि अनुभवी प्रशिक्षकका कारण क्लब च्याम्पियन्स लिगमा पुगेको जनाएको छ। 'अहिले हाम्रो क्लबलाई युरोपकै एक अनुभवी खेलाडीबाट प्रशिक्षण प्राप्त भएको छ। क्लब स्थापनाको १५ वर्षभित्रै च्याम्पियन्स लिग खेल्न अवसर पाइएको छ,' पाफोसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'लगातार १५ वर्षदेखि आधुनिक फुटबल शैली पछ्याइरहेका छौं। यसकारण पाफोसले च्याम्पियन्स लिग खेल्न लागेको हो।' युरोपियन च्याम्पियन्स लिगको पहिलो चरणका खेल आगामी १६ र १८ सेप्टेम्बरमा हुनेछ।

'ड्र'को पोर्ट १ मा पूर्वविजेता

च्याम्पियन्स लिगको प्रारम्भिक 'ड्र' सार्वजनिक गरिएको छ। पोर्ट १ मा साबिक विजेता पेरिस सेन्ट जर्मेन (पिएसजी), रियल म्याड्रिड, म्यानचेस्टर सिटी, बायर्न म्युनिख, लिभरपुल, इन्टरमिलान, चेल्सी, बोरुसिया डर्टमन्ड र बार्सिलोना रहेका छन्।

यस पोर्टमा रहेका पिएसजीबाहेक अन्य सबै क्लब च्याम्पियन्स लिगका पूर्वविजेता हुन्। यसैगरी, पोर्ट २ मा आर्सनल, बार्यर लेभरकुसन, एट्लेटिको म्याड्रिड, बेनिफिका, एटलान्टा, भिल्लारियल, युभेन्टस, फ्रयांकफर्ट तथा क्लब ब्रुगे रहेका छन्। पोट ३ मा पिएसभी, अज्याक्स, नेपोली, स्पोर्टिङ लिस्बन, ओलम्पिकस, स्लाभिया, बोडोग्लिमिट तथा मार्सेली रहेका छन्। पोर्ट ४ मा कोपेनहेगन, मोनाको, गालातासारी, एट्लेटिको, पाफोस, कैरात तथा न्युकास्टल छन्।

थापालाई फुटबल गतिविधिमा नरोक्न उच्चको आदेश

नयाँ पत्रिका

उच्च अदालत पाटनले अखिल नेपाल फुटबल संघ (एन्फा)का पूर्वअध्यक्ष गणेश थापालाई फुटबल गतिविधिमा रोक नलगाउन आदेश दिएको छ। न्यायाधीशद्वय मुनीन्द्रराज अवस्थी र कृष्णराज कोइरालाको इजलासले बुधबार नेपालको प्रचलित कानुन, फिफा र एन्फाको विधान बमोजिमबाहेक थापालाई फुटबल गतिविधिमा रोक नलगाउन आदेश दिएको हो।

'प्रचलित कानुन, फिफाको नियम एवं एन्फाको विधानबमोजिमबाहेक निजलाई फुटबल गतिविधिमा सहभागी हुन नपाउने कुनै पनि काम-कारबाही नगर्नू-नगराउनू भनी एन्फासमेतको नाममा नेपालको संविधानको धारा १४४ बमोजिम उपयुक्त आदेशसम्म जारी गरिदिने ठहर्छ,' आदेशमा भनिएको छ।



विश्व फुटबल महासंघ (फिफा)ले लगाएको १० वर्ष प्रतिबन्धको अवधि समाप्त भइसक्दा आफूलाई फुटबल गतिविधिमा संलग्न हुनबाट रोक लगाएको भन्दै थापाले एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङलाई विपक्षी बनाएर उच्च अदालत पाटनमा मुद्दा दायर गरेका थिए। उच्च अदालतको आदेशमा भनिएको छ, 'फिफाले निज निवेदकलाई १० वर्षका लागि कारबाही गरेकोमा सो कारबाही अवधिसमेत समाप्त भइसकेको तथा एन्फाले सोही विषयमा पुनः कारबाही गरी दोहोरो खतरामा राखेको देखियो। एउटै विषयमा पटक-पटक कारबाही गर्न नसकिने प्राड्न्यायको सिद्धान्तसमेतबाट पुनः कारबाही गर्न मिल्ने देखिँदैन।'

पोखरा र कोरियाबिच पाँच वर्षको सम्झौता

कास्की/ पोखरा महानगरपालिका र कास्की जिल्ला खेलकुद विकास समिति तथा दक्षिण कोरियाको स्थानीय सरकार चिओङ याङ काउन्टी खेलकुद समितिबिच खेल गतिविधिमा सहयोग गर्ने सम्झौता भएको छ। पोखरा महानगरका प्रमुख धनराज आचार्यको रोहवरमा पाँचवर्षे सम्झौता भएको हो। समितिका अध्यक्ष मिलन गुरुङ र चिओङ याङका अध्यक्ष हान ग्वाङ सेओकले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। खेलाडी मुकुन्द विष्ट र अन्तर्राष्ट्रिय बक्सिङ खेलाडीसमेत रहेका गणेशबहादुर भट्टराईको पहलमा उक्त सम्झौता भएको हो।

चियोङले पोखरा महानगरपालिका खेलकुद समितिबिच मैत्रीपूर्ण सम्बन्धलाई जोड दिनेछ। यसैगरी, चियोङले खेलकुद गतिविधि आदानप्रदान, खेलाडीलाई प्रशिक्षण तथा प्रशिक्षकको समेत स्तरवृद्धिमा सहयोग गर्नेछ। सम्झौताअनुसार चियोङले फुटबल, बक्सिङ, तेक्वान्दो, भलिबल, ब्याडमिन्टन, टेबुलटेनिस, लनटेनिस, एथलेटिक्स, म्याराथनका स्थानीय खेलाडीको कौशल विकास गर्न तथा विशेषज्ञता प्राप्त गर्न पोखरा र चियोङ याङका खेलाडीको आदानप्रदान गर्नेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com